सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ असार २०८२, सोमबार (Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ८५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कानुनविनै संसद् पदाधिकारीका स्वकीय कर्मचारीको सुविधा बढाउने गृहकार्य

संसद्का पदाधिकारीका कर्मचारीलाई एक महिनाको तलबबराबर बजेट प्रोत्साहन भत्ता र भ्रमण खर्च बढाउने प्रस्ताव अर्थ मन्त्रालयमा



निर्णयमा भनिएको छ- प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रतिनिधिसभाका उपसभामुख तथा राष्ट्रिय सभाका उपाध्यक्षका स्वकीय सचिवालयमा कार्यरत कर्मचारी, सुरक्षाकर्मी तथा करार सेवामा रहेका कर्मचारीहरूलाई वार्षिक प्रोत्साहनस्वरूप एक महिनाको तलबबराबरको रकम उपलब्ध गराउने । ती पदाधिकारीहरूका स्वकीय सचिवालयमा कार्यरत कर्मचारीहरूले अतिरिक्त समयमा र सार्वजनिक बिदाका दिनहरूमा काम गरेबापत संसद् सचिवालयका स्थायी कर्मचारीसरह दैनिक खाजा खर्च पनि प्राप्त गर्नेछन् ।

अहिले कर्मचारीहरूले पाइरहेको भ्रमण भत्ता र प्रस्तावित भ्रमण भत्ता
(प्रतिदिन)

- अतिविशिष्ट रु. ५,५००/-
  हाल पाइरहेको : रु. ३,०००/-
  थप्न प्रस्ताव : रु. २,५००/-
- विशिष्ट रु. ४,५००/-
  हाल पाइरहेको : रु. २,५००/-
  थप्न प्रस्ताव : रु. २,०००/-
- प्रथम रु. ३,५००/-
  हाल पाइरहेको : रु. २,०००/-
  थप्न प्रस्ताव : रु. १,५००/-
- द्वितीय रु. २,५००/-
  हाल पाइरहेको : रु. १,५००/-
  थप्न प्रस्ताव : रु. १,०००/-
- तृतीय रु. २,०००/-
  हाल पाइरहेको : रु. १,२००/-
  थप्न प्रस्ताव : रु. ८००/-
- चौथो रु. १,७५०/-
  हाल पाइरहेको : रु. १,०००/-
  थप्न प्रस्ताव : रु. ७५०/-



● पूर्वकार्यवाहक महालेखापरीक्षक सुकदेव भट्टराई खत्री भन्छन्-

सभामुख, अध्यक्षलगायतका संसद्का पदाधिकारीहरू आफैं कानुन निर्माण गर्ने तहमा हुनुहुन्छ । उहाँहरू नै कानुनभन्दा बाहिर गएर सुविधा लिन अग्रसरता देखाउनुहुन्छ । यो आफैंमा अस्वाभाविक छ ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

संसद्का पदाधिकारीका स्वकीय कर्मचारीलाई कानुनविपरीत बजेट प्रोत्साहन भत्ता खुवाउने र भ्रमण भत्ता बढाउने तयारी भएको छ । संघीय संसद्का सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष तथा उपाध्यक्षका स्वकीय सचिवालयमा कार्यरत कर्मचारीलाई ती सुविधा दिने गरी प्रस्ताव अर्थ मन्त्रालयमा पठाइएको छ ।

संसद्को सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले संसद्का पदाधिकारीका स्वकीय सचिवालयका कर्मचारीहरूलाई बजेट प्रोत्साहन भत्ता खुवाउने र भ्रमण भत्ता बढाउने निर्णय गरी सहमतिका लागि अर्थ मन्त्रालय पठाएको हो । समितिले ती कर्मचारीलाई बजेट प्रोत्साहन भत्ताबापत एक महिनाको तलब उपलब्ध गराउने र भ्रमण खर्च बढाउने व्यवस्था गर्ने निर्णय गरेको छ ।

समितिले कानुन संशोधन नभएसम्मका लागि

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ आलमलाई सफाइ दिने न्यायाधीशलाई पीडित गौरीशंकरको प्रश्न-

बमले मेरो छाती, घाँटी र अनुहार जले, कान गुमे, स्टोभ पड्किएर घाइते भयो भनेर झुटो फैसला दिने ?

रौतहट बम बिस्फोटका घाइते गौरीशंकर राम चमारले अनुसन्धानका क्रममा प्रहरीलाई बयान दिँदै आफू आलमले बनाउँदै गरेको बम बिस्फोटमा परेर अंगभंग भएको बताएका थिए । त्यति मात्रै नभएर काठमाडौंको महाराजगन्जस्थित प्रहरीको विधिविज्ञान प्रयोगशालामा उनको शरीरमा लागेको चोटको फरेन्सिक परीक्षण पनि गरिएको थियो ।


जुन रिपोर्टमा भनिएको छ- **'जाँच गरिएको शरीरको मेडिकल परीक्षण तथा अस्पतालको रेकर्डको विश्लेषणका आधारमा शल्यक्रिया र छाला प्रत्यारोपण गरिएका चोटपटकको सम्भावित कारण विस्फोट हो ।'**


थारू महर्जन

तर, उच्चका न्यायाधीशद्वय खुसीप्रसाद थारु र अर्जुन महर्जनको इजलासले यी प्रमाण स्वीकार गरेन । बरु, आलमलाई सफाइ दिन बम बिस्फोट भएको प्रमाण नभेटिएको र **'गौरीशंकर स्टोभ पड्किएर घाइते भएको'** फैसला सुनायो

टेकराज थामी/नयाँ पत्रिका

बम विस्फोटमा घाइते भएकाहरूलाई इँट्टाभट्टामा जिउँदै जलाएर हत्या गरेको मुद्दामा पूर्वमन्त्री अफताब आलमसहितलाई सफाइ दिने उच्च अदालतका न्यायाधीशद्वयलाई सोही विस्फोटमा परी ज्यान जोगिएका, तर अंगभंग भएका भारत सीतामढीका गौरीशंकर राम चमारले चुनौती दिएका छन् । न्यायाधीशहरूले बम विस्फोट नभएको, बरु स्टोभ पड्किएर घाइते भएको भन्ने झुटो फैसला दिएको उनको भनाइ छ ।


अफताब आलम

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जका न्यायाधीश खुसीप्रसाद थारू र अर्जुन महर्जनको इजलासले २७ चैत ०६४ को साँझ ६:३० बजे फरहदवामा विस्फोटको कुनै घटना नभएको, घाइते गौरीशंकरलाई 'स्टोभ पड्की घाउको खत लागेको' भनेको थियो । तर, आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै गौरीशंकरले न्यायाधीशद्वयलाई चुनौती दिए, 'बमले मेरो छाती, घाँटी र अनुहार जले, दुवै कान गुमे । बम विस्फोट भएकै छैन, स्टोभ पड्किएर

» पृष्ठ २ मा क्रमशः

■ सीतामढीबाट आएका रौतहट बम विस्फोटका घाइते गौरीशंकरले पीडा सुनाए-

आलमका मान्छेले सीतामाढीमै आएर ज्यान मार्ने धम्की दिएका थिए, अब त मार्छ जस्तो लागेको छ



पत्रकार सम्मेलनमा गौरीशंकर । तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

म रौतहटको राजा इँटाभट्टामा काम गर्दै थिएँ । त्यो अफताबको भाइ महताबको इँटाभट्टा थियो । हप्ताको दिन थियो । पैसा लिन बोलाएर उसको घर गएका थियौं । हामी तीनजना थियौं । तीनैजना त्यहाँ उभिएका थियौं । त्यहाँ घर थियो, रुख थियो । मलाई भन्यो- भाइ यता आएर पैसा लिएर जाऊ । जब घरको ढोकाको अगाडि गयौं । एकदम 'ब्डम से' उड्यो । मलाई थाहै भएन के भयो भन्ने । आगो मेरो शरीरमा लाग्यो, म त्यहाँबाट भागें । घरको पछाडि पानी थियो । म त्यहाँ गिरें (झर्रें) । आगो निभ्यो । उठेर फेरि भागें । त्यसपछि चाहिँ म कतिवेला बेहोस भएछु । आँखा खुल्दा सीतामढीमा रहेछु । ठेलामा लडेको रहेछु । नजिक आमा थिइन् । उनलाई सोधें- म कहाँ छु ? आमाले भन्नुभयो- यो सीतामढी हो, तिमीलाई अस्पताल लैजाँदै छु । केही चिन्ता नगर, ठिक हुन्छ ।

इलेक्सनको अघि घटना भएको हो । कति बजे घटना भयो मैले घडी हेरिनँ । बम विस्फोट भयो । मैले अफताबलाई त देखिनँ । तर, त्यहाँ धेरै मान्छे थिए । मैले पनि पछि सुनें- त्यहाँ धेरै मान्छे जलेका थिए । गाउँको मान्छेले मलाई उठाएर कसरी भारतसम्म पुऱ्याए, मलाई थाहा भएन । दुईजना मेरो गाउँको मान्छे पनि जलेका छन्, एउटाको हातमा र अर्कोको अलिकति खुट्टामा लागेको छ । कति मान्छे घाइते भए, त्यो त मलाई थाहा भएन ।

अस्पतालमा तीन महिनाजति मेरो इलाज भयो । साढे तीन लाख भारतीय रुपैयाँ खर्च भयो । सरकारले घर बनाउन इँटा दिएको थियो । त्योसमेत बेचें । तर, अफताबले एकचोटि पनि सोधेन- मान्छे कस्तो छ, के छ ? एक रुपैयाँ पनि दिएन । आज म सरकारसँग निवेदन गर्छु- त्यस्तो मान्छेलाई छोड्नुभएन । कडाभन्दा कडा सजाय दिनुपऱ्यो ।

बम विस्फोट भएको छ, मलाई लागेको छ । मलाई त्यही बमले लागेको हो । सुरुसुरुमा एसपी कार्यालयमा मैले बयान दिएँ । आलमका मान्छे मेरो घरमा गएर आमालाई भनेका थिए- अब तिम्रो छोरा गयो । दुई-चार सालपछि ऊ बाँच्दैन । मलाई धम्की दिएको छ ।

अफताब छुटेकोमा मलाई दुःख लाग्यो । मलाई धम्की पनि आएको छ । ऊ जेलबाहिर आयो । अब उसले मलाई मार्छ जस्तो लागेको छ । मलाई धेरै डर भयो । मेरो शारीरिक अवस्था असाध्यै नाजुक छ । काम पनि भेटिँदैन । काम पाइए पनि गर्न सक्दिनँ । म मर्ने कि बाँच्ने ? जीवन तहसनहस भयो । मैले अगाडि केही पनि देखेको छैन ।

योजना बनेको ३१ वर्षपछि राष्ट्रिय सञ्जालमा जोडियो हुम्ला सदरमुकाम



(विस्तृत पृष्ठ ६)



के देशप्रेम प्रमाणित गर्नैपर्छ र ?

देश/विदेश ● नसिरुद्दिन शाह

म देशप्रेम वा कुनै पनि भावनालाई देखावटी रूपमा प्रदर्शन गर्न आवश्यक ठान्दिनँ

(पृष्ठ ४)

शिक्षामन्त्रीकै कारण फेरि रोकियो विद्यालय शिक्षा विधेयक

अनिश्चितकालीन समय मागेका शिक्षामन्त्रीलाई समिति सभापतिले दिए पाँच दिनको समय

विधेयक पारित गर्ने भन्दै बोलाएको बैठकमा समितिका अधिकांश सदस्य उपस्थित थिए । तर, शिक्षामन्त्री रघुजी पन्तको आग्रहपछि विधेयक फेरि पनि अघि बढ्न सकेन ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

१५ असारसम्म विद्यालय शिक्षा विधेयक ल्याउने प्रतिबद्धता जनाएको सरकारले नै संसदीय समितिमा विधेयक पास गर्न रोकेको छ । संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट आइतबार विधेयक पारित

» पृष्ठ २ मा क्रमशः



सरकारले संसदीय समितिलाई खेलौनाजस्तो बनायो



● अम्मरबहादुर थापा
सभापति, शिक्षा समिति

सरकारकै तर्फबाट विधेयक स्पष्ट हुन्छ भनेर मात्र बैठक बोलाइएको थियो, तर अगाडि बढ्न सकेन । ४ जेठदेखि निरन्तर समय माग्दै आएको छ । फेरि आज सरकारले बैठक स्थगित गर्न भन्यो । कहिले बैठक माग्ने, कहिले स्थगित गर भन्ने, यस्तो पनि हुन्छ ? सरकारले समितिलाई खेलौनाजस्तो बनायो । सरकारले असहयोग गरेमा विधेयक अघि बढ्दैन । तर, सरकारसँग यस्तो दम्भ हुनुहुँदैन ।

विद्या-बालेन भेटमा के भयो छलफल ?

एमालेको राजनीतिमा फर्किने घोषणापछि ओलीसँग दूरी बढेकी भण्डारी र पहिलेदेखि टकरावमा रहेका बालेनबिचको भेट अर्थपूर्ण

नयाँ पत्रिका

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी र काठमाडौं महानगरका मेयर बालेन शाहबिच पछिल्ला राजनीतिक घटनाक्रम र महानगरका गतिविधिबारे अन्तरंग छलफल भएको छ । भण्डारीको सचिवालयबाटै निमन्त्रणा आएपछि बिहीबार बालेन भेटघाटका लागि पुगेका थिए । पूर्वराष्ट्रपति भण्डारीले एमालेमा पुनरागमनको घोषणासँगै अध्यक्ष केपी ओलीलाई टक्कर दिएर भावी नेतृत्व लिन अग्रसर भइरहेको चर्चाबिच उनले बालेनसँग भेटवार्ता गरेकी हुन् ।

बालेनका स्वकीय सचिव भूपदेव साहका अनुसार दुई नेताबिच झन्डै एक घण्टा छलफल भएको थियो । 'उहाँ (पूर्वराष्ट्रपति भण्डारी)सँग समसामयिक विषयमा सौहार्दपूर्ण छलफल भयो, कतिपय राजनीतिक सवाल र घटनाक्रममा तथा कतिपय महानगरपालिकासँग सम्बन्धित विषयमा छलफल भयो,' उनले भने, 'पूर्वराष्ट्रपतिज्यूले मेयरसाबलाई राम्रो रेस्पोन्स गर्नुभयो । मेयरसाबले पनि उहाँले पूर्वराष्ट्रपतिको हैसियतमा पाइने सरकारी सेवासुविधा फिर्ता गरेकोबारे चर्चा गर्नुभयो । कुराकानीका क्रममा महानगरपालिकामा देखिएको पछिल्लो समस्याबारे पनि छलफल भयो ।'





'पूर्वराष्ट्रपतिज्यूले देशमा केही गरौं र राजनीतिक अस्थिरता हटाऊँ भन्ने उद्देश्यसहित पुनः सक्रिय राजनीतिमा आउन मन लागेको बताउनुभयो । उहाँले मेयरसाबलाई पनि राजनीतिक दलमार्फत राजनीतिमा अगाडि बढ्न अनुरोध गर्नुभएको थियो,' विद्या भण्डारीको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'मेयरसाबले राजनीतिक दलमार्फत नै अगाडि बढ्ने स्पष्ट केही भन्नुभएन । हेर्रौं, अवस्था कस्तो हुन्छ भनेर जवाफ दिनुभयो ।'

बालेनले पूर्वराष्ट्रपति भण्डारीसँग सक्रिय राजनीतिमा फर्किने घोषणा गरेको विषयमा पनि चासो राखेका थिए । त्यस्तै, पूर्वराष्ट्रपति भण्डारीले पनि बालेनसँग आगामी 'राजनीतिक यात्रा'को योजना र तयारीका विषयमा चासो राखेकी थिइन् । जानकार स्रोतका अनुसार 'युवा र नागरिकमाझ लोकप्रिय' पनि रहेकाले राजनीतिक दलमार्फत अगाडि बढ्न उनको सुझाव थियो । 'पूर्वराष्ट्रपतिज्यूले देशमा केही गरौं र राजनीतिक अस्थिरता हटाऊँ भन्ने उद्देश्यसहित पुनः सक्रिय राजनीतिमा आउन

» पृष्ठ २ मा क्रमशः



अनमेल विवाहले निम्त्यायो त्रासदी

श्रीमतीसहित चारको सामूहिक हत्यापछि प्रहरीमा आत्मसमर्पण

विराटनगरमा **गणेश लम्साल**

अनमेल विवाहले भोजपुरको रामप्रसाद राई गाउँपालिका-२, घोद्लेखानीमा बीभत्स परिणाम निम्त्याएको छ। २७ वर्षीय युवकले शनिबार राति श्रीमती, सासू-ससुरा र सालाको हत्या गरेर आफूले प्रहरीसामु आत्मसमर्पण गरेका छन्।

भोजपुर नगरपालिका-२, हेलौँछा घर भई वडा नम्बर ७ मा डेरा गरी बस्दै आएका २७ वर्षीय राजेन्द्र राईले ससुराली घरमा रहेका चारैजना १५ वर्षीया श्रीमती मनीषा गिरी, ससुरा ६८ वर्षीय बेलबहादुर गिरी, सासू ४५ वर्षीया मञ्जु गिरी र ९ वर्षीय साला सपन गिरीको शनिबार राति सामूहिक हत्या गरेको प्रहरीले जनाएको छ। बेलबहादुरका तीन छोरीमध्ये दुई छोरीको विवाह भैसकेको छ भने कान्छी छोरी मनीषा घरमा थिइन्। दुई छोरामध्ये जेठा जिल्लाबाहिर छन्।

हत्यापछि राजेन्द्रले राति सवा १ बजे प्रहरी कन्ट्रोल रुममा फोन गरेर 'ममाथि चक्कु प्रहार भएकाले मैले मान्छे मारेँ, मलाई पक्राउ गर्न आउनुस्' भनेको भोजपुर प्रहरीका प्रहरी निरीक्षक दीपक श्रेष्ठले बताए। घटनास्थलमा चारजनाको शव बीभत्स अवस्थामा फेला परेको थियो भने घाइते राजेन्द्र दुई किलोमिटर पर फेला परेका थिए।



चारैजनाको शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल भोजपुरमा राखिएको छ। पेटमा चोट लागेका राजेन्द्रको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ।

स्थानीयका अनुसार जेठी श्रीमतीको निधनपछि भोजपुरका राजेन्द्रले बेलबहादुरकी कान्छी छोरीसँग ९ महिनाअघि प्रेम विवाह गरेका थिए। तर, माइती पक्षले उमेर नपुगेको भन्दै गत पुसमा १५ वर्षीया छोरी मनीषालाई छुट्याएर ल्याएका थिए। श्रीमती घर लैजाने भन्दै राजेन्द्र पाँच दिनअघि ससुराली पुगेका थिए। केही दिन ससुरालीमा बसेका उनीसँग शनिबार साँझ छोरीलाई लैजाने र लैजान नदिने विषयमा सासू-ससुरासँग विवाद भएको थियो।

विवादमा समस्या समाधान हुन नसकेपछि राति १० बजेतिर राजेन्द्रले धारिलो छुरा प्रहार गरेर ससुरा, सासू, श्रीमती र बालक सालाको हत्या गरेको प्रहरी निरीक्षक श्रेष्ठले बताए। 'श्रीमती फिर्ता लिन जाँदा सासू-ससुराले मानेनन्। ओछ्यानमै आएर छुरा प्रहार गरेपछि ज्यान जोगाउन सबैको हत्या गरेको हुँ,' राजेन्द्रले प्रहरीमा बयान दिएका छन्।

रामप्रसाद राई गाउँपालिका-२ का वडासदस्य सुन्दरकुमार राईका अनुसार बेलबहादुरको परिवार खोटाङबाट बसाइँ सरेर आएको हो। मावलीको जग्गामा बाँसको घर बनाएर सपरिवार अधियाँमा खेतीपाती गर्दै आएका थिए।

संवैधानिक नियुक्तिमा सर्वोच्च फैसलामाथि कांग्रेसको 'असहमति'

नेताहरू भन्छन्- संविधानवाद र न्यायपालिका दुवै कमजोर बनाइयो



नयाँ पत्रिका

प्रमुख सत्तारूढ दल कांग्रेसका प्रभावशाली नेताहरूले संवैधानिक अंगका ५२ पदाधिकारी नियुक्ति सम्बन्धमा सर्वोच्च अदालतको हालैको फैसलाले संविधानवादको सिद्धान्तमाथि गम्भीर आघात पुर्‍याएको र न्यायालयको भूमिका कमजोर बनाएको विश्लेषण गरेका छन्। जारी केन्द्रीय समिति बैठकमा नेताहरूले फैसलाले संसदीय अभ्यास खुम्च्याउँदै संवैधानिक सर्वोच्चतालाई नै चुनौती दिएको भन्दै यसमाथि बैठकले ठोस निर्णय लिनुपर्ने धारणा राखेका छन्।

आइतबार बैठकमा बोल्दै सहमहामन्त्रीहरू र कोषाध्यक्ष तथा पूर्वपदाधिकारी तहका नेताहरूले १८ असारमा सर्वोच्चले गरेको फैसलामा पार्टी नेतृत्वसहित केन्द्रीय समितिको गम्भीर ध्यानाकर्षण गराएका छन्। बैठकमा पूर्वउपसभापतिहरू विमलेन्द्र निधि र गोपालमान श्रेष्ठ, पूर्वमहामन्त्रीहरू कृष्णप्रसाद सिटौला र शशांक कोइराला, सहमहामन्त्री जीवन परियार र कोषाध्यक्ष उमेश श्रेष्ठससहित २० नेताहरूले धारणा राखेका थिए। उनीहरूले फैसलामाथि असहमति राखेर उचित निर्णय लिन सुझाएका छन्। नेताहरूले सर्वोच्चको पछिल्लो फैसलासँगै निजामती सेवा विधेयकमा भएको बेइमानीलगायतमा केन्द्रित रहेर धारणा राखेका थिए।

पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले संवैधानिक पदाधिकारीको नियुक्ति प्रक्रियाविरुद्ध परेको रिटमा प्रधानन्यायाधीश नै अल्पमतमा पर्नु आश्चर्यको विषय भएको धारणा राखेका थिए। उनले संविधानवादको सिद्धान्तअनुसार संवैधानिक सर्वोच्चताको व्याख्या गर्न न्यायालय चुक्नु चिन्ताजनक विषय भएको बताएका थिए। 'प्रधानन्यायाधीशकै नेतृत्वमा न्यायालय चल्ने कुरा संविधानमा प्रस्टै छ। तर, फैसला आउँदा स्वयं प्रधानन्यायाधीश अल्पमतमा परेर बहुमतबाट फैसला आएका कारण गम्भीर समीक्षाको विषय बनेको छ,' बैठकमा सिटौलाको भनाइ थियो।

त्यस्तै, पूर्वउपसभापति विमलेन्द्र निधिले पछिल्लो फैसलाले संविधानमै सर्वोच्च अदालत र संवैधानिक अदालत बनाउनुपर्ने आवश्यकता देखिएको बताए। 'फैसलाले शक्ति पृथकीकरणको सिद्धान्तमाथि समेत प्रश्न उठाएको छ। हामीले संविधान बनाउँदै सर्वोच्च अदालत र संवैधानिक अदालत अलग-अलग हुनुपर्ने विषय उठाएका थियौँ। अहिलेको फैसलापछि त त्यो आवश्यकता झन् देखियो,' बैठकमा निधिको भनाइ थियो, 'अब संवैधानिक अदालत छुट्टै बनाउनेतिर पनि संविधान संशोधनको मुद्दामा राख्नुपर्छ।

सहमहामन्त्री जीवन परियारले पछिल्लो फैसलाप्रति पार्टी नेतृत्वको गम्भीर ध्यानाकर्षण हुनुपर्ने आवश्यकता रहेको औँल्याए। 'आमबुद्धिजीवी, सर्वोच्चका पूर्वन्यायाधीश, वरिष्ठ अधिवक्ताहरूले संवैधानिक पदाधिकारीसम्बन्धी मुद्दामा सर्वोच्च अदालतले राम्रो न्याय सम्पादन नगरेको टिप्पणी गरिरहेका छन्। यसप्रति सबैतिर चासो छ। सभापतिज्यूले पनि नियाल्नुभएको छ। त्यसैले यसप्रति पार्टीको ध्यानाकर्षण जरुरी छ,' परियारको भनाइ थियो।

प्रचार विभाग प्रमुख मीन विश्वकर्माले नेताहरूले राखेको धारणा सम्बोधन हुने गरे बैठकले उचित निर्णय लिने बताए। 'सहमहामन्त्री, कोषाध्यक्ष र पूर्वपदाधिकारीहरूले सर्वोच्च अदालतले गम्भीर संवैधानिक मुद्दामा सर्वसम्मत धारणा नदिई बहुमत-अल्पमतबाट संविधानवादको सिद्धान्तमाथि प्रहार हुने गरी फैसला गरेर न्यायपालिकाको कमजोरी उजागर गरेको विषय प्राथमिकताका साथ उठाएर गम्भीर ध्यानाकर्षण गराउनुभएको छ,' विश्वकर्माले नयाँ पत्रिकासँग भने, 'हामी अहिलेसम्म सर्वोच्च अदालतको फैसलाविरुद्ध गएका छैनौँ। तर, जसरी फैसला आयो त्यसले शक्ति पृथकीकरणको सिद्धान्त र संविधानवादमाथि नै प्रश्न उठाएर लोकतन्त्रमाथि नै नकारात्मक सन्देश गएकाले बैठक समापनसँगै त्यसप्रति हाम्रो गम्भीर ध्यानाकर्षणसहितको निर्णय सार्वजनिक हुनेछ।' उनले कांग्रेस लोकतान्त्रिक पार्टी भएकाले फैसला स्वीकार गरेर अगाडि बढ्ने बताए। पार्टीले उपयुक्त भाषामा फैसलाप्रति असहमति राख्ने सम्भावना रहेको उनको भनाइ छ।

बैठकमा पूर्वउपसभापति गोपाल श्रेष्ठले पार्टीलाई एकताबद्ध बनाएर लैजानका लागि स्वाभाविक नेतृत्वका रूपमा आफूलाई भावी सभापतिका रूपमा अगाडि सार्न सभापति शेरबहादुर देउवाको ध्यानाकर्षण गराएका थिए। पूर्वमहामन्त्री शशांक कोइरालाले संविधान संशोधन गर्ने उद्देश्यसहित कांग्रेस-एमालेको गठबन्धन बने पनि सरकारले काम गर्न नसकेकोप्रति आलोचना गरे। संविधान संशोधनको विषयवस्तुको समेत पहिचान गर्न नसकिएको भन्दै उनले प्रतिबद्धताअनुरूप काम अगाडि बढाउनुपर्नेमा जोड दिए।

बैठकमा केन्द्रीय सदस्य डा. मीनेन्द्र रिजालले पार्टी संगठन नेतृत्वकै कारण अराजक हुन लागेको टिप्पणी गरे। नेता एनपी साउदले ०८४ को आमनिर्वाचनका लागि पार्टी सैद्धान्तिक, वैचारिक रूपमा पनि स्पष्ट भएर जानुपर्ने अवस्था रहेको बताए। चन्द्र भण्डारीले गठबन्धनमा अब सरकारको नेतृत्व लिने तयारीमा रहेको पार्टीले सरकारमा गएर देश र जनताको समस्या समाधानका लागि के-के गर्ने सूचीको गृहकार्य गरेर अगाडि बढ्नुपर्नेमा जोड दिएका थिए।

जलेरै सकियो ६ सय वर्ष पुरानो ऐतिहासिक ज्यामरुङ दरबार

धादिङमा **अर्जुन श्रेष्ठ**

धादिङको नीलकण्ठ नगरपालिका- ११ स्थित ज्यामरुङ दरबारमा रहेको घोडा बाँध्ने तबेलामा आगलागी भएको छ। विद्युत् सर्ट भई लागेको आगोले दरबारको बाँकी रहेको घोडा बाँध्ने तबेला जलेर नष्ट भएको हो। ऐतिहासिक महत्त्व बोकेको ज्यामरुङ दरबार ०५९ असोजमा जनयुद्धका क्रममा माओवादीले आगजनी गरेका थिए। आगजनीमा दरबारभित्र रहेका गरगहना, ऐतिहासिक हातहतियार, पुराना मुद्रा, पूजाका सामग्रीलगायत सामान सबै जलेर नष्ट भएका थिए।

दरबारको भौतिक संरचनाको नाममा घोडा बाँध्ने तबेला मात्र बाँकी थियो। तर, त्यो पनि विद्युत् सर्ट भई लागेको आगोले नष्ट हुन पुग्यो। करिब ६ सय वर्ष पुरानो ऐतिहासिक महत्त्व बोकेको ज्यामरुङ दरबार अहिले भग्नावशेषमा मात्रै सीमित बनेको छ। शाहवंशीय राजाहरूका पूजापाठ र सैन्य तालिमका गतिविधिको केन्द्रविन्दुका रूपमा लिइने यो दरबार पूर्ण रूपमा नष्ट भएको छ।





घोडा बाँध्ने तबेलामा विद्युत् सर्ट भएर आगलागी भएको नीलकण्ठ नगरपालिका- ११ का वडाध्यक्ष रामबहादुर श्रेष्ठले बताए। 'आगलागी भएको देखेपछि स्थानीय र सुरक्षाकर्मीको सहयोगमा आगो निभाउने प्रयास गरिएको थियो। तर, तबेलाको सम्पूर्ण भाग जलेर नष्ट भएको छ। पुराना केही काठ भए पनि अन्य सामान भने तबेलाभित्र थिएन। तर, अब दरबारको भौतिक संरचना केही रहेन,' उनले भने।

ज्यामरुङ दरबार झन्डै ६ सय वर्ष पुरानो रहेको स्थानीयको दाबी छ। यो दरबार विक्रम संवत् १५०० तिर निर्माण गरिएको अनुमान गरिएको छ। त्यसवेला यो क्षेत्र चौबिसे राज्यमध्ये ज्यामरुङ राज्यअन्तर्गत पर्थ्यो। यो दरबार राजा कान्तिपुरले स्थापना गरेको राज्यको केन्द्र थियो भन्ने किंवदन्ती पाइन्छ। पछि राजा द्रव्य शाहले गोरखा राज्य स्थापना गर्नुअघि यही ज्यामरुङमा केही समय बिताएका थिए। त्यसैले, यो दरबार गोरखाको ऐतिहासिक उत्पत्तिसँग समेत सम्बन्धित रहेको बताइन्छ।

बमले मेरो...

पृष्ठ १ बाट क्रमशः

घाइते भयो भनेर सरासर झुटो फैसला दिने ?' उनले घटनालाई बम विस्फोट नभनी स्टोभ पड्किएको भन्दै प्रतिवादीलाई सफाइ दिएको फैसला खारेज गर्न पनि माग गरेका छन्।

न्यायाधीश थारू र महर्जनको संयुक्त इजलासले १४ जेठमा पूर्वमन्त्री आलमसहित पाँच प्रतिवादीलाई सफाइ दिने फैसला सुनाएको थियो। तर, ४३ वर्षीय गौरीशंकरले रौतहटको राजपुर फरहदवास्थित अफताब आलमका काका शेख इद्रिशको गोठमा २७ चैत ०६४ मा भएको बम विस्फोटमा आफू गम्भीर घाइते भएको बताएका छन्।

थारू र अर्जुन महर्जनको संयुक्त इजलासले फैसलामा भनेको छ, 'गौरीशंकर रामको बकपत्र हेर्दा स्टोभ पड्की घाउ खत लागेको भन्ने अस्पतालको प्रेस्क्रिप्सन, बेहोसी अवस्थामा फोन गरेको भन्ने कुरा अपत्यारिलो रहेको तथा जाहेरी व्यहोराभन्दा फरक बकपत्र रहेको तथा परस्परमा विरोधाभासयुक्त बकपत्रसमेतका आधारमा निजको बकपत्र सत्यतामा आधारित नरहेकाले विश्वसनीय प्रमाणको रूपमा ग्रहणयोग्य रहेको देखिएन।'

गौरीशंकरका अनुसार विस्फोटमा गाउँका बिकाउ राम र नरेश राम पनि घाइते भएका थिए। दुईमध्ये एकको हात र अर्कोको खुट्टामा चोट लागेको थियो। घाइते तीनैजनाको सीतामढीस्थित सदर अस्पतालमा उपचार भएको थियो। गम्भीर घाइते भएका राम साढे तीन महिना अस्पतालमा उपचारका लागि बसे। बिकाउ र नरेश भने केही दिनपछि नै घर गएका थिए।

यसबारे पत्रकार सम्मेलनमा उनले भने, 'विस्फोटमा घाइते भएको म मात्रै होइन। घाइते हुनेमा मेरा गाउँका बिकाउ राम र नरेश राम पनि रहेका छन्। उनीहरूसँग पनि घटनाको सम्बन्धमा सोध्दा हुन्छ। हामी तीनैजना राजा ईंटा उद्योगमा काम गर्थ्यौँ। हामीलाई महताब आलमले राजा ईंटाभट्टामा काम लगाएका थिए।'

गौरीशंकरले आफ्नो उपचारमा झन्डै साढे तीन लाख भारतीय रुपैयाँ खर्च भएको बताए। रौतहट जिल्ला अदालतले घटनामा संलग्नहरूलाई जन्मकैदको सजाय सुनाएपछि उनलाई क्षतिपूर्ति प्राप्त हुने आशा जागेको थियो। तर, उक्त फैसलामा क्षतिपूर्तिसम्बन्धी कुनै व्यवस्था उल्लेख गरिएको थिएन। क्षतिपूर्ति नपाए पनि दोषीलाई कठोर सजाय भएकोमा उनले आंशिक रूपमा न्याय पाएको महसुस गरेका थिए। तर, उच्च अदालत वीरगन्जले घटनास्थलमा बम विस्फोट नै नभएको ठहर गर्दै पूर्वमन्त्री आलमसहित पाँचै प्रतिवादीलाई सफाइ दिएपछि उनी मर्माहत भएका छन्। फैसलाले अन्याय भएको महसुस भएपछि उनले वास्तविकता सार्वजनिक गर्न काठमाडौं आई पत्रकार सम्मेलन गरेका हुन्।

गौरीशंकर गाउँमा चलेका ईँटा बनाउने मिस्त्री हुन्। उनको सिप थाहा पाएका अफताबका भाइ महताब आलमले उनीसहित सीतामढीका नरेश र बिकाउलाई पनि ०६४ को पुसमा ईँटा बनाउन राजपुर ल्याएका थिए। राजपुरमा उनको ठुलो राजा ईँटाभट्टा थियो। महताबले तीनैजनालाई सोही भट्टामा काम गर्न लगाएका थिए।

मजदुरलाई प्रत्येक साताको अन्तिम दिन ज्याला दिने चलन थियो। उनीहरूले काम गरेको २७ चैत ०६४ का दिन एक साता पूरा भएको थियो। त्यसो हुँदा उनीहरू ज्याला लिन महताबको घरतर्फ गएका थिए। साँझ ठिक ६:३० बजे उनी जब शेख इद्रिशको गोठनजिक पुगे। गोठमा अचानक बम विस्फोट भयो। विस्फोटबाट निस्केको बारुदका छर्रासहित आगोको लप्का उनको छातीमा लाग्यो। आगोले उनको छातीमा गम्भीर चोट लाग्यो। घाँटी जलायो। दुवै कान भुइँमा झरे।

बारुदको छर्रा उनीसँगै रहेका नरेश र मुसिसलाई पनि लाग्यो। तर, उनीहरूलाई गौरीशंकरको तुलनामा कम चोट लाग्यो। त्यसो हुँदा उनीहरू घटनास्थलबाट भाग्न सफल भए। उनी भने लर्खराउँदै घटनास्थलबाट केही पर भागे। नजिकै पानीको सानो पोखरी थियो। उनी सोही पोखरीमा हाम फाले। पानीले शरीरमा लागेको आगो त निभायो, तर जलनलाई मत्थर पार्न सकेन। पीडाका कारण उनी बेहोस भएर त्यहीँ ढले। आँखा खुल्दा उनी सीतामढीस्थित सदर अस्पतालको बेडमा थिए।

गौरीशंकरका अनुसार उनी पर्समा सधैँ सानो डायरी बोक्ने गर्थे। डायरीमा उनले परिवारका सदस्यको फोन नम्बर लेखेका थिए। बेहोस अवस्थामा रहेका उनलाई राजपुरका स्थानीयले उद्धार गरे। खाल्तीमा रहेको पर्स खोतले। डायरीमा उल्लेखित नम्बरमा फोन दबाए। त्यसलगत्तै उनलाई लिन परिवारका सदस्य राजपुर आएका थिए।

उपचारपछि उनी ठिक भए। यता घटनामा संलग्नविरुद्ध अदालतमा मुद्दा चल्दै थियो। घटनाको उनी चस्मदिद गहवा थिए। जसको जानकारी अफताबले पाएका थिए। उनको मुख बन्द गराउन उनलाई करिब चार वर्ष लगातार ज्यान मार्ने धम्की आयो। उनलाई सीमानाका कटेर नेपाल नआउन भनियो। नेपाल आए कुनै न कुनै मुद्दा फसाइदिने धम्की दिइयो।

उनले नयाँ पत्रिकासँग भने, 'मलाई चार वर्षसम्म लगातार ज्यान मार्ने धम्की आयो। नेपाल आए कुनै न कुनै मुद्दामा फसाइदिने भने। विभिन्न अपरिचित नम्बरका फोन आउँथे। म डराएँ। नेपाल पनि आइनँ।'

डराएका उनी घरमै चुपचाप बसे। जब घटनाको १२ वर्षपछि रौतहट जिल्ला प्रहरी कार्यालयका प्रमुख तत्कालीन एसपी भूपेन्द्र खत्रीले फाइल खोले। त्यसपछि उनलाई खोज्दै प्रहरी सीतामढी पुग्यो। प्रहरीले उनीसँग सोधपुछ गर्‍यो। उनले घटनाको वृत्तान्त बताए।

घाइते गौरीशंकरको शरीरमा लागेको चोटको फरेन्सिक परीक्षणका लागि उनलाई काठमाडौंको महाराजगन्जस्थित प्रहरीको विधिविज्ञान प्रयोगशालामा ल्याइएको थियो। त्यहाँ उनका घाउका खतहरूको परीक्षण गरिएको थियो। परीक्षणपछि तयार प्रतिवेदनमा भनिएको छ, 'जाँच गरिएको शरीरको मेडिकल परीक्षण तथा अस्पतालको रेकर्डको विश्लेषणका आधारमा शल्यक्रिया र छाला प्रत्यारोपण गरिएका चोटपटकको सम्भावित कारण विस्फोट हो।'

शिक्षामन्त्रीकै...

पृष्ठ १ बाट क्रमशः

गर्ने तयारी रहेको भए पनि शिक्षामन्त्री रघुजी पन्तले हस्तक्षेप गरेपछि रोकिएको छ।

बैठकमा शिक्षामन्त्री पन्तले अर्को बैठकको मिति नतोकी विधेयक पारित प्रक्रिया स्थगित गर्न माग गरेका थिए। तर, सदस्यहरूको आलोचनापछि समिति सभापति अम्मरबहादुर थापाले अनिश्चितकाल दिन नसकिने भन्दै पाँच दिनभित्र टुंग्याउन समयसीमा दिएका छन्।

सभापति थापाले विधेयक पारित गर्ने भन्दै बोलाएको बैठकमा समितिका अधिकांश सदस्य उपस्थित थिए। तर, शिक्षामन्त्री पन्तको आग्रहपछि विधेयक अघि बढ्न सकेन। विधेयक पारित गर्न नसकिने भएपछि थापाले माफी माग्दै बैठक चलाएका थिए।

विधेयक पारित प्रक्रिया स्थगन भएपछि सदस्यहरूले मन्त्री पन्तको भूमिका र सरकारको नियतमा प्रश्न उठाए। उनीहरूले कार्यसूची तय भएपछि मात्रै बैठक बोलाउन सभापति थापाको ध्यानाकर्षणसमेत गराए।

शिक्षामन्त्री पन्तले मिति नतोक्न सभापतिलाई दबाब नै दिएका थिए। 'मिति नतोक्नुस्, बैठक स्थगित गर्नुस्। विधेयकमा सहमति जुट्न सात दिन पनि लाग्न सक्छ। चाँडै टुंगिन पनि सक्छ, त्योभन्दा धेरै समय पनि लाग्न सक्छ,' शिक्षामन्त्री पन्तले भने, 'तर, समय नतोक्नुस्।'

त्यसपछि सभापति थापाले शिक्षामन्त्रीलाई समितिको समयसीमा पाँच दिनको दिँदै सहमति गरेर आउन अनुरोध गरेका थिए। तर, थापाले सरकारले संसदीय समितिलाई 'खेलौनाजस्तो' व्यवहार गरेको गुनासो गरे। 'सरकारकै तर्फबाट विधेयक स्पष्ट हुन्छ भनेर मात्र बैठक बोलाइएको थियो, तर अगाडि बढ्न सकेन। ४ जेठदेखि निरन्तर समय माग्दै आएको छ। फेरि आज सरकारले बैठक स्थगित गर्न भन्यो। कहिले बैठक माग्ने, कहिले स्थगित गर भन्ने, यस्तो पनि हुन्छ ? सरकारले समितिलाई खेलौनाजस्तो बनायो। सरकारले असहयोग गरेमा विधेयक अघि बढ्दैन। तर, सरकारसँग यस्तो दम्भ हुनुहुँदैन।'

माओवादी सांसद रेखा शर्माले समितिको बैठक सभापतिको 'कन्ट्रोल'मा छ-छैन भन्नेमा प्रश्न उठाइन्। 'सरकार र प्रमुख सचेतकको विधेयक रोकौँ भनेर कुरा आउँछ। जसरी बैठक बोलाइएको छ, यसले यो सभापतिको कन्ट्रोलमा छ-छैन भन्ने प्रश्न उठ्यो। समितिलाई परिबन्धमा पार्ने काम भइरहेको छ, यसो नहोस्।'

माओवादीकै सांसद ज्ञानु सुवेदीले समितिको चल्दाचल्दैको बैठक रोकेर समय मागिनु सरकारको धन्दा र षड्यन्त्र भएको आरोप लगाइन्। 'कहिले समय माग भइरहेको छ, कहिले स्थगित र समयको माग हुनुको कारण बुझ्न सकिएन,' उनले भनिन्, 'बैठक रोकेर अरू धन्दा र षड्यन्त्र भइरहेको अनुभूति मलाई भइरहेको छ।'

एमाले सांसद विद्या भट्टराईले सरोकारवाला लक्षित समूहप्रति जवाफदेही हुनुपर्ने र विधेयकमा सहमतिको खाँचो रहेको औँल्याइन्। 'जे आशा गरेका छौँ, त्यसमा तुसारापात नगरौँ। उपसमितिले बढुवामा हुने पारदर्शिताको विषय जे ल्याएको छ, त्यही पास हुनुपर्छ, विद्यालय शिक्षाको लक्षित समूह विद्यार्थी हुन्,' उनले भनिन्।

माओवादी सांसद देवेन्द्र पौडेलले सरकारले सांसदहरूलाई 'भेडाबाख्रा'जस्तो व्यवहार गरिरहेको आरोप लगाउँदै असन्तुष्टि पोखे। 'कति दिन लाग्छ, मन्त्रीज्यूले फाइनल गरेर आउनुस्। बिहानै बैठक, बेलुकी बैठक नगरौँ,' उनले भने, 'टुंगो लगाएपछि मात्रै बैठक बसौँ, सदस्यहरूलाई भेडाबाख्राजस्तो नबनाऔँ।'

एमालेका छविलाल विश्वकर्माले विधेयकबारे थप ध्यान पुर्‍याउनुपर्ने र समितिका सबै सदस्य जिम्मेवार हुनुपर्ने बताए। एमालेकै दीपा शर्माले भनिन्, 'उपसमितिको कुरा टुंग्याएर जाऔँ। छिटो ऐन संसद्मा ल्याउन माग भइरहेको छ, यसलाई रोक्ने मनसाय नराखौँ।'

एमालेकै सांसद सरिता भुसालले आइतबार नै विधेयक समितिमा पास हुनुपर्छ भनेर माग गरेकी थिइन्। 'समितिमा १२६ वटा बैठक बसेका छौँ। ५० भन्दा बढी बैठक यही विधेयकबारे छलफल गर्न बस्यौँ। तर, यति लामो छलफलपछि पनि शिक्षा विधेयक ल्याउन नसक्दा दुःख लागेको छ,' उनले भनिन्।

रास्वपा सांसद सुमना श्रेष्ठले विद्यार्थीको विषयले विधेयकमा प्राथमिकता नपाएको बताउँदै त्यसतर्फ शिक्षामन्त्रीको ध्यानाकर्षणसमेत गराइन्। एमाले सांसद ईश्वरी घर्तीले उपसमितिले टुंग्याएका विधेयकका कुरामा अघि बढ्नुपर्ने बताउँदै शिक्षकप्रति समिति विरोधी भाष्य बनिरहेको भन्दै त्यसतर्फ पनि ध्यानाकर्षण गराइन्। एमालेकै प्रभु हजाराले विद्यालय शिक्षा विधेयक छिटो टुंगो लगाउनुपर्ने बताए। 'विषय टुंगिएको छ भने बैठक बोलाउनुस्, समय खेर जाने गरी बैठक नबोलाउनुस्,' उनले भने।

विधेयकमाथि सहमति जुटाउन पाँच दिनको अल्टिमेटम

विद्यालय शिक्षा विधेयकमा थप सहमतिका लागि सरकारलाई संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले पाँच दिनको समय दिएको छ। पटक-पटक समय लिएर सरकारले अन्तिम मत तथा निर्णय गर्न र समहति जुटाउन नसकेको भन्दै समितिका सभापति थापाले अन्तिमपटकका लागि पाँच दिनको समय दिएका हुन्। 'यो संसदीय समिति हो भन्ने हेक्का राख्नुपर्‍यो। बैठक अनिश्चिकालका लागि स्थगन भन्ने हुँदैन, शिक्षामन्त्रीले भन्नुपर्‍यो- अबको बैठक कहिले राखौँ ? पाँच दिनभित्र सहमति जुटाउनुहोला, समितिको तर्फबाट पाँच दिनको समय दिन्छु।'

कानुनविनै...

पृष्ठ १ बाट क्रमशः

मन्त्रिपरिषद्बाट निर्णय गरी सुविधा उपलब्ध गराउन अर्थमा प्रस्ताव गरेको छ। अर्थले स्वीकृति दिए संसद्का पदाधिकारीका स्वकीय सचिवालयमा कार्यरत कर्मचारीले पनि संसद् सचिवालयका कर्मचारीसरहकै सेवा-सुविधा पाउनेछन्, जसले संसद् सचिवालयको खर्च बढाउनेछ।

१२ असारमा बसेको सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयअनुसार सो रकम प्रदानका लागि आवश्यक सहमति र प्रबन्ध गर्न अर्थ मन्त्रालयमा औपचारिक पत्र पठाएको हो। समितिले 'संघीय संसद् सचिवालयसम्बन्धी ऐन, २०६४ मा संसद् सचिवालयका कर्मचारीहरूलाई दिइएको सुविधासरह प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रतिनिधिसभाका उपसभामुख तथा राष्ट्रिय सभाका उपाध्यक्षका स्वकीय सचिवालयमा कार्यरत कर्मचारी, सुरक्षाकर्मी तथा करार सेवामा रहेका कर्मचारीहरूलाई वार्षिक प्रोत्साहन स्वरूप एक महिनाको तलबबराबरको रकम उपलब्ध गराउने' निर्णय लिएको छ।

प्रस्तावमा भनिएको छ, 'अतिरिक्त समय काम गरेबापत खाजा खर्च पनि उक्त पदाधिकारीहरूका स्वकीय सचिवालयमा कार्यरत कर्मचारीहरूले कार्यालय समयबाहेक अतिरिक्त समयमा र सार्वजनिक बिदाका दिनहरूमा समेत काम गरेबापत संघीय संसद् सचिवालयमा कार्यरत स्थायी कर्मचारीहरूसरह दैनिक रूपमा खाजाखर्च पनि प्राप्त गर्नेछन्।'

सबै सुविधालाई कानुनी रूपमा स्थायी रूप दिन ऐनमा आवश्यक संशोधन गर्नुपर्ने आवश्यकता सचिवालयले औँल्याएको छ। कानुन संशोधन नभएसम्मका लागि मन्त्रिपरिषद्बाट निर्णय गरी सुविधा उपलब्ध गराउनुपर्ने प्रस्तावसहित आवश्यक थप रकमका लागि अर्थ मन्त्रालयमा लेखी पठाइएको हो।

आर्थिक कार्यविधि तथा मापदण्ड मस्यौदा समिति, ०८० को अध्ययन प्रतिवेदन र भ्रमण खर्च नियमावली, २०६४ को अनुसूची २ मा उल्लेखित दरलाई बढाएर भ्रमण भत्ताको नयाँ दर प्रस्ताव गरिएको छ। सुविधा पाउने प्रस्तावित कर्मचारीहरूमा सभामुख, अध्यक्ष, उपसभामुख, उपाध्यक्षका स्वकीय सचिव र सचिवालयका कर्मचारीहरू, अंगरक्षक, निजी सुरक्षा अधिकृत, सभामुख र अध्यक्षको अगुवा-पछुवा सुरक्षाकर्मी, सचिवालयमा कार्यरत करार सेवाका कर्मचारीहरू छन्।

हाल सभामुख र उपसभामुखको स्वकीय सचिवालयमा ८-८ जना कर्मचारी छन्। ८ मध्ये राजपत्रांकित प्रथम श्रेणी, द्वितीय र तृतीय श्रेणीका ३ स्वकीय सचिव, राजपत्र अनंकित प्रथम श्रेणीका एक कम्प्युटर अधिकृत, २ हलुका सवारीचालक र २ कार्यालय सहयोगी छन्। त्यस्तै, उपसभामुख र उपाध्यक्षलाई ६-६ जना कर्मचारी छन्। ६ मध्ये राजपत्रांकित द्वितीय श्रेणीका एक स्वकीय सचिव, राजपत्र अनंकित प्रथम श्रेणीका एक कम्प्युटर अधिकृत, २ हलुका सवारीचालक र २ कार्यालय सहयोगी छन्।

त्यस्तै, सभामुखलाई प्रहरीतर्फ १२ र सेनातर्फ १५ सुरक्षाकर्मी छन्। उपसभामुखलाई प्रहरीतर्फ १२ र सेनातर्फ १५ सुरक्षाकर्मी छन्। उपसभामुख र उपाध्यक्षलाई प्रहरीतर्फका ४-४ सुरक्षाकर्मी छन्।

उल्लेखित प्रस्तावअनुसार अतिविशिष्ट पदमा रहेका कर्मचारीले हाल पाउँदै आएको तीन हजार रुपैयाँको सट्टामा अब पाँच हजार ५ सय रुपैयाँ दैनिक भ्रमण भत्ता पाउनुपर्ने उल्लेख छ। विशिष्ट तहका कर्मचारीलाई हालको २ हजार ५ सय रुपैयाँबाट वृद्धि गरी ४ हजार ५ सय रुपैयाँ प्रदान गरिने प्रस्तावमा उल्लेख छ। यस्तै, प्रथम श्रेणीका कर्मचारीलाई २ हजारबाट ३ हजार ५ सय, द्वितीय श्रेणीका कर्मचारीलाई १ हजार ५ सयबाट २ हजार ५ सय, तृतीय श्रेणीलाई १ हजार २ सयबाट २ हजार र चौथो श्रेणीका कर्मचारीलाई १ हजारबाट १ हजार ७ सय ५० रुपैयाँसम्म भत्ता उपलब्ध गराइने निर्णयमा उल्लेख छ।

महालेखा परीक्षकको कार्यालयले वार्षिक प्रतिवेदनमा विगतमा संसद्का पदाधिकारीको सचिवालयका कर्मचारीलाई सेवा- सुविधा दिँदा कानुनी व्यवस्था गर्नुपर्ने विषय औँल्याउँदै आएको छ। पूर्वकार्यवाहक महालेखा परीक्षक सुकदेव भट्टराई खत्रीले यसरी सुविधा बढाउने निर्णय अस्वाभाविक भएको प्रतिक्रिया दिए। 'सभामुख, अध्यक्षलगायतका संसद्का पदाधिकारीहरू आफैँ कानुन निर्माण गर्ने तहमा हुनुहुन्छ। उहाँहरूले नै कानुनभन्दा बाहिर गएर सुविधा लिन अग्रसरता देखाउनुहुन्छ। यो आफैँमा अस्वाभाविक छ,' उनले भने।

संसद् सचिवालयसम्बन्धी ऐन, ०६४ को दफा ४० को उपदफा (८) र दफा ९५ को उपदफा (४) बमोजिम संघीय संसद्बाट बजेट पारित भएपछि प्रत्येक वर्ष संसद् सचिवालयमा कार्यरत कर्मचारीहरूलाई बजेट प्रोत्साहन भत्ता दिँदै आइएको छ। यसअनुसार यो सुविधा पदाधिकारीको सचिवालयमा कार्यरतले पाउँदैनन्। समितिले यस्तै सुविधा पदाधिकारीका सचिवालयका कर्मचारीहरूलाई समेत उपलब्ध गराउने निर्णय गरेको हो।

यस्तै, संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७३ मा संसद्का पादाधिकारीहरूले पाउने सेवासुविधा उल्लेख छ। त्यस्तै, संघीय संसद् सचिवालयसम्बन्धी ऐन, २०६४ मा संसद् सचिवालयका कर्मचारीले पाउने सुविधा उल्लेख छ।

२१ जेठ ०८१ देखि १० असारसम्म संघीय संसद्का कर्मचारीहरूले कर्मचारीको सेवासुविधा वृद्धि गर्नुपर्ने, अतिरिक्त कामको अतिरिक्त भत्ताको व्यवस्था गर्नुपर्ने माग गर्दै धर्नामा बसेका थिए। तत्कालीन कानुनमन्त्री पदम गिरीको संयोजकत्वको सहजीकरण समितिले कर्मचारी युनियनसँग वार्ता गरी सेवासुविधा वृद्धिलगायत सातबुँदे सहमति गरेपछि धर्ना कार्यक्रम रोकिएको थियो।

विद्या–बालेन...

पृष्ठ १ बाट क्रमशः

मन लागेको बताउनुभयो। उहाँले मेयरसाबलाई पनि राजनीतिक दलमार्फत राजनीतिमा अगाडि बढ्न अनुरोध गर्नुभएको थियो,' भण्डारीको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'मेयरसाबले राजनीतिक दलमार्फत नै अगाडि बढ्ने स्पष्ट केही भन्नुभएन। हेरौँ, अवस्था कस्तो हुन्छ भनेर जवाफ दिनुभयो।'

पूर्वराष्ट्रपति भण्डारीले पछिल्लो समय महानगरभित्र देखिएका विवाद एवं नीति तथा कार्यक्रम र बजेट ल्याउन नसकेको विषयमा पनि बालेनसँग चासो राखेकी थिइन्। जवाफमा बालेनले संघ सरकारले महानगरपालिकालाई अस्वाभाविक रूपमा हस्तक्षेप गर्ने र घेराबन्दी गर्ने काम गरिरहेको बताएका थिए। भण्डारीले बालेनसँग जोडिएका र प्रतिशोध राखिएका विषयबारे आफू जानकार रहेको बताउँदै एक राजनीतिज्ञका हिसाबले त्यसमा सहजीकरणका लागि पहल गर्ने बताएकी थिइन्।

पछिल्लो समय संघ सरकार र मेयर बालेनबिच विवाद छ भने प्रमुख प्रशासकीय अधिकृतको विषयलाई लिएर मेयर असन्तुष्ट छन्। उनी प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं नफेरिएसम्म नीति तथा कार्यक्रम र बजेट नल्याउने अडानमा छन्। केही समयअघि प्रधानमन्त्री केपी ओली र बालेनबिच टकराव बढेको थियो। केन्द्र सरकारले असहयोग गरेको र प्रतिशोधपूर्ण व्यवहारले हेरेको भन्दै उनी असन्तुष्ट छन्। पुनः एमालेको सक्रिय राजनीति थालेकी भण्डारीसँग बालेनले गरेको भेटलाई भने अर्थपूर्ण रूपमा लिइएको छ। पूर्वराष्ट्रपति भण्डारीका पूर्वस्वकीय सचिव राजकुमार राईले भने आफूलाई बालेनसँगको भेटवार्ताबारे जानकारी नभएको बताए।

■ प्रधानमन्त्रीको पुल उद्घाटनले रोकियो त्रिविको सिनेट

बजेट र उपाधि प्राप्त ८९ हजार विद्यार्थीको सूची पास गर्ने कार्य अलपत्र





शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयका कुलपति तथा प्रधानमन्त्री केपी ओलीले अघिल्लो वर्षझैं यसपटक पनि त्रिवि सभाको वार्षिक बैठक रोकेका छन्। आइतबार त्रिविको आगामी वर्षको बजेट र शैक्षिक उपाधि प्राप्त गरेका विद्यार्थीको सूची पास गर्न सभा राखिएको थियो। तर, ओली नगएपछि त्रिविको बजेट र उपाधि प्राप्त ८९ हजार सात सय विद्यार्थीको सूची (ग्रेस लिस्ट) पास गर्ने बैठक नै स्थगित भयो। जबकि ओलीकै सहमतिअनुसार नै समय लिएर कार्यक्रम निर्धारण गरिएको थियो।

आइतबार १२:४५ बजेका लागि त्रिवि सभाको वार्षिक बैठक तोकिए पनि प्रधानमन्त्री ओली नआएपछि रोकिएको त्रिविका एक पदाधिकारीले बताए। 'उहाँले अन्तिममा आएर कार्यक्रम रोक्नुभयो, हामीले सिनेटका सबैजसो सदस्य बोलाइसकेका थियौं, तर शनिबार बिहान उहाँले सभा रोक्न भन्नुभयो,' ती पदाधिकारीले भने, 'अब सिनेट बैठक कहिले बस्ने हो टुंगो छैन।' त्रिवि सभा बैठक स्थगित गराएका ओलीले आइतबारको दिन सुर्खेत र हुम्लामा बिताएका थिए।

देशका ८० प्रतिशत विद्यार्थीले उच्च शिक्षा हासिल गर्ने विश्वविद्यालयमा प्रधानमन्त्रीले नै महत्त्वपूर्ण कार्यक्रम रोकेपछि त्रिविमा अन्योल छाएको छ। ओलीकै कारण तिथि (शुक्ल नवमी)मा बस्ने त्रिविको बैठक भद्रगोल बनेको छ। परम्पराअनुसार त्रिविमा तिथिअनुसार नै वार्षिक सभा बोलाइन्छ। तिथिअनुसार यसपटक शुक्रबार बैठक राख्ने तयारी गरियो। तर, ओलीको स्पेन भ्रमणका कारण आइतबारलाई सारिएको थियो। ओलीले आइतबारको बैठक पनि सार्न निर्देशन दिए।

प्रधानमन्त्री ओलीले निर्धारित बैठक रोकेपछि त्रिविका निमित्त उपकुलपति प्रा.डा. खड्ग केसी अन्योलमा छन्। अब कुलपति ओलीले कहिले बैठक बोलाउने हुन् भन्नेमा अनिश्चितता रहेको उनले बताए। 'नियमअनुसार सिनेट बैठक डाक्ने कुलपति प्रधानमन्त्रीज्यूले नै हो। त्यतैबाट निर्देशन र सूचना आएपछि र उहाँले समय तोकेपछि बैठक बस्छ,' उनले भने, 'हामीले डेढ महिनाअघि नै त्रिविको नीति कार्यक्रम बुझाइसकेका छौं। बैठकमा राख्ने तथा पारित गर्ने सबै विवरण बुझाएका छौं। डेढ महिनाअघि हामीले भेट्दा समयमै गर्नुपर्छ भन्नुभएको थियो, तर बिचमा के आइपऱ्यो थाहा भएन।'



● प्रा.डा. खड्ग केसी, निमित्त उपकुलपति, त्रिवि

नियमअनुसार सिनेट बैठक डाक्ने कुलपति प्रधानमन्त्रीज्यूले नै हो। त्यतैबाट निर्देशन र सूचना आएपछि र उहाँले समय तोकेपछि बैठक बस्छ। हामीले डेढ महिनाअघि नै त्रिविको नीति कार्यक्रम बुझाइसकेका छौं। बैठकमा राख्ने तथा पारित गर्ने सबै विवरण बुझाएका छौं। डेढ महिनाअघि हामीले भेट्दा समयमै गर्नुपर्छ भन्नुभएको थियो, तर बिचमा के आइपऱ्यो थाहा भएन।

केसीका अनुसार सबैभन्दा महत्त्वपूर्ण बजेट र दीक्षान्त समारोहको विषय सिनेटमा पास तथा प्रमाणीकरण हो। बर्खे सिनेटले अनुमोदन गर्ने र पास गरेपछि दीक्षान्त समारोह र त्रिविको अन्य आगामी कार्यक्रमको योजना अघि बढ्छ। दीक्षान्त समारोहसम्बन्धी २७ सय पेजको प्रतिवेदन ओलीलाई बुझाइसकिएको छ। तर, त्यसमा प्रमाणीकरण हुन बाँकी छ। त्रिवि स्रोतका अनुसार यस वर्ष त्रिविले २७ अर्बहाराहारी बजेट ल्याउने तयारी गरेको छ। गत वर्ष २६ अर्ब १६ करोड बजेट ल्याएको थियो। सिनेटका लागि उपत्यकाबाहिरका प्राध्यापकसमेत आइसकेका थिए। प्रधानमन्त्रीले आइतबार हुम्ला जोड्ने बेलिब्रिज पुल उद्घाटन गर्न जानुपरेकाले त्रिविको बैठक रोकेका थिए। ओलीका कारण गत वर्ष पनि वार्षिक कार्यक्रम प्रभावित बनेको थियो। तिथिमा गर्नुपर्ने बैठक १५ साउनमा मात्रै बसेको थियो।

■ दीक्षान्त समारोह दुई चरण तथा डिनअनुसार गर्ने तयारी

त्रिविको दीक्षान्त समारोहमा हुने भिड र अस्तव्यस्ततालाई मध्यनजर गर्दै आगामी आर्थिक वर्षदेखि दुई चरणमा गर्ने वा डिन कार्यालयअनुसार गर्ने भन्ने योजना अघि सारिएको छ। 'हामीले आगामी नीति तथा कार्यक्रम त्रिवि योजना परिषद्बाट पास गरिसकेका छौं, सो योजनाको कपी कुलपतिज्यूलाई पनि बुझाइसकेका छौं,' निमित्त उपकुलपति केसीले भने, 'दीक्षान्त समारोहबारे गत वर्ष नीति तथा कार्यक्रममा थिएन, यसपटक छ, त्यसैले अब भद्रगोल र अस्तव्यस्तता नहुने गरी दीक्षान्त समारोह गर्छौं।' उनका अनुसार त्रिविको आगामी नीति तथा कार्यक्रम त्रिवि योजना परिषद्सामु उपकुलपतिले पढेर सुनाएपछि पास हुनेछ। सोहीअनुसार नीति तथा कार्यक्रम पास गरी प्रमाणीकरणका लागि डेढ महिनाअघि नै कुलपतिकहाँ पठाइसकिएको छ।

■ तीन महिनादेखि निमित्तको भरमा त्रिवि, सुरु भएन उपकुलपति नियुक्तिको प्रक्रिया

त्रिभुवन विश्वविद्यालयमा उपकुलपति पद रिक्त भएको तीन महिना बितिसकेको छ। १५ चैतदेखि त्रिवि निमित्त उपकुलपतिको भरमा छ। तर, निमित्त उपकुलपतिलाई सबै अधिकार नदिइएकाले काम गर्न अलमल हुने गरेको केसीले बताए। प्रधानमन्त्री ओलीले उपकुलपति नियुक्तिको प्रक्रिया नै तय गरेका छैनन्। यसअघि सर्च कमिटीले सिफारिस गरेका आधारमा मेरिटअनुसार प्रा.डा. केशरजंग बराल नियुक्ति भएका थिए। तर, ओलीकै असहयोगका कारण उनले छोटो समयमै राजीनामा दिएका थिए। त्रिविको ऐनअनुसार रिक्त भएको ९० दिनभित्र उपकुलपति नियुक्ति गरिसक्नुपर्ने व्यवस्था छ। तर, १५ असारमै ९० दिन पुगिसकेको छ।

समर्थन फिर्ता लिँदै नागरिक उन्मुक्ति सरकारबाट बाहिरियो, पत्र पठाउँदै जसपा नेपाल

संविधान संशोधनको एजेन्डा अलपत्र

प्रेम गौतम/नयाँ पत्रिका

संविधान संशोधनलाई प्राथमिकतामा राखेर एक वर्षअघि काग्रेस र एमालेले सत्तागठबन्धन गरेका थिए। संविधान संशोधन, स्थायित्व र समृद्धिका लागि भन्दै दुई दलबिच सातबुँदे सहमति पनि भएको थियो। दुईतिहाइ पुऱ्याउन साना दललाई पनि समेटेका थिए। तर, एक वर्ष बित्दासमेत संविधान संशोधनका लागि प्रक्रियासमेत थालेका छैनन्। बरु साना दललाई बिच्क्याउने काम भएको छ। नागरिक उन्मुक्ति र जसपा नेपालले समर्थन फिर्ता लिएसँगै केपी ओली नेतृत्वको सरकारले दुईतिहाइ बहुमत गुमाएको छ।

'सुशासन दिन्छौं, भ्रष्टाचार नियन्त्रण गर्छौं, देशको अर्थतन्त्र सुधार्छौं र संविधान संशोधन गर्छौं भन्दै ठूला पार्टी मिलेर हामीसँग सहयोग मागेपछि विश्वासको मत दिएका थियौं। दुईतिहाइको स्थितिमा संविधान संशोधनको विषय अगाडि बढ्ला भन्ने थियो। तर, सरकारको ध्यान त्यसतर्फ गएन। सरकार पूरै असफल भयो। हामी समर्थन गरिरहने स्थितिमा रहेनौं,' जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले भने।

नागरिक उन्मुक्तिले समर्थन फिर्ता लिने निर्णय गरेर प्रतिपक्षमा बस्ने जानकारी सभामुख देवराज घिमिरेलाई आइतबार गराइसकेको छ। 'संसद् सचिवालयलाई पत्र बुझाउँदै प्रतिपक्षमा बस्ने जानकारी गराएका छौं,' नागरिक उन्मुक्तिका संसदीय दलका नेता गंगाराम थारूले भने। नागरिक उन्मुक्तिबाट ओली नेतृत्वको सरकारमा पर्यटन राज्यमन्त्री रहेका अरुण चौधरीले राजीनामा दिएका छन्। पर्यटनमन्त्री भने काग्रेसका बद्री पाण्डे छन्। नागरिक उन्मुक्तिका प्रतिनिधिसभामा चार सांसद छन्। पाँच सांसद भएको जसपा नेपालको केन्द्रीय कार्यकारिणी समिति बैठकले समर्थन फिर्ता लिन संसदीय दललाई निर्देशन दिइसकेको छ। एक-दुई दिनमै संसदीय दलले समर्थन फिर्ताको निर्णय लिने जसपा नेपालका प्रवक्ता मनीष सुमनले जानकारी दिए। 'पार्टीले समर्थन फिर्ता लिने निर्णय गरिसकेको छ। संसदीय दललाई निर्देशन पनि दिएको छ। दलको बैठक बसेर समर्थन फिर्ता लिन्छौं,' उनले भने।

संविधान संशोधनका लागि प्रतिनिधिसभामा १८४ सांसदको समर्थन चाहिन्छ। गत वर्ष ६ साउनमा विश्वासको मत लिँदा प्रधानमन्त्री ओलीको पक्षमा १८८, विपक्षमा ७४ र एक मत तटस्थ परेको थियो। काग्रेसका ८८ र एमाले ७७ सांसद छन्। जसमध्ये काग्रेसका मोहनबहादुर बस्नेत र एमालेका टोपबहादुर रायमाझी निलम्बनमा छन्। सभामुख घिमिरेले मत विभाजनमा सहभागी हुन पाउँदैनन्। सरकारलाई समर्थन गरेका जसपाका सात, जनमतका ६ र लोसपाका चार सांसद छन्।

विपक्षमा रहेका माओवादीका ३२, रास्वपाका २१, राप्रपाका १४, एकीकृत समाजवादीका १०, जनमोर्चा, नेमकिपा र आजपाको एक-एक सांसद छन्। दुई स्वतन्त्र छन्। रास्वपाका रवि लामिछाने र एकीकृत समाजवादीका माधवकुमार नेपाल निलम्बनमा छन्। राप्रपा सांसद दीपक बोहराको निधन भएको छ।

■ राष्ट्रिय सभामा अल्पमत

जसपा नेपालले समर्थन फिर्ता लिएपछि सत्तागठबन्धनको राष्ट्रिय सभामा सामान्य बहुमतसमेत गुम्ने र विपक्षको बहुमत पुग्ने भएको छ। राष्ट्रिय सभामा काग्रेसका १६, एमालेका १० र जसपा नेपालका तीन, लोसपा र मनोनीत एक-एक गरी ३१ जना सत्तागठबन्धनको पक्षमा छन्। जसपा नेपालले समर्थन फिर्ता लिएपछि राष्ट्रिय सभामा सत्तागठबन्धन अल्पमतमा पर्छ। राष्ट्रिय सभामा सामान्य बहुमतका लागि ३० सांसद चाहिन्छ। दुईतिहाइ मतका लागि कम्तीमा ३९ मत आवश्यक पर्छ। राष्ट्रपतिबाट मनोनीत वामदेव गौतम कता उभिन्छन् अझै प्रस्ट छैन।

■ सरकारसम्बन्धी बुँदा मात्रै कार्यान्वयन

एमाले अध्यक्ष केपी ओली र काग्रेस सभापति शेरबहादुर देउवाले गरेको सातबुँदे सहमतिमध्ये नयाँ सरकार गठन गर्ने सहमति मात्रै कार्यान्वयन भएको छ। अन्य बुँदा अलपत्र परेका छन्। दोस्रो बुँदामा संविधान संशोधन गर्ने उल्लेख छ। संविधान संशोधनका लागि दुईतिहाइ बहुमत चाहिन्छ। नागरिक उन्मुक्ति र जसपा नेपालले समर्थन फिर्ता लिएपछि सरकारले दुईतिहाइ बहुमत गुमाएको छ। सत्तारूढ साना दललाई चिढ्याएर प्रधानमन्त्री ओलीले संविधान संशोधनको एजेन्डा अघि बढाउने सम्भावना न्यून छ।



■ गंगाराम थारू, संसदीय दलका नेता, नागरिक उन्मुक्ति

संसद् सचिवालयलाई पत्र बुझाउँदै प्रतिपक्षमा बस्ने जानकारी गराएका छौं



■ मनीष सुमन, प्रवक्ता, जसपा नेपाल

पार्टीले समर्थन फिर्ता लिने निर्णय गरिसकेको छ। संसदीय दललाई निर्देशन पनि दिएको छ। दलको बैठक बसेर समर्थन फिर्ता लिन्छौं।

■ प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने

संविधानमा सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएपछि प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने व्यवस्था छ। तर, मुख्यतः काग्रेस र एमालेको सातबुँदे सहमतिका आधारमा सरकार बनेको र दुई दलको स्पष्ट बहुमत रहेकाले विश्वासको मत कायम छ भनेर परीक्षण गरिराख्नु नपर्ने एमाले प्रमुख सचेतक महेश बर्तौलाले बताए।

'संविधानमा सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएको अवस्थामा विश्वासको मत लिनुपर्छ भन्ने छ। यो सरकार विशेषगरी काग्रेस र एमालेको सातबुँदे सहमतिका आधारमा बनेको हो। सरकारको न्यूनतम साझा कार्यक्रम पनि दुई दलले तयार पारेका हुन्। विश्वासको मत भनेको सामान्यतः संसद्मा कति मत छ भन्ने परीक्षणका लागि हो। काग्रेसले दिएको समर्थन कायम रहेको अवस्थामा स्पष्ट बहुमत छँदै छ। त्यसकारण परीक्षण गरिरहनुपर्छ भन्ने देखिँदैन,' उनले भने।

पूर्वसभामुख अग्नि सापकोटाले सत्तारूढ दलले समर्थन फिर्ता लिएपछि प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने बताए। 'सत्तारूढ दलले समर्थन फिर्ता लिएपछि प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने नियम छ। अभ्यास पनि त्यस्तै छ,' उनले भने।

संविधानविद् डा.भीमार्जुन आचार्य सरकारमा सहभागी दलले समर्थन फिर्ता लिए प्रधानमन्त्रीले अनिवार्य विश्वासको मत लिनुपर्ने बताउँछन्। 'एमाले र काग्रेसले जिद्दि गर्ने कुरा एउटा भयो, तर संविधानको धारा १०० को उपधारा २ मा स्पष्ट लेखिएको छ, 'प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा तीस दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव राख्नुपर्नेछ' यसमा दायाँबायाँ गर्न मिल्दैन,' उनले भने।

ओलीले सरकारको ध्यान संविधान संशोधनमा छैन भन्ने सन्देश दिएका छन्। सरकारले संविधान संशोधनको विषयमा हालसम्म औपचारिक छलफलसमेत चलाएको छैन।

तेस्रो बुँदामा अर्थतन्त्रमा विद्यमान शिथिलतालाई अन्त्य गरी विश्वसनीय व्यावसायिक वातावरण तयार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने उल्लेख छ। यो बुँदा पनि कार्यान्वयनमा आउन सकेको छैन। यस्तै, चौथो बुँदामा सुरुको दुई वर्ष ओलीले सरकारको नेतृत्व गर्ने र त्यसपछि आमनिर्वाचनसम्म देउवाले सरकारको नेतृत्व गर्ने सहमति छ।

पाँचौं बुँदामा राष्ट्रिय हितको रक्षा गर्न भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न राष्ट्रको विकास निर्माणको अभियानलाई तीव्रता दिन राष्ट्रिय सहमतिको सरकार सञ्चालनका आधार र न्यूनतम साझा कार्यक्रम तर्जुमा गरी सोही आधारमा सरकार सञ्चालन गर्ने उल्लेख छ। छैटौं बुँदामा राष्ट्रिय सहमतिको सरकारका लागि दुई प्रमुख राजनीतिक दलको नेतृत्वदायी भूमिका र समानताका आधारमा समान हैसियतमा सरकारमा सहभागिता रहने र अन्य राजनीतिक दललाई समेत सरकारमा समावेश गर्ने र सातौं बुँदामा राष्ट्रिय सहमतिको सरकार सहमतिको सरकारको मर्म र भावनाअनुरूप प्रदेश सरकारको गठन र सञ्चालन गर्ने र जनभावनाअनुरूप प्रदेश तथा स्थानीय तहमा हुने विकास निर्माणको कामलाई तीव्रता दिने उल्लेख छ।

संक्षेप

उकालो लाग्दै डेंगु संक्रमणदर



काठमाडौं/ एडिस प्रजातिको लामखुट्टेको टोकाइबाट हुने डेंगु संक्रमणदर क्रमशः बढ्दो देखिएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार डेंगु संक्रमणदर असार लागेपछि बढ्दो क्रममा छ। महाशाखाको आइतबारसम्मको तथ्यांकअनुसार एक हजार ६७९ जनामा संक्रमण भएको थियो। यो गत जनवरीदेखि ६ जुलाईसम्मको तथ्यांक हो। ७३ जिल्लामा संक्रमण फैलिएको छ। हालसम्मको संक्रमणदर हेर्दा सबैभन्दा बढी बागमतीमा ४०७ जनामा संक्रमण भएको छ। कोशी प्रदेशमा ३३४, मधेशमा ३१, गण्डकीमा ३६१, लुम्बिनीमा २७८, कर्णालीमा ३६ र सुदूरपश्चिम प्रदेशमा २३२ जनामा संक्रमण देखिएको छ। महाशाखाले यसपटक भदौसम्म १० हजारभन्दा बढीमा संक्रमणदर देखिन सक्ने प्रक्षेपण गरेको छ।

हत्या गरी फरार रहेका दुईजना पक्राउ

कास्की/ हत्या गरी फरार रहेका दुईजनालाई प्रहरीले २४ वर्ष आठ महिनापछि पक्राउ गरेको छ। पक्राउ पर्नेमा म्याग्दीको धौलागिरि गाउँपालिका- ३ बस्ने वर्ष ५० का दुर्गानारायण बुढा र ४९ वर्षीय पर्सबहादुर बुढा रहेको गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रहरी वरिष्ठ उपरीक्षक कृष्णबहादुर पल्लीमगरले जानकारी दिए। २८ कात्तिक ०५७ मा हालको धौलागिरि गाउँपालिका- ३ बस्ने पाइजा मगरलाई घरको पिँडीमा बाँधी घरेलु हतियार बन्चरो प्रहार हत्या गरी फरार रहेका उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो। पर्सबहादुरलाई जिल्ला अदालत म्याग्दीको २५ फागुन ०५९ र दुर्गानारायणलाई २६ असोज ०६६ को फैसलाले २० वर्ष कैद सजाय तोकेकोमा उनीहरू फरार थिए। विशेष सूचनाका आधारमा गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराबाट खटिएको प्रहरी टोलीले दुईजनालाई शनिबार काठमाडौं तारकेश्वर नगरपालिका-१ मा लुकीछिपी बसेको अवस्थामा पक्राउ गरी फैसला कार्यान्वयनका लागि आइतबार जिल्ला प्रहरी कार्यालय, म्याग्दी पठाइएको प्रहरी वरिष्ठ उपरीक्षक मगरले बताए।

ताप्लेजुङमा ३४ पशुमा देखियो लम्पी स्किन संक्रमण

ताप्लेजुङ/ ताप्लेजुङमा यस वर्ष पनि चौपायामा लम्पी स्किनको संक्रमण देखिएको छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ताप्लेजुङका अनुसार विभिन्न स्थानीय तहमा संक्रमण देखिएको हो। प्रदेश प्रयोगशालामा पठाइएको नमुना परीक्षणअनुसार मेरिङदेनमा १०, आठराई त्रिवेणीमा आठ, सिरिजंगामा पाँच, सिदिङ्वा र फक्ताङलुङमा दुई-दुईवटा पशुमा संक्रमण पुष्टि भएको विज्ञ केन्द्रले जनाएको छ। फुङलिङ नगरपालिकाका सातवटा चौपायामा संक्रमण देखिएको छ। संक्रमण देखिन थालेपछि चार हजार ७५० चौपायालाई खोप लगाइएको छ। एउटा भाइलमा २५ डोज खोप हुने र एकदेखि डेढ घण्टाको समयमा लगाइसक्नुपर्ने भएकाले त्यही संख्यामा पशुचौपाया तयार पारेर खोप लगाउने गरिएको कार्यालयले जनाएको छ। खोप पर्याप्त मात्रामा नभएकाले गोठलाई सफासुग्घर राख्ने, किरा-भुसुनाले नटोकोस् भन्न धुप बालिदिने गरे संक्रमणवाट चौपाया जोगाउन सकिने सुझाव विज्ञहरूले बताएका छन्। गत वर्ष यो संक्रमणका कारण हिमाली क्षेत्रमा चौंरी र याक मरेका थिए।

सिसुवा खोलामा युवकको शव फेला

संखुवासभा/ सिलीचोङ गाउँपालिकाको वडा नम्बर १ र २ को सिमानामा पर्ने सिसुवा खोलामा शव फेला परेको छ। आइतबार दिउँसो करिब पौने ४ बजेतिर सिसुवा खोलाको निर्माणाधीन पुलमुनि अन्दाजी २३-२४ वर्षीय युवकको शव फेला परेको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक रामकुमार लामिछानेले बताए। खबर प्राप्त हुनेबित्तिकै सिसुवाटार प्रहरी चौकीबाट प्रनानि रुद्रप्रसाद खड्काको कमान्डमा चारजनाको टोली खटिएको थियो। शवको पहिचान हुन नसकेको र पुलमुनिबाट प्रहरी र स्थानीयको सहयोगमा शवबाहिर निकालिएको लामिछानेको भनाइ छ। घटनाको अनुसन्धानपछि मात्रै कारण खुल्ने प्रहरीले जनाएको छ।

■ लाओसबाट नेपालमा लागुऔषध तस्करी

बिस्कुटको प्याकेटमा ल्याइएको १३ करोडको सेतो हेरोइन बरामद

काठमाडौं/ लाओसबाट थाइल्यान्ड हुँदै नेपाल ल्याइएको सेतो हेरोइन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बरामद भएको छ। प्रहरीको लागुऔषध नियन्त्रण ब्युरो (एनसिबी)ले शनिबार राति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भारतीय नागरिक ६५ वर्षीय राकेश वाहबलाई साढे ६ केजी सेतो हेरोइन (ह्वाइट सुगर) सहित पक्राउ गरेको छ।

बरामद सेतो हेरोइनको अवैध बजार मूल्य करिब १३ करोड रुपैयाँ छ। एक ग्राम सेतो हेरोइन २० देखि ३० हजार रुपैयाँसम्म लागुऔषध दुर्व्यसनीले खरिद गर्ने प्रहरी अधिकारी बताउँछन्। नेपालमा तेस्रो देशबाट ल्याइएको हेरोइन लामो समयपछि बरामद भएको हो। भारतबाट भने सानो परिमाणमा नेपाली दुर्व्यसनीलाई लक्षित गरी हेरोइनको तस्करी हुँदै आएको छ।

पक्राउ परेका भारतीय नागरिक लामो समयदेखि थाइल्यान्ड बस्दै आएका थिए। एक व्यक्तिले आफूलाई सो सामान काठमाडौं हुँदै दिल्ली लैजान लगाएको र त्यसबापत पैसा दिएको उनले प्रारम्भिक सोधपुछमा बताएका छन्। उनी बैंककबाट लाओस गएर फेरि बैंकक हुँदै थाई एयरको उडानबाट काठमाडौं आएका थिए। अफिम उत्पादनमा लाओस विश्वकै तेस्रो स्थानमा छ। अफिमबाटै ब्राउन सुगर र ह्वाइट सुगर बन्ने गर्दछ।



भारतीय नागरिक राकेश वाहब

बरामद भएको सेतो हेरोइन बिस्कुट तथा चकलेटको प्याकेटभित्र सेतो हेरोइन लुकाइएको थियो। शंका लागेर लगेज चेक गर्दा लागुऔषध बरामद भएको ब्युरोका प्रमुख एसएसपी कृष्णप्रसाद कोइरालाले बताए। 'ती भारतीय लाओसबाट लागुऔषध लिएर आएको देखिन्छ,' उनले भने, 'उनी भरिया मात्र हुन् जस्तो देखिन्छ, विस्तृत अनुसन्धान बल्ल सुरु भएको छ।' पछिल्लो समय बैंककबाट नेपाल हुँदै भारतमा गाँजा तस्करी पनि बढेको छ। प्रहरीले थाइल्यान्डबाट ल्याइएको गाँजा पटक-पटक बरामद गरेको छ।

दुई छोराका नाममा गणेशबहादुरले विद्यालयलाई दान गरे पाँच रोपनी जग्गा

खोटाङमा केदार लाफा

जन्तेढुंगा गाउँपालिका- ५ चिसापानीका गणेशबहादुर कार्कीले दशवर्षे सशस्त्र द्वन्द्वमा ज्यान गुमाएका आफ्ना दुई छोराको नाममा बालोद्वय आधारभूत विद्यालयलाई निःशुल्क जग्गा उपलब्ध गराएका छन्। सहिद कैलाश कार्की र थिरबहादुर कार्कीको नाममा गणेशबहादुरले विद्यालयलाई पाँच रोपनी जग्गा दान गरेका हुन्। तत्कालीन शाही सेनाले १७ भदौ ०६० मा कैलाश र थिरबहादुरको गोली हानेर हत्या गरेको थियो।

गणेशबहादुरले आफ्नो नाममा रहेको जग्गाले मात्र विद्यालयका लागि आवश्यक ठाउँ नपुग्ने भएपछि छिमेकी सीता नेपालीको जग्गासमेत खरिद गरेर विद्यालयको नाममा दिएको विद्यालय प्रशासनले जनाएको छ। गणेशबहादुर विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्षसमेत हुन्। हत्या हुनुअघि कैलाश बालोद्वय आधारभूत विद्यालयका शिक्षक थिए। उनका भाइ श्यामसुन्दर कार्की अहिले पनि बालोद्वय आधारभूत विद्यालयमा शिक्षण पेसामा आबद्ध छन्।

कार्की परिवारले विद्यालयलाई आफ्नो गाँस काटेर जग्गा उपलब्ध गराएको विद्यालयका प्रधानाध्यापक मणिराम कोइरालाले बताए। 'सहिद कार्की दाजुभाइको सम्झनामा परिवारले उपलब्ध गराएको



जग्गामा चारकोठे पक्की भवन बनाइएको छ। यो जग्गा नभएको भए भवन बनाउने ठाउँ नै थिएन,' उनले भने, 'भवन निर्माणका लागि आवश्यक जग्गा पहिले नै उपलब्ध गराउनुभएको थियो। भवन बनिसकेपछि विद्यालयको नाममा पास गरिदिनुभएको छ।'

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम र गाउँपालिकाको लागत सहभागितामा पक्की भवन निर्माण भएको विद्यालयले जनाएको छ। भवन निर्माणसँगै हाललाई त्यस विद्यालयमा कक्षाकोठाको अभाव त देखिँदैन, तर व्यवस्थित र सुविधासम्पन्न भने भइसकेका छैनन्। विद्यालयमा पुग्दो विद्यार्थी संख्या भए पनि अन्य विद्यालयको तुलनमा शिक्षक संख्या कम रहेको विद्यालय व्यवस्थापन समितिले जनाएको छ। ढुंगामाटोले बनेको विद्यालय भवनको कक्षाकोठा अहिले पनि धुलोमुक्त छैनन्।

विद्यालयको शैक्षिक तथा भौतिक अवस्था सुधारका निम्ति गाउँपालिका गम्भीर रहेको उपप्रमुख खेमबहादुर खड्काले बताए। विद्यालयमा भएका छलफल र मागअनुसार विद्यालय परिसर खुला रहेको र कक्षाकोठा वर्सातको समयमा हिलाम्ये र हिउँदको समयमा धुलाम्ये रहेकाले यस वर्ष दुईवटै कार्यक्रम राखिएको उनले बताए। ०३० मा स्थापना भएको बालोद्वय आधारभूत विद्यालयको पक्की भवन त्यही एउटा मात्र रहेको छ। कक्षा आठसम्म पढाइ हुने विद्यालयमा अहिले १९७ जना विद्यार्थी अध्ययनरत छन्। आर्थिक वर्ष ०८२/८३ का लागि शिक्षा क्षेत्रमा विनियोजन गरिएको बजेटबाट बालोद्वय आधारभूत विद्यालयको मर्मत गरिने गाउँपालिकाले जनाएको छ। गाउँपालिकाभित्रका विद्यालयको पूर्वाधार विकासका लागि एकमुस्ट बजेटको व्यवस्थापन गरिएको गाउँपालिका प्रमुख अरुणादेवी राईले जानकारी दिइन्।

युवामा परिवर्तनको भोक जगाउने कसरी ?

राजनीतिक, आर्थिक, सामाजिक, नवप्रवर्तनका हरेक क्षेत्रमा युवालाई नेतृत्वदायी भूमिकामा रहेर काम गर्ने जिम्मेवारीसहितको वातावरण राज्यले बनाइदिनुपर्छ



● विदुरचन्द्र लामिछाने

अग्रलेख

भिजिट भिसा प्रकरणसँग जोडिएका पदाधिकारीले राजीनामा दिई उच्चस्तरीय छानबिन समिति बनाउनुपर्ने माग राखी प्रारम्भमा माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सहित केही दलले विरोध गरे । केही दिन संसद् अवरुद्ध भयो । त्यसबिच माओवादीले एक महिनाको समय तोकी समिति गठन गर्ने सर्तमा सत्ताधारी दलसँग सहमति गऱ्यो । तत्पश्चात् सभामुखले जबर्जस्ती संसद् सञ्चालन गरे ।

रास्वपाले त्यसपछि पनि निरन्तर संसद्मा विरोध जनाइरह्यो । माओवादीले सत्तासँग दुईबुँदे सहमति गरेपछि पहिलो दिन जब सभामुखले जबर्जस्ती सभा सञ्चालन गरे रास्वपाका सांसद 'वेल' घेराउ गरी विरोधमा उत्रिए । विरोधको अनेक अभ्यास गरे, शालीन रूपमा । संसद् भित्र विरोध गर्दा टेबलकुर्सी भाँच्ने ठुला दलका विगतका कुसंस्कारलाई भद्र रूपमा गतिलो जवाफ पनि दिए । सबै युवा सांसद थिए त्यहाँ । सत्ताधारी दलहरूलाई लाग्यो होला, रास्वपाले विरोध गरे पनि संसद् चलाई छोड्यौं । तर होइन, रास्वपाका सांसद संख्यामा केही कम देखिएलान्, तर तिनीहरूमार्फत संसद्मा देशका युवाहरूको आक्रोशको प्रतिनिधित्व भइरहेको थियो त्यहाँ ।

उनीहरूको मुहारमा हरेक युवाको पीडा बोलिरहेको थियो । म व्यक्तिगत रूपमा कुनै पनि दलको कार्यकर्ता होइन । आस्थाका आधारमा कुनै दललाई भोट हालिन्छ होला । यहाँ कुनै दलको पक्ष लिन या विरोध गर्न आवश्यक छैन । तर, लागेको कुरा लेख्ने प्रयास गरिएको मात्र हो । जब एकतर्फी रूपमा संसद्मा बलमिच्याइँपूर्वक सभा सञ्चालन गरियो र उनीहरूका मागलाई बेवास्ता गरेर संसद् चलाइयो भन्ने ठुला दल र तिनका नेता तथा सांसदहरूलाई लाग्दो हो । तर, यसैका कारण ठुला दलप्रति देशका हरेक युवा जो देश-विदेशमा छन्, तिनले गिज्याइरहेका छन् । देशभित्र बेथिति भयो, मानव तस्करी खुलेआम भयो, सुशासन भएन, त्यसका लागि एउटा उच्चस्तरीय छानबिन समिति गठन गर, यससँग जोडिएर नाम आएका पदाधिकारीले राजीनामा देऊ, छानबिनलाई सजिलो बनाऊ, सत्यतथ्य बाहिर ल्याऊ भन्ने उनीहरूको माग के नाजायज थियो र ?

युवालाई एक्ल्याएर होइन, उनीहरूलाई विश्वासमा लिएर काम गर्ने परिपाटीको हामीले देशकै सर्वोच्च संस्था संसद्बाटै सुरुवात गर्नुपर्थ्यो । उनीहरूका कुरा सुनिनुपर्थ्यो । उनीहरूका कुरा सुन्नु भनेको देशका अधिकांश युवाको कुरा सुन्नु हो । उनीहरूलाई जिम्मेवारी दिनु भनेको देशलाई सम्भावना दिनु हो । देशभित्र केही राम्रो हुँदै छ भन्ने सन्देश दिनु पनि हो । देशभित्र युवालाई अड्याउने एउटा आधार दिनु पनि हो, तर त्यसमा ठुला दलको अहम् देखियो । त्यसमा हाम्रा ठुला पार्टी नराम्रोसँग चुके ।

यतिखेर संसद्मा सानो संख्यामा रहेको, तर शतप्रतिशत युवाको बाहुल्य रहेको रास्वपा युवाहरूको भावना बोकेको पार्टी हो भन्दा अत्युक्ति नहोला । यसलाई ठुला भनिएका दलले हेक्का राख्न जरुरी छ । अहिले जबर्जस्ती संसद् त चलाइएला, तर त्यसलाई हरेक सचेत युवाले राम्रोसँग मूल्यांकन गरिरहेकै हुन्छ । यसप्रकारको बल मिच्याइँले देशभित्र र बाहिर राम्रो सन्देश गएको छैन । विगतमा ठुला दलले गरेका यस्तै अवरोधले संसद् महिनौं बन्दी भएको उदाहरण पनि हाम्रै सामुन्ने छन् ।

देशभित्रका यस्तै गतिविधिले युवामा एक किसिमको बेचैनी आएको छ । नेपालमा युवा जनसंख्या अहिले अलि बढी निर्णायक मोडमा उभिएको हो कि भन्ने भान हुन्छ । राष्ट्रिय जनगणना ०७८ अनुसार १६ देखि ४० वर्ष उमेर समूहका युवा देशको कुल जनसंख्याको झन्डै ४० प्रतिशत छन्, जुन 'जनसांख्यिक लाभ'को ऐतिहासिक अवसर पनि हो । यद्यपि, यी युवाको श्रम, सीप, नवप्रवर्तन र सिर्जनशीलतालाई राज्यको नीति, योजना र कार्यान्वयनले संस्थागत गर्न नसकेको स्पष्ट देखिन्छ । ठुला दलका ठुला नेताले यसलाई नजरअन्दाज गरेको महसुस हुन्छ । परिणामतः यो शक्ति अहिले अस्थिर, बेरोजगार, विदेश पलायन, राजनीतिक निराशा आदिमा फसिरहेको छ । बाहिरबाट उच्च शिक्षा लिएर देशमै केही गर्छु भनेर फर्केका युवा पनि उचित अवसर नपाउँदा पुन बाहिरै जाने मनस्थितिमा रहेका पाइन्छन् भने राजनीतिमा प्रवेश गरेर केही सुधारको प्रयास गर्छु भन्नेलाई पनि हतोत्साहित बनाउने काम भइरहेको छ ।

नेपालमा युवाशक्ति स्वदेशमै रहन नसक्नुका कारणलाई हेर्दा, सरकारको अस्थिरता पनि एउटा कारण देखिन्छ । नीति बनाउने, तर कार्यान्वयन नगर्ने प्रवृत्तिले युवामा राज्यप्रति विश्वास गुम्दै गएको छ । त्यस्तै अर्को, केही



विश्वविद्यालयमा अति राजनीतिकरण हुँदा शिक्षाको गुणस्तर र उद्देश्य दुवै कमजोर भएका छन् । त्रिभुवन विश्वविद्यालयलाई उत्कृष्ट प्राज्ञिक केन्द्रको रूपमा विकास गरिने बजेटमा भनियो, यता त्यसको ठिक उल्टो विश्वविद्यालयका कक्षाकोठामा महिनौंदेखि तालाबन्दी छन् । दलहरूले युवालाई सही मार्गमा डोऱ्याउनेभन्दा पनि आफ्नो राजनीतिक अभीष्ट पूरा गराउने काममा उपयोग गरिएको भान हुन्छ । उद्यमशीलता प्रवर्द्धन गर्न विश्वविद्यालयसँग सहकार्य गरिने कुरा चालू आवको बजेटमा भनियो । आर्थिक वर्ष सकिन लाग्यो अहिलेसम्म कति प्रगति भयो कतै सुनिँदैन । राजनीतिक दलहरूले शिक्षादेखि हरेक क्षेत्रमा भ्रातृसंस्थाहरू खडा गर्दाको परिणाम आज देशले भोगिरहेको छ ।

> उद्यमशीलतामैत्री शिक्षालाई प्रोत्साहन गर्न सातामा २० घण्टा न्यूनतम ज्यालासहित 'कमाउँदै पढ्दै कार्यक्रम' सञ्चालन गरिने भनेर सरकारले आगामी आवको बजेटमा बोलेको विषय अब कसरी कार्यान्वयन हुन्छ, आगामी दिनले देखाउनेछन्

अर्को शिक्षालाई सीपसँग जोड्ने संरचनागत प्रयास न्यून छ । चालू आर्थिक वर्षमा शिक्षालाई सीपसँग जोड्ने कुरा आयो र आगामी बजेटमा उद्यमशीलतामैत्री शिक्षालाई प्रोत्साहन गर्न सातामा २० घण्टा कामको न्यूनतम ज्यालासहित कमाउँदै पढ्दै कार्यक्रम सञ्चालन गरिने कुरा गरिएको छ । विकसित देशहरूमा यही व्यवस्था रहेकै कारण हाम्रा नानीबाबुहरू बाहिर अध्ययन गर्न जान लालायित छन् ।

सरकारले बजेटमा त बोल्यो अब त्यसको कार्यान्वयन हेर्नु छ । उद्योगधन्दा र उत्पादन क्षेत्रको दयनीय अवस्थाले गर्दा युवाले यहाँ भविष्य देख्न सकेका छैनन् । जिडिपीमा औद्योगिक क्षेत्रको गिर्दो योगदानले यसलाई स्पष्ट पार्छ । राज्यले प्राविधिक जनशक्ति उत्पादन गर्नेतर्फ गम्भीरता देखाएकै छैन । हरेक वर्ष युवालक्षित कार्यक्रम बजेटमार्फत आउँछन्, तर ती घोषणामै सीमित हुन्छन्, कार्यान्वयन फितलो छ । त्यसको मूल्यांकन गर्ने परिपाटी छैन ।

यसबाहेक, उद्यमशीलताको समग्र वातावरण निर्माणमा राज्य चुकिरहेको छ । खेलकुद क्षेत्रमा पनि युवा सहभागिता सुनिश्चित गर्न दीर्घकालीन रणनीति छैन । खेल पूर्वाधार कमजोर छन् र खेललाई व्यवसायसँग जोड्ने ढाँचामा केही प्रयास भए पनि त्यसको निरन्तरता हेर्न बाँकी छ । समग्रमा, देशभित्र केही गर्न सकिन्छ भन्ने विश्वास युवामा जगाउन सकिएको छैन । यो अवस्था सिर्जना हुनमा वर्षौंदेखि सत्ता र सत्ताको सेरोफेरोमा रहने दलको कार्यशैली, भनाइ र गराइ बिचको दूरी, तथा परिणामको मूल्यांकन नहुने परिपाटी प्रमुख कारक हुन् भन्दा फरक नपर्ला ।

छिमेकी र अन्तर्राष्ट्रिय देशका अभ्यास हेर्दा हामी कहाँ छौं भन्ने प्रस्ट हुन्छ । भारतले स्टार्टअप इन्डिया, स्किल इन्डियाजस्ता कार्यक्रममार्फत लाखौं युवालाई उद्यमशीलता र रोजगारमा सक्रिय बनाएको छ । चीन, इजरायल, दक्षिण कोरिया, फिनल्यान्डले शिक्षालाई नवप्रवर्तनसँग जोडेर युवालाई 'जब क्रिएटर' बनाएका छन् । विश्वविद्यालय, उद्योग र सरकारबिच सहकार्य स्थापित गरिएको छ, जसले स्टार्टअप, अनुसन्धान र डिजिटल नवप्रवर्तनमा युवाको भूमिका संस्थागत बनाएको छ । अमेरिका, बेलायत, जर्मनीजस्ता देशमा युवाका लागि मनोवैज्ञानिक सल्लाह केन्द्र, नीति-निर्माणमा सशक्त भागीदारी र 'कमाउँदै पढ्ने' व्यवस्था विधिवत् रूपमा लागू भएका छन् ।

नेपालमा यस्तो कुरा बल्ल नीति कार्यक्रममा बोलिन थालेको छ । अब यिनै अभ्याससँग मेल खाने कार्यक्रम रणनीति अवलम्बन गर्न जरुरी छ । युवालाई 'राजनीतिक अभीष्ट पूरा गराउने साधन होइन, 'साझेदार'का रूपमा स्वीकार गर्ने वातावरण बन्नुपर्छ । विद्यालय तहदेखि नै शिक्षा प्रणालीमा उद्यमशीलता र सीप समावेश गर्न जरुरी छ । आगामी आर्थिक वर्षको बजेटको बुँदा नम्बर १७० मा भनिएको 'कमाउँदै पढ्दै' कार्यक्रमको कार्यान्वयनमा तालुकदार निकायले काम थालिहाल्नुपर्छ । अर्को महत्त्वपूर्ण सहुलियतपूर्ण कर्जा कार्यक्रमको वितरण प्रणाली पारदर्शी हुनुपर्छ । पहुँचविहीन युवा पनि सहभागी हुन सक्ने विश्वासिलो वातावरण बनाउन आवश्यक छ । स्थानीय तहमा युवाअनुकूल वातावरण सिर्जना गर्ने काममा तिनै तहका सरकारले काम गर्न जरुरी छ ।

पछिल्लोपटक युवामा राजनीतिमा गएर देशलाई सुधार्न सकिन्छ कि भन्ने आशा पलाएको आभाष पनि हुन्छ । यसैको प्रतिविम्ब हो युवा बाहुल्य रहेका अहिलेका नयाँ राजनीतिक दलहरूको उदय । संसद्मा प्रतिनिधित्व गर्ने युवा सांसदमा अब हामीले नगरे कसले गर्ने भन्ने हुटहुटी छ । उनीहरूको भावनालाई कुल्चेर होइन सम्मान गरेर सहकार्य गर्ने संस्कार अब ठुला दलका ठुला नेताले बसाल्नुपर्छ । ठुला दलका युवा नेताले पनि आफ्ना बाहुजुरबा पुस्ताका नेतालाई दबाब दिन ढिला गर्नुहुन्न ।

अब तिनै तहका सरकारले हरेक युवामा परिवर्तनको भोक जगाउने गरी काम गर्नुपर्ने वेला आएको छ र यस मामिलामा संघीय सरकार अझ बढी जिम्मेवार छ । हाम्रो सामर्थ्य भनेकै युवा जनसंख्या हो । युवाहरूको अधिकतम परिचालनमार्फत देश विकास गर्ने अवसर हामीसँग केही वर्ष मात्र बाँकी छ । अब उनीहरूलाई राजनीतिक, आर्थिक, सामाजिक, नवप्रवर्तनका हरेक क्षेत्रमा नेतृत्वदायी भूमिका रहेर काम गर्ने जिम्मेवारीसहितको वातावरण राज्यले बनाइदिनुपर्छ । युवालाई जिम्मेवारी दिनु भनेको देशलाई नयाँ सम्भावनातर्फ डोऱ्याउनु पनि हो । यो अवसर गुमाउनु भनेको भावी पुस्तासँग अन्याय गर्नु हो । ठूला दलका नेतालाई इतिहास बनाउने अवसर आएको छ, त्यसलाई खेर नफालौं ।

gargapunya9@gmail.com

३ प्रश्न

पूर्वअर्थमन्त्री **सुरेन्द्र पाण्डे**लाई



असारमै आएर मात्र विकास निर्माणले तीव्रता पाउनुको कारण के होला ?

यसबारे मैले पनि बुझ्न सकेको छैनँ । २५ असारदेखि त सबैको खाता बन्द नै हुन्छ । तैपनि, रातारात काम भइरहेको सुनिन्छ, देखिन्छ । यसबारे मिडियाले पनि आफ्ना स्थानीय संवाददाताहरूमार्फत सूचना संकलन गरी कसले, कहाँकहाँ, कहिले, केकस्ता निर्माणका काम गरिरहेका छन्, त्यसको समाचार सार्वजनिक गरेर कमजोरी देखाउनेहरूको भन्डाफोर गर्न सक्नुपर्छ । ठेक्कामै समय तोकिएको हुन्छ । समयमै ठेक्का पनि लाग्छ । तैपनि ठेकेदार कम्पनी र कर्मचारीको मिलेमतोमा यस्तो भएको छ भने त्यसको 'एक्सपोज' गर्नु जरुरी छ । यस्तै प्रयासले त हो, विगतमा पप्पु कन्स्ट्रक्सन कालोसूचीमा परेको ।

यसबाट विकास निर्माण र देशको अर्थतन्त्रमा कस्तो प्रभाव पर्छ ?

सबैभन्दा पहिले त यसबाट कमसल काम हुन्छ । विकास निर्माण टिकाउ हुन सक्दैन, स्रोतको दुरुपयोग हुन्छ । जनताले बडो दुःखले तिरेको स्रोतको दुरुपयोग भएपछि अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्छ । त्यसबाट महँगी बढ्न सक्छ । राज्यका सेवा, सुविधामा कटौती हुन सक्छ । सीमित व्यक्ति र संस्थाले ठगेर खाने र बाँकी सबै पीडित हुने अवस्था आउन सक्छ ।

यसमा सुधार ल्याउन के गर्नुपर्ला त ?

समयमै पैसा निकासी भएन भने राज्यलाई प्रश्न गर्न मिल्छ । अन्यथा, पैसा निकासी हुँदाहुँदै पनि ढिलाइ भएको भए त्यसमा सम्बन्धित पक्षको नियत खोटो हुन सक्छ । कतिपयमा अप्ठ्यारो समय आएपछि मात्र पैसा माग्न जाने र त्यतिखेर नियमन पनि खासै नहुने भएकाले मौका छोप्ने प्रवृत्ति देखिन्छ । यसलाई सुधार्न मिडिया, महालेखा, अख्तियारजस्ता जिम्मेवार एजेन्सीले चासो राखेर काम गर्ने हो भने सुधार हुन सक्छ ।

प्रेरक प्रसंग

अशिष्टताबाट शिक्षा

एकजना वैद्य आफ्ना ज्ञानका कारण प्रसिद्ध थिए । उनीकहाँ पुऱ्याइसकेपछि बिरामीको जीवनरक्षा हुनेमा धेरैको विश्वास थियो । उनी बिरामीलाई दिने औषधिका साथै उनको अमूल्य सल्लाहका लागि पनि समाजमा निकै प्रसिद्ध थिए । उनी जति कुशल चिकित्सक थिए, उति नै राम्रो मन भएका मानिस पनि थिए ।

एकपटकको कुरा हो, ती वैद्यका एकजना चिरपरिचित मित्रले उनलाई सोधे, 'वैद्यजी, तपाईं जति शिष्ट, सभ्य र मीठो बोल्ने मानिस यो संसारमा सायदै कोही होला । त्यसैले म यो थाहा पाउन चाहन्छु कि तपाईंले यस्तो अमूल्य शिष्टता र सभ्यता कहाँबाट कसरी सिक्नुभयो ?' ती मित्रको जिज्ञासा सुन्नासाथ ती वैद्यले जवाफ दिए, 'अशिष्ट र असभ्य मानिसबाट ।' वैद्यको यस्तो अनपेक्षित जवाफ सुनेपछि ती मित्र केही झस्किए । वैद्यको जवाफको गहिराइ उनले थाहा पाउन सकेनन् । सो जवाफ अलिक गम्भीर हुनाले ती मित्रले यसको पटकै भेउ पाउन सकेनन् । त्यसैले उनले अप्ठ्यारो मान्दै फेरि प्रश्न गरे, 'यो कसरी हुन सक्छ ? एउटा अशिष्ट एवं असभ्य मानिसले कसरी अरूलाई केही सिकाउन सक्छ ? त्यस्तो मानिसबाट कुनै मानिसले कसरी सभ्यता र शिष्टताको पाठ सिक्न सक्छ ?' 'साँच्चै सोध्छौ भने यो तिमीले बुझ्न सक्दैनौ । मैले त असभ्य र अशिष्ट मानिसबाटै यो शिक्षा लिएको हुँ । उनीहरूको जुनजुन कुरा मलाई नराम्रो लाग्यो, त्यो मैले तुरुन्तै फ्याँकिदिएँ, त्यसलाई एकछिन पनि नजिक आउनै दिइनँ । किनकि, मैले सोचेँ, जुन कुरा मलाई नराम्रो लाग्यो, त्यो अरूलाई पनि त नराम्रो लाग्न सक्छ । राम्रो यही हुनेछ कि जस्तो व्यवहार तिमी अरूले आफूलाई गरून् भन्ने चाहन्छौ, त्यस्तै व्यवहार तिमीले अरूसँग गर । किनकि, तिम्रो व्यवहार तिम्रो जीवनको दर्पण हो । तिमी जस्तो व्यवहार गर्छौं, अरूबाट पनि त्यस्तै व्यवहार पाउँछौ ।'

यसरी अशिष्ट र असभ्य मानिसबाट सभ्यता र शिष्टताको पाठ सिक्ने यी वैद्य प्रख्यात लुकमान थिए । जोसँग सम्बन्धित एउटा भनाइ निकै लोकप्रिय छ, 'शंकाको उपचार त वैद्य लुकमानसँग पनि थिएन ।'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

लेखकलाई प्रश्न

१९ असारको नयाँ पत्रिकामा सुदिश केको लेख 'अंग्रेजी विरोधको आवरणमा लुकेको हिन्दी सर्वोच्चतावाद' पढें । लेख पढेपछि म लेखकलाई भन्न चाहन्छु कि महोदय, वास्तवमा भारत स्वतन्त्र भएकै कहाँ छ र ? यो लेख नै त्यसको प्रमाण हो । जुन देशमा एउटा साझा केन्द्रीय भाषा हुँदैन, त्यो वास्तवमा स्वतन्त्र हुने सक्दैन । मेरो देश नेपालमा नेपाली एक साझा केन्द्रीय भाषा छ, जसलाई खुसीखुसी सबैले बोल्छन्, पढ्छन् र लेख्छन् । भारतमा सबैले पढ्नुपर्ने भाषा हिन्दी नै हो । अंग्रेजीलाई मुक्तिको भाषा भन्नेहरू वास्तवमा गुलामीबाट मुक्त नै भएकै छैनन् ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

असारे विकासको तमासा

बर्सादी (रेनकोट) ओढाएर सडक कालोपत्रे गरिँदै गरेको तस्बिर र समाचार हेरियो, पढियो । हरेक वर्ष दोहोरिने यही दुःखद नियतिबाट पाठ सिक्न नसक्नेहरूले राजनीति छाडिदिए हुन्छ, प्रशासनमा नबसे हुन्छ र ठेक्कापट्टाबाट सदाका लागि बिदा भए हुन्छ । नत्र असारे विकासको यस्तो भद्दा तमासा कहिलेसम्म देख्नुपर्ने हो । वर्षभरिका बाँकी ११ महिनाचाहिँ के गर्छन् यिनले ? के यिनले काम गर्दागर्दै नभ्याएर यसरी असारमा आएर रेनकोट लगाएर सडक निर्माणको तमासा देखाउनुपरेको हो ?

● **अम्बिका चौधरी**
सानेपा, ललितपुर

सिकाइमा ध्यान देऊ

काठमाडौं महानगरभित्रका सामुदायिक विद्यालयका १७ विद्यार्थीले ४ जिपिए ल्याएको समाचार पढ्दा खुसी लाग्यो । तर, यो समाचारसँगै 'ननग्रेडेड'को संख्या बढेको समाचारले भने केही दुःख लाग्यो । कुनै वेला एसएलसी बोर्डका नाममा अत्यन्त धेरै चलखेल हुन थालेपछि बोर्डको प्रावधान नै हटाइएको थियो । अहिले फेरि ४ जिपिएको चलखेल बढ्न थालेको छ । ४ जिपिएभन्दा पनि विद्यार्थीको सिकाइको स्तर र अधिल्लो कक्षा प्रवेशको ढोका कसरी खुला गर्ने भन्नेतिर ध्यान देऊ ।

● **बलराम परियार**
लामबगर, काठमाडौं

बालेनलाई काम गर्न नदिने सरकार ?

यसपालि अहिलेसम्म काठमाडौं महानगरपालिकाको बजेट प्रस्तुत हुन सकेको छैन । मेयर बालेन साह र प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंबिचको टकरावले बजेट आउन नसकेको बताइँदै छ । महानगरको बजेट समयमै नआउँदा केन्द्र र प्रदेश सरकारलाई त कुनै असर नपर्ला, तर काठमाडौं महानगरवासीलाई भने निकै असर पर्छ । राजधानीको रूप, रंग र मुहार फेर्ने काममा ठुलो बाधा पुग्छ । यसको जिम्मा कसले लिने ?

यस्तो अवस्था आउनुको मुख्य जिम्मा वर्तमान ओली सरकारले नै लिनुपर्छ । सरकार चलाउने दुई ठुला दलले लिनुपर्छ । किनकि बालेनलाई असहयोग गर्ने प्रशासकीय अधिकृत केन्द्र सरकारले पठाएको हो । केन्द्र सरकार, कांग्रेस र एमाले जानाजान बालेनलाई कमजोर पार्न लागिपरेका छन् भन्ने सन्देश राजधानीवासीमाझ गएको छ । किनकि उनीहरूलाई डर छ कि बालेनले राम्रो काम गरेर देखाए आउने चुनावमा पनि उनैले जित्छन् । होइन भने यतिका लामो समय हुँदा पनि र दिनहुँ मिडियामा महानगरको बजेट आउन नसकेको बारे समाचार प्रकाशित हुँदा पनि किन बालेनलाई सहयोग पुग्ने गरी प्रशासकीय अधिकृत केन्द्रले पठाउँदैन ? किन राजधानीबाट निर्वाचित गगन थापालगायत सांसदहरू बालेनलाई काम गर्न बाधा नदेऊ भन्न सकिरहेका छैनन् ? अपार जनमत पाएर निर्वाचित मेयरलाई संघीय सरकार र पुराना दल मिलेर कामै गर्न नदिई यसरी असफल पार्न पाइन्छ ? यतिखेर बालेनलाई कमजोर पार्नु भनेको दल र संघीय सरकार स्वयं कमजोर हुनु हो ।

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौं
gopaldevkota@gmail.com

के देशप्रेम प्रमाणित गर्नैपर्छ र ?

म आफ्नो देशप्रेम वा कुनै पनि भावनालाई देखावटी रूपमा प्रदर्शन गर्न आवश्यक ठान्दिनँ



देश / विदेश

● नसिरुद्दिन शाह

मेरो बाल्यकाल तीन फरक परिवेशमा बित्यो । पहिलो पुरातनपन्थी मुस्लिम घर, त्यसपछि रोमन क्याथोलिक र जेसुइट ख्रिस्टियन विद्यालय । ती प्रत्येक संस्कारले आ-आफ्नो हिसाबले केही न केही दिए, तर म तीमध्ये कुनैमा पनि पूर्ण रूपमा विश्वस्त हुन सकिनँ । आफ्नै धर्मबारे पनि के राम्रो, के नराम्रो लाग्छ भन्नेमा म बाल्यकालदेखि नै सचेत थिएँ । जस्तो कि 'हामीबाहेक सबै नर्कमा जान्छन्' भन्ने विचार मलाई सधैं अन्यायपूर्ण लाग्यो, जसलाई म कहिल्यै स्विकार्न सक्दिनँ ।

हामी साना छँदा भव्य जैन मन्दिर पुष्कर गएका थियौं, 'अढाई दिनका झोंपडा'मा रहेको दरगाह पनि हेर्‍यौं, जहाँ गेरुवा पहिरनका जटाधारी साधु हरियो रुमाल बाँधेका सुफी फकिरसँग चिलिम साट्दै थिए । त्यहाँ शिख र हिन्दु तीर्थयात्री पनि प्रशस्त थिए । हिन्दु मूर्तिले भरिएको स्थानमा नमाज पढ्नु मलाई अत्यन्तै अनौठो र रोचक लागेको थियो । शंकर-शम्भुले 'ख्वाजा जी'को भजन गाउने क्रममा उपमहाद्वीपका कैयौं 'कौव्वाल' र 'एक बाउल' गायकले प्रशंसा गरेका थिए ।

मैले कहिल्यै आफूलाई मुस्लिम ठानिनँ । जहाँ पुगें त्यहाँ आफूलाई बाहिरियाजस्तो महसुस भएन । त्यो मेरो देश थियो र आज म त्यो देशलाई गहिरो रूपमा सम्झन्छु । तर, आज फैलिँदै गएको उग्रराष्ट्रवाद, घृणा र युद्ध उन्मादले संकीर्णता खुला रूपमा व्यक्त हुने वातावरण बनाएको छ । देशको दिशाप्रति चिन्तित हुनेहरूका लागि यो अवस्थाले गहिरो भय र दुःख जन्माएको छ ।

हिन्दी फिल्मको मौजुदास्तरको आलोचना गर्दा 'कृतघ्न' भएको आरोपमा लाग्छ, शान्ति र भाइचाराको अपिल गर्नु 'देशद्रोह' ठहरिन्छ, ट्राफिक बत्ती र संकेत पालना गरेनौ भनेर आलोचना गर्दा तिमी आफ्नै फलाना ठाउँमा जाऊ भन्ने नसिहत आउँछ र कुनै कलाकारको पक्षमा बोल्दा 'देशविरुद्ध बोलेको' ठानिन्छ । थोरै मात्र आलोचनात्मक कुरा गरे पनि त्यसलाई तोडमोड गरेर 'राष्ट्रविरोधी' बनाइन्छ । राष्ट्रवादी कोकोहोलोबिच चर्चित टेलिभिजन सिरियल 'अनुपमा'का मुख्य कलाकारले त व्यंग्य गर्दै 'पाकिस्तानले भारतीय कलाकारलाई कला प्रदर्शन गर्न दिन्छ त ?' भनेका छन् । तर, उनलाई पाकिस्तानले प्रदर्शन गर्न दिने मात्रै नभई उल्टो स्वागत र सम्मानसमेत गर्छ भन्ने थाहा छैन । त्यसोभए भारतमा पाकिस्तानी कलाकार नुसरत फतेह अली खान, मेहदी हसन वा फरिदा खानमको संगीत सुन्ने सबै देशद्रोही हुन् त ?

सीमापार गरेर समकक्षी नेतासँग अँगालो हाल्न पाउने अधिकार त केवल प्रधानमन्त्रीलाई मात्रै छ । हामीजस्ता साधारण नागरिकका लागि त्यो पाप मानिन्छ । पाकिस्तानी सेनाले गर्ने कामका लागि हरेक पाकिस्तानी नागरिकलाई घृणा गर्दा के यसले हामीलाई फाइदा गर्छ वा केवल हाम्रो कुनै आदिम हिंस्रक भावना सन्तुष्ट हुन्छ ?

जर्ज अर्वेलको पुस्तक '१९८४' मा एउटा दैनिक अनिवार्य कर्मकाण्ड छ जहाँ सबैले जेजस्तो अवस्थामा भए पनि विपक्षी नेतामाथि गाली-गलौज गर्नुपर्छ । यसलाई 'दुई मिनेटको घृणा' भनिन्छ र यसमा सबैको सहभागिता अनिवार्य छ । आज त्यो दुई मिनेट बढेर २४सै घण्टाको घृणा भइसकेको छ र यो अब केवल विपक्षी नेतामा मात्र सीमित छैन । यति विषाक्तता हावामा फैलिइसकेपछि पनि म डराउँदिनँ, निराश पनि हुनँ, तर दुःख भने अवश्य लाग्छ । घृणा



तस्बिर : द इन्डियन एक्सप्रेस

आत्मविनाशकारी हुन्छ, तर कतिपय 'गौरक्षक'हरूको अविरल गतिविधि हेर्दा घृणा अनन्तकालसम्म पनि टिक्न सक्छ भन्ने लाग्छ ।

केही 'राष्ट्रवादी' र पैसा लिएर द्वेष फैलाउने ट्रोल जसलाई सभ्य लवजमा बोल्न र लेख्नका लागि साँच्चिकै मद्दतको आवश्यकता छ तिनका लागि म सजिलो निसाना हुँ । किनभने म आफ्नो देशप्रेम वा कुनै पनि भावनालाई देखावटी रूपमा प्रदर्शन गर्न आवश्यक ठान्दिनँ । ती भावना मेरा हुन्, अरूका होइनन् र म महसुस गर्छु, म जान्दछु र यी भावनामा दखल दिनु कसैको अधिकार होइन ।

म भारतमा पाँचौं पुस्तादेखिको मुसलमान परिवारमा जन्मेको हुँ । मेरी पत्नी मेरो परिवारभन्दा पुरानो हिन्दु परिवारकी हुन् र हामी हाम्रा छोराछोरी दुवै संस्कृतिको उत्कृष्ट पक्षको संगम बनून् भन्ने चाहन्छौं । मेरा काका पाकिस्तान गएका थिए, तर बुबा जान मानेनन् । भारतमा हाम्रो भविष्य छ भन्नेमा उनी विश्वस्त थिए र आफ्ना सन्तानका लागि त्यस्तै विश्वास मलाई पनि छ । यो सपना त्यत्तिकै त्याग्न सकिँदैन ।

यदि म दिलजित दोसाँधका समर्थनमा लेखिएको मेरो फेसबुक पोस्ट (जुन मेटिएको नभई हटाइएको हो)को स्पष्टीकरण दिन खोजिरहेको छु भन्ने ठानिन्छ भने ठिकै छ । तर, साँचो के हो भने मलाई केही पनि स्पष्ट पार्न आवश्यक छैन । जे भन्नु थियो भनिसकेको छु र म त्यसमा अडिग छु । फिल्म उद्योगबाट समर्थन नपाएकामा पनि म निराश छैनँ, किनभने उनीहरूसँग गुमाउने चिज धेरै भएकाले चुप छन् वा मसँग सहमत छैनन् । र, ती ट्रोल विशेषतः जसले मलाई 'पाकिस्तान होइन अब तँ कब्रस्तान जा' भनेका थिए, तिनका लागि जिगर मुरादाबादीको नज्म उद्धृत गर्न चाहन्छु :

'मुझे दे न गैज़ में धमकियां, गिरें लाख बार ये बिजलियां,
मेरी सल्तनत यही आशियां, मेरी मिल्कियत यही चार पर ।'

(क्रोधमा आएर मलाई धम्की नदेऊ, लाखौं बज्र खसे पनि खसून्,
मेरो सल्तनत यही सानो गुँड हो, मेरो सम्पत्ति यिनै चार पर्खेंटा हुन् ।)

(शाह अभिनेता एवं लेखक हुन्)
द इन्डियन एक्सप्रेसबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ट्रम्पले मस्क र ममदानीको नागरिकता खोस्न सक्छन् ?

आफ्ना पूर्वमित्र मस्कलाई व्यापार बन्द गरेर उनको जन्मदेश दक्षिण अफ्रिका फर्किनुपर्ने अवस्था
ल्याइदिने र न्युयोर्क सहरका मेयर पदका डेमोक्रयाट उम्मेदवार ममदानीको अमेरिकी नागरिकता खारेज गर्ने ट्रम्पको चेतावनी



• सारा समिम

(नर्थवेस्टर्न युनिभर्सिटीको कतार शाखाकी पत्रकारिताकी विद्यार्थी समिम वातावरण, सहरी विकास, एसियाली राजनीतिबारे लेख्छिन्)



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उनको प्रशासनका अधिकारीहरूले ३३ वर्षीय जोहरान ममदानी न्युयोर्क सहरको मेयर पदका लागि हुने निर्वाचनमा डेमोक्रयाट उम्मेदवार बनेपछि उनको अमेरिकी नागरिकता खारेज गर्ने विचार प्रवाहित गरे । त्यस्तै, राष्ट्रपति ट्रम्पले उनको 'सिग्नेचर' विधेयक 'बिग एन्ड ब्युटिफुल बिल'लाई लिएर टाढिएका आफ्ना पूर्वमित्र एलन मस्कलाई पनि देश निकाला गर्ने चेतावनी दिएका छन् । ट्रम्पका अनुसार मस्कले (अमेरिकाको) 'व्यापार बन्द गरेर दक्षिण अफ्रिका फर्कनुपर्ने' अवस्था आउन सक्छ । तर, ट्रम्प प्रशासनले साँच्चै विदेशमा जन्मिएका ममदानी र मस्कको अमेरिकी अंगीकृत नागरिकता खारेज गर्न सक्छ त ?

के हो ममदानी र मस्कको आप्रवासन हैसियत ?

गुजराती मुस्लिम बाबु र पन्जाबी हिन्दु आमाका सन्तान ममदानी युगान्डाको राजधानी कम्पालामा जन्मिएका थिए । ममदानी सात वर्ष हुँदा उनको परिवार न्युयोर्क बसाई सरेको थियो । त्यही पढे हुर्केका ममदानी सन् २०१८ मा अंगीकृत अमेरिकी नागरिक बने । उता मस्कको जन्म भने सन् १९७१ मा दक्षिण अफ्रिकाको प्रिटोरियामा क्यानेडियन आमा र दक्षिण अफ्रिकी बुबाको घरमा भएको थियो । १७ वर्षको उमेरमा उनी क्यानडा सरे, जहाँ उनको आमाको नामबाट वंशजको नागरिकता छ । अध्ययनको क्रममा सन् १९९२ मा मात्र उनी अमेरिका पुगेका थिए । पेन्सिलभेनिया विश्वविद्यालय पढेका मस्कले सन् २००२ मा अमेरिकाको अंगीकृत नागरिकता हासिल गरेको पत्रकार वाल्टर आइज्याकसनले लेखेको मस्कको जीवनी-पुस्तकमा उल्लेख छ ।

अक्टोबर २०२४ मा 'द वासिङ्टन पोस्ट'ले एक खोज रिपोर्ट छाप्दै मस्कले उचित श्रम अनुमति नलिईकनै अमेरिकामा आफ्नो करियर सुरु गरेको दावी गऱ्यो । तर मस्कले समाचार छापिएलगत्तै यसको खण्डन गरेका थिए । ' म जे-१ भिसामा थिएँ, जसलाई मैले एच-१बी मा परिवर्तन गरेँ' मस्कले वासिङ्टन पोस्ट सार्वजनिक भएकै दिन समाजिक सञ्जाल 'एक्स'मा खण्डन गर्दै लेखेका थिए ।

जे-१ भिसा अमेरिकामा रहेका विदेशी विद्यार्थीहरूलाई दिइने अस्थायी भिसा हो भने एच-१बी अस्थायी रूपमा काम गर्न अनुमति दिने भिसा हो । अमेरिकाको अंगीकृत नागरिक हासिल गर्न भने केही सर्त पूरा गर्नुपर्छ । जस्तो, व्यक्ति १८ वर्षभन्दा माथिको हुनुपर्छ । पाँच वर्षसम्म ग्रिनकार्ड धारकको रूपमा अमेरिकामा निरन्तर बसेको हुनुपर्छ । अथवा अर्को तरिकाबाट अमेरिकी नागरिकसँग विवाहित रहेको तीन वर्ष भएका व्यक्तिले पनि अंगीकृत नागरिकता पाउन सक्छन् ।

ट्रम्प प्रशासनले ममदानीबारेमा के भनेको छ ?

टेनेसी राज्यका रिपब्लिकन सांसद(तल्लो सदन) एन्डी ओगल्सले जुन २६ मा महान्यायाधिवक्ता पाम बोन्डीलाई पत्र लेख्दै न्याय मन्त्रालयले ममदानीको नागरिकता खोस्ने प्रक्रियाका लागि अनुसन्धान सुरु गर्न आग्रह गरेका थिए । ममदानीले नागरिकता हासिल गर्ने वेलामा 'आतंकवादलाई सहयोग गरेको तथ्य जानाजान वा गलत प्रमाणमार्फत ढाकछोप गरेको सम्भावना रहेको' ओगल्सको आरोप छ । ओगल्सले 'न्युयोर्क पोस्ट' नामक ट्याबलोइडमा प्रकाशित एक लेखलाई उद्धृत गर्दै 'ममदानीले अमेरिकी नागरिक बन्नुअघि आतंकवादी ठहरिएका व्यक्तिहरू'प्रति ऐक्यबद्धता व्यक्त गरेको बताएका छन् ।

यसको प्रमाणको रूपमा उनले ममदानीले गाएको एक च्याप गीतको अंशसमेत उल्लेख गरेका छन् । पूर्वच्यापारसमेत रहेका ममदानीले गाएको एउटा गीतको एक ठाउँमा 'फ्री द होली ल्यान्ड फाइभ/माई गाइज (पवित्र भूमि स्वतन्त्र गर/मेरा मित्र)' भन्ने लाइन छ ।

'ममदानीले संकेत गरेको 'होली ल्यान्ड फाउन्डेसन'लाई सन् २००८ मा अमेरिकाद्वारा आतंकवादी संगठन घोषित हमासलाई भौतिक सहयोग प्रदान गरेकोमा दोषी ठहराइएको थियो । ममदानीले फाउन्डेसनका नेतृत्वलाई 'मेरा मित्र' भनेर सार्वजनिक रूपमा भनेका छन् । यसले संगठनसँग उनको कुनै सम्बद्धता वा सहानुभूति थियो कि भनेर गम्भीर प्रश्न खडा गर्छ । यो कुरा उनले नागरिकता प्राप्तिको प्रक्रियाको क्रममा खुलासा गरेका छैनन्,' ओगल्सले महान्यायाधिवक्ता बोन्डीलाई लेखेको पत्रमा उल्लेख छ, 'यसबाहेक, ममदानीले हालै 'इन्तिफादाको विश्वव्यापीकरण गरौं' भन्ने आतंकवादीहरूको नाराप्रति दुरी देखाउन अस्वीकार गरे । जबकि यो नारा संयुक्त राज्य अमेरिका र विश्वभरका नागरिकहरूमाथि हिंसात्मक आक्रमणको आह्वान हो,' ओगल्सले लेखेका छन् ।

> टेनेसी राज्यका रिपब्लिकन सांसद एन्डी ओगल्सले महान्यायाधिवक्ता पाम बोन्डीलाई पत्र लेख्दै न्याय मन्त्रालयले ममदानीको नागरिकता खोस्ने प्रक्रियाका लागि अनुसन्धान सुरु गर्न आग्रह गरेका छन् । ममदानीले नागरिकता हासिल गर्ने वेलामा 'आतंकवादलाई सहयोग गरेको' ओगल्सको आरोप छ ।

ममदानीले आफू मेयर भएमा न्युयोर्क सहरमा मास्क लगाएर आप्रवासी खोज्दै हिँड्ने अध्यागमन तथा भन्सार प्रवर्तनसम्बन्धी निकाय 'इमिग्रेसन एन्ड कस्टम्स इन्फोर्समेन्ट (आइसिई)'का एजेन्टहरूलाई रोक्ने वाचा पनि गरेका छन् । यस विषयमा पत्रकारहरूले गरेको जवाफ दिने क्रममा ट्रम्पले 'यदि ममदानीले आइपर्स एजेन्टहरूलाई अवैध आप्रवासी पक्राउ गर्न र निर्वासन गर्न रोकेमा ममदानीलाई पक्राउ गर्ने' बताए । अझ उनले अगाडि भने, 'हामीलाई यो देशमा कम्युनिस्ट चाहिँदैन । हामीमाझ कोही कम्युनिस्ट छ भने म राष्ट्रको तर्फबाट निगरानी राख्नेछु ।'

आफूलाई प्रजातान्त्रिक समाजवादी भन्ने ममदानीलाई बारम्बार ट्रम्पले 'कम्युनिस्ट' भन्दै आएका छन् । ट्रम्पले न्युयोर्कको मेयर चुनावमा वर्तमान मेयर एरिक एडम्सलाई समर्थन जनाएका छन् ।

नागरिकता खोस्ने मागप्रति ममदानीको प्रतिक्रिया

ट्रम्पले आफूविरुद्ध दिएको टिप्पणीको जवाफ ममदानीले समाजिक सञ्जाल 'एक्स'मार्फत दिएका छन्, 'संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिले मलाई पत्राउ गर्ने, मेरो नागरिकता खोस्ने, हिरासत शिविरमा राख्ने र देश निकाला गर्ने धम्की दिएका छन् । यो धम्की मैले कुनै कानुन तोडेको कारणले होइन, बरु आइसिईलाई हाम्रो सहरलाई आतंकित बनाउन दिन्न भनेकाले आएको छ ।'

ममदानीले ट्रम्पको एडम्सप्रतिको समर्थन स्वाभाविक भएको भन्दै थपे : 'मागा रिपब्लिकनहरूले सामाजिक सुरक्षा मास्दै लाखौं न्युयोर्कवासीलाई स्वास्थ्य सेवाबाट वञ्चित गर्ने र श्रमजीवी परिवारको खर्च कटाएर आफ्ना अर्बपति दाताहरूलाई समृद्ध बनाउने प्रयास गरिरहेका छन् । यस्तोमा एरिक एडम्समा राष्ट्रपति (ट्रम्प)को विभाजन र घृणालाई प्रतिध्वनित हुनु स्वाभाविक हो । मतदाताहरूले नोभेम्बर(को मेयर चुनाव)मा यसलाई तीव्र रूपमा अस्वीकार गर्नेछन् ।'

एलन मस्कबारे के भन्यो ट्रम्प प्रशासनले ?

गत वर्षको राष्ट्रपतीय चुनावमा ट्रम्पको चुनावी अभियानका प्रमुख चन्दादाता मस्क केही समयअघिसम्म ट्रम्पका प्रमुख सहयोगी थिए । तर, 'बिग ब्युटिफुल बिल' नामक विधेयकलाई लिएर दुई जनाबिच सार्वजनिक दरार सिर्जना भयो । टेस्ला र स्पेसएक्सका खर्बपति मालिक मस्कले बारम्बार सो विशाल विधेयकको निन्दा गरिरहेको देखिन्छ । विधेयक पारित भएमा आफूले अलग राजनीतिक दल गठन गर्ने धम्की दिएका मस्कले जुलाई ५ मा 'अमेरिका पार्टी' नामक दल गठनको घोषणा गरिसके ।

जुलाई ४ मा ट्रम्पले हस्ताक्षर गरेको सो विधेयकले मस्कलाई आर्थिक रूपमा प्रभावित पार्ने देखिएको छ । विधेयकको एक प्रावधानले सेप्टेम्बर ३० देखि विद्युतीय सवारीसाधन खरिद गर्ने ग्राहकले पाउने गरेको ७,५०० डलरसम्मको कर छुट समाप्त गर्दै छ । 'ट्रुथ सोसल' नामक सामाजिक सञ्जालमा पोस्ट गर्दै ट्रम्पले लेखेका छन्,' अनुदानविना, एलाले सम्भवतः आफ्नो व्यवसाय बन्द गरेर दक्षिण अफ्रिका फर्कनुपर्नेछ । न त रकेट प्रक्षेपण, न उपग्रह वा न नै विद्युतीय कार उत्पादन । यसले हाम्रो देशको ठुलो धन बचत गर्नेछ ।'

'सायद डजलाई राम्रो नजर राख्न लगाउनुपर्छ । ठुलो रकम बचत हुनेछ !' ट्रम्पले अर्को पोस्टमा लेखेका छन् । 'डिपार्टमेन्ट अफ गभर्नमेन्ट इफिसियन्सी'को छोटो रूप 'डज' ट्रम्पको दोस्रो प्रशासनको सुरुवातमा मस्कले नै गठन गरेको सस्था हो । सरकारको फजुल खर्च कटौती गर्न गठन भएको यो संस्थाको नेतृत्व मे ३० सम्म मस्कले नै गरेका थिए । पुनः अर्को समय पत्रकारले ट्रम्पलाई मस्कलाई देश निकाला गर्नेबारेमा विचार गरिरहेको हो भन्ने प्रश्न गर्दा ट्रम्पले भने, 'हामीले त्यसमाथि पनि ध्यान दिनुपर्छ । हामीले एलनलाई डज प्रयोग गर्नुपर्ने हुन सक्छ ।'

के मस्क वा ममदानीका नागरिकता खोस्न सजिलो छ ?

विज्ञहरूका अनुसार यी दुई व्यक्तिका नागरिकता खोस्न सम्भव भने देखिँदैन । 'थोरै अवस्थामा मात्र अंगीकृत नागरिकता खोसिएको पाइन्छ । यसका लागि अधिकारीहरूले उनीहरूको मूल आवेदनमा झुटो प्रमाण पेस गरेको प्रमाणित गर्नुपर्छ,' लस भेगासमा रहेको नेभाडा विश्वविद्यालयका कानुनका प्राध्यापक माइकल कागनले भने, 'मस्क वा ममदानी दुवैको हकमा त्यस्तो नरहेको कारण तिनको नागरिकता खोस्न असम्भव देखिन्छ । अहिलेका लागि यो विरोधीलाई धम्की दिन प्रयोगमा ल्याइएको गैरजिम्मेवारपूर्ण बयानबाजीजस्तो मात्र देखिन्छ ।'

२०औं शताब्दीका दुई विश्वयुद्धबिचको समय र त्यसपछि सोभियत संघसँगको शीतयुद्धको समयमा अन्धाधुन्ध र शंकाकै भरमा अंगीकृत नागरिकको नागरिकता खोसिने प्रवृत्ति तीव्र थियो । सन् २०१७ मा प्रकाशित 'द सोभरेन सिटिजन'का लेखक राजनीतिशास्त्री प्याट्रिक बेइलका अनुसार सन् १९२६ र १९४० को दशकको बिचसम्म, हरेक वर्ष सयौं अंगीकृत नागरिकताधारीको नागरिक खोसिएको थियो । तर सन् १९६७ को एक अदालती फैसलापछि नागरिकता खोस्ने कार्यमा उलेख्य गिरावट आयो । सो वर्ष सर्वोच्च अदालतले झुटा प्रमाण पेस गरेर अंगीकृत नागरिकता लिएका वा गम्भीर प्रकृतिका अपराध गरेको नदेखिएसम्म कसैलाई नागरिकताबाट वञ्चित गर्न नसकिने निर्णय गरेको थियो ।

अंगीकृत नागरिकतावाहक अमेरिकी नागरिकहरूले आफ्नो नागरिकको हैसियत गुमाउन सक्ने गम्भीर प्रकृतिका अपराधमा आतंकवाद तथा युद्ध अपराधमा संलग्नता, मानव अधिकारको उल्लंघन, यौन अपराधजस्ता पर्छ । त्यस्तै, अंगीकृत नागरिकता पाएको व्यक्तिले अमेरिकाविरुद्ध देशद्रोहको कार्य गरेमा वा अर्के देशको सार्वजनिक पदको उम्मेदवारी दिए वा विदेशी सेनामा सामेल भएमा पनि आफ्नो नागरिकता गुमाउन सक्छन् ।

अलजजिराबाट

इतिहासमा आज

जुलाई ७



सन् १९३७ : बेइजिङबाहिर चीन र जापानका सेनाबिच मार्कोपोलो पुलनजिक झडप । झडपसँगै दोस्रो चीन-जापानयुद्ध सुरु ।

सन् १८०७ : रुसी र पर्सियालीमाथि नेपोलियनको विजयपछि फ्रान्स र रुसबिच टिलसिट सन्धिमा हस्ताक्षर ।

सन् १९४१ : तटस्थ देश भए पनि अमेरिकाले आइसल्यान्डमा आफ्ना सेना पठाएको थियो । जर्मनीको हस्तक्षेपबाट जोगाउन भन्दै अमेरिकाले आफ्नो फौज पठाएको थियो ।

सन् १९७८ : सोलोमन टापु स्वतन्त्र राष्ट्र बन्यो ।

सन् २००५ : सुनियोजित आत्मघाती बम हमलाका कारण लन्डनको ट्रान्जिट प्रणाली प्रभावित । हमलामा ३९ जनाको मृत्यु हुनुका साथै सात सयभन्दा बढी घाइते भएका थिए ।

सन् २०१९ : अमेरिकी महिला फुटबल (सोसर) टिमले नेदरल्यान्डलाई पराजित गरेर चौथो विश्वकप विजेता बन्यो ।

गाजा युद्धविरामसम्बन्धी वार्ता दोहामा पुनः सुरु

जेरुसेलम / इजरायल र हामासबिच गाजामा युद्धविराम र बन्धक मुक्तिसम्बन्धी अप्रत्यक्ष वार्ता पुनः सुरु हुने भएको छ । कतारको राजधानी दोहामा आइतबार वार्ता पुनः सुरु भएको हो । यो वार्ता इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको अमेरिका प्रस्थानअघि सुरु भएको छ । नेतन्याहु सोमबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेटवार्ताका लागि वासिङ्टन जाने तयारीमा छन् । नेतन्याहुले दोहामा वार्ता टोली पठाउने जानकारी दिए । कतार यस द्वन्द्वमा एक प्रमुख मध्यस्थ राष्ट्रका रूपमा सक्रिय रहँदै आएको छ । यद्यपि, उनले हमासले अमेरिकी समर्थनमा तयार गरिएको युद्धविराम प्रस्तावमा दिएको प्रतिक्रिया 'स्वीकार्य नहुने माग' समावेश भएको टिप्पणी गरेका छन् ।

एक प्यालेस्टिनी अधिकारीका अनुसार दोहामा सुरु भएको वार्तालले सम्भावित युद्धविरामका सर्त, बन्धक तथा बन्दीहरूको आदानप्रदान र गाजाको राफा नाका पुनः खोल्ने विषयमा केन्द्रित रहनेछ । हमासका तर्फबाट वरिष्ठ वार्ताकार खालिल अल-हय्याको नेतृत्वमा वार्ता टोली दोहामा पुगिसकेको छ भने इजरायली टोली आइतबार दिउँसो प्रस्थान गरेको जनाइएको छ । नेतन्याहुले यसअघि इजरायली राष्ट्रपति इसहाक हेर्जोगसँग गाजाको अवस्था र क्षेत्रीय कूटनीतिक सम्बन्धबारे छलफल गरेका थिए । प्रस्तावित योजनाअनुसार ६० दिनको युद्धविराम अवधिमा हमासले १० जना जीवित बन्धक र केही शव फिर्ता गर्नेछ । त्यसको सट्टामा इजरायलले केही प्यालेस्टिनी बन्दीहरूलाई रिहा गर्नेछ । हमासले इजरायली फौज आंशिक फिर्ता, युद्धविराम अवधिमा पुनः संघर्ष नदोहोरिने सुनिश्चितता र संयुक्त राष्ट्रसंघको खाद्यान्न वितरण प्रणाली पुनः लागू गर्ने माग पनि अघि सारेको बताइएको छ ।

अमेरिकी विश्वविद्यालयमा घट्दै छ चिनियाँ विद्यार्थीको मोह

अमेरिकामा चिनियाँ विद्यार्थीका लागि कठिन बन्ने संकेत देखिएको छ । केही साताअघि अमेरिकी विदेश मन्त्रालयले चिनियाँ विद्यार्थीको भिसा रद्द गर्न 'आक्रामक' अभियान सुरु गर्ने घोषणा गऱ्यो । घोषणाको निसानामा 'महत्त्वपूर्ण क्षेत्र' मा रहेका चिनियाँ विद्यार्थी हुनेछन् र उनीहरू विज्ञान र इन्जिनियरिङ कार्यक्रम (जुन चीनका लागि रणनीतिक चासोको विषय मानिन्छ)अन्तर्गत अमेरिका जान्छन् । अर्को निसानामा चिनियाँ कम्युनिस्ट पार्टीसँग 'सम्बन्ध' भएकाहरू हुनेछन् । कतिजना विद्यार्थीलाई अध्ययन छोड्न बाध्य पारिनेछ भन्ने स्पष्ट छैन । तर, चिनियाँ युवाका लागि अब कहाँ पढ्ने भन्नेबारेमा सोच्दै गर्दा अमेरिका अब एक कठिन यात्राजस्तो देखिन्छ ।

पछिल्लो भिसा नीति आउनुभन्दा धेरैअगाडि नै कतिपय चिनियाँ विद्यार्थीको अमेरिकी विश्वविद्यालयमा अध्ययन मोह घटिसकेको थियो । सन् २०१९-२० को शैक्षिक वर्षमा त्यहाँ चिनियाँ विद्यार्थीको संख्या उच्चतमस्तरमा पुगेको थियो । त्यतिवेला लगभग तीन लाख ७२ हजार चिनियाँ विद्यार्थीले अमेरिका पढ्ने गर्थे । त्यसपछि मुख्यतया, चीनको कोभिड-१९ पछि चिनियाँ विद्यार्थीलाई कडाइ गरिएको थियो । त्यसवेलादेखि नै विद्यार्थीको प्रवाह तीव्र रूपमा घट्यो र त्यसपछि वर्षमा खासै सुधार हुन सकेन । सन् २०२३-२४ को शैक्षिक वर्षमा लगभग दुई लाख ७७ हजार चिनियाँ अमेरिकामा अध्ययन गरिरहेका थिए । बढ्दो रूपमा मध्यमवर्गीय चिनियाँ अभिभावकले यसलाई आफ्ना बच्चाका लागि धेरै महँगो र जोखिमपूर्ण गन्तव्यको रूपमा हेर्छन् ।

सन् १९७० को दशकको अन्त्यदेखि नै लगभग ३० लाख चिनियाँ युवा अमेरिकामा पढ्न गएका छन् । पढ्न गएका धेरैजसो चिनियाँ त्यहाँ बसोवास गर्छन् । आकर्षक जागिरको बहानमा कतिपय स्वदेश फर्किएका छन् । तिनीहरूलाई हाइगुई पनि भनेर चिनिन्छन्, जसको अर्थ 'समुद्रपारबाट फर्कने' भन्ने लाग्छ । बेइजिङ र सांघाईका धनाढ्यका परिवारका सन्तानका लागि अमेरिकाको इभी लिग एक महत्त्वपूर्ण गन्तव्य बनेको छ । राष्ट्रपति सी जिनपिङकी छोरी हार्वर्डमा स्नातक हुन् भने पार्टीका मध्य तहका अधिकारीहरू पनि आधुनिक शासनका बारेमा सिक्न अमेरिका जाने गरेका छन् ।

तर, धेरै चिनियाँका लागि अमेरिकी शिक्षाको लगानीमा प्रतिफल भने घट्दै गएको छ । लगानी सधैं महँगोसिद्ध भएको छ र आजकाल मध्यम वर्गीय परिवार कमजोर आर्थिक अवस्था र पुँजीबजारमा आएको मन्दीका कारण खर्च गर्न कम इच्छुक देखिन्छन् । पछिल्लो समयमा तिनीहरूका लागि बेलायत पनि विकल्प बन्न थालेको छ किनकि बेलायतमा सस्तो विश्वविद्यालय छनोट गर्ने सुविधा छ । सन् २०२३-२४ को शैक्षिक वर्षमा लगभग एक लाख ५० हजार चिनियाँ विद्यार्थी बेलायत पढ्न गएका थिए । पछिल्ला दिनमा धेरैजसो विद्यार्थी हङकङ, सिंगापुर र एसियाका अन्य ठाउँहरूमा जाने गरेका छन् । कक्षाहरूमा प्रायः अंग्रेजी विषयमा पढाइन्छ र तिनीहरूलाई अध्ययन गर्न मैत्रीपूर्ण ठाउँको रूपमा हेरिन्छ । जापानमा चिनियाँ विद्यार्थीको संख्या २०१९ मा एक लाखभन्दा कमबाट बढेर २०२३ मा एक लाख १५ हजार पुगेको थियो ।

चीनको निराशाजनक रोजगार बजारमा विदेशी डिग्रीको कम उपयोग हुने गरेको कतिपयको तर्क छ । धेरै विदेशी परामर्शदाता र कानुन फर्मले चीनमा आफ्नो गतिविधि सञ्चालन घटाएका छन्, चिनियाँ विद्यार्थीहरूलाई अमेरिकी कलेजहरूमा आवेदन दिन मद्दत गर्ने एक शिक्षक भन्छन् ।

अर्थशास्त्रमा स्नातक गरेका युवा एम लेईले स्नातकपछि स्वदेशमै चिनियाँ सरकारी कार्यलय वा राज्य स्वामित्वको कम्पनीमा स्थायी पद पाउने सपना देख्छन् । त्यस्ता रोजगारदाता प्रायः विदेशी शिक्षा हासिल गरेका स्नातकमाथि शंकाको नजरले हेर्ने उनी बताउँछन् । ठुलो उपकरण निर्माता ग्री इलेक्ट्रिकको अध्यक्ष डोङ मिङझुका अनुसार उनको कम्पनीले विदेशीहरूले जासुसको रूपमा भर्ती गरेको अवस्थामा हाइगुईलाई काममा राखेको छैन ।

यसैबिच, चीनका आफ्नै शीर्ष विश्वविद्यालयहरू बढ्दो रूपमा प्रतिस्पर्धी र आकर्षक हुँदै गइरहेका छन्, विशेषगरी विज्ञान र इन्जिनियरिङजस्ता क्षेत्रहरूमा यस्तो आकर्षण बढेको हो । 'विद्यार्थीलाई महत्त्वपूर्ण क्षेत्रमा महत्त्वपूर्ण विषय पढाउने क्रममा चीनले अमेरिकासँग प्रतिस्पर्धा गर्न र उछिन्न पनि सक्छ,' बेइजिङको कुलीन सिंघुआ विश्वविद्यालयमा जीव विज्ञानअन्तर्गत विद्यावारिधि गरेका एक विद्यार्थी भन्छन् । विद्यार्थीको विचारमा क्युएस वर्ल्ड युनिभर्सिटी विश्वमा २०औं स्थानमा छ भने छिमेकी पेकिङ विश्वविद्यालय १४औं स्थानमा छ । प्रायः सबै पुराना विद्यार्थीसँग अमेरिकी विश्वविद्यालयबाट प्राप्त गरेको डिग्रीको सर्टिफिकेट छ । तर, युवाहरू भने सामान्यतया चीनमा शिक्षित छन् ।



> धेरै चिनियाँका लागि अमेरिकी शिक्षाको लगानीमा प्रतिफल भने घट्दै गएको छ । लगानी सधैं महँगोसिद्ध भएको छ र आजकाल मध्यम वर्गीय परिवार कमजोर आर्थिक अवस्था र पुँजीबजारमा आएको मन्दीका कारण खर्च गर्न कम इच्छुक देखिन्छन् ।

चीनमा पढेकालाई नै प्राथमिकता

परामर्शदाता भेन्चर एजुकेसनका जुलियन फिसरको विचारमा अहिले कतिपय चिनियाँ कम्पनीले चिनियाँ विश्वविद्यालयमै पढेका विद्यार्थीलाई प्राथमिकता दिन थालेका छन् जसका कारण विदेशमा अध्ययन गर्ने चिनियाँहरूको कुल संख्या घटिरहेको छ । चीनको न्यून जन्मदरले भावी पुस्ताका विद्यार्थीको आकार घटाएको छ । त्यस्तै, साना सन्तानका अभिभावकहरूले विदेशी विश्वविद्यालयमा जान सक्ने अन्तर्राष्ट्रिय विद्यालयमा आवेदन दिनुको सट्टा घरेलु शिक्षा प्रदान गर्ने निर्णय गरिरहेका छन्, फिसर अगाडि भन्छन् । यसले अन्तर्राष्ट्रिय शिक्षा प्रणालीमा 'टाइमबम' सिर्जना गरेको उनको भनाइ छ । यसले चिनियाँ विद्यार्थीको नगदमा निर्भर विदेशी संस्थामा कम्पन ल्याउने उनको दाबी छ ।

स्वदेशमा अध्ययन गरिरहेका धेरै विद्यार्थीहरू अमेरिकाको नयाँ भिसा नीतिप्रति खासै निराश देखिँदैनन् । बेइजिङको बेइहाङ विश्वविद्यालयमा स्याटेलाइट प्रोपल्सन अनुसन्धान गरिरहेका स्नातकोत्तरका विद्यार्थी लीले अमेरिकाले चिनियाँ नागरिकलाई आफ्नो उच्च प्रविधि कार्यक्रममा प्रवेश दिन नचाहेका विषयबारे (बेइहाङले स्नातकलाई २०२० देखि अमेरिकामा अध्ययन गर्न प्रतिबन्ध लगाइएको छ किनभने विश्वविद्यालयको चीनको सशस्त्र सेनासँग नजिकको सम्बन्ध छ) आफूले राम्रैसँग बुझेको बताउँछन् । तर, उनी आशावादी भने देखिन्छन् । 'विदेशमा अध्ययन गर्न सक्ने विद्यार्थी धेरै प्रभावशाली हुन्छन् । त्यसैले यदि तिनीहरू स्वदेशमै बसे भने, यसले घरेलु अनुसन्धान र विकासलाई मद्दत गर्नेछ,' उनी भन्छन्, 'अमेरिकाले कसरी व्यवहार गरिरहेको छ भनेर हामी परिवर्तन गर्न सक्दैनौं,' झाङ नाम गरेका अर्का डक्टरले अनुसन्धानकर्ता भन्छन्, 'जबसम्म हामी राम्रोसँग विकास गरिरहेका छौं, तबसम्म सबै कुरा अवसर हो ।'

-इकोनोमिस्टबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २३ असार ०८२

योजना बनेको ३१ वर्षपछि राष्ट्रिय सडक सञ्जालमा जोडियो हुम्ला सदरमुकाम

६ सय ८२ किमि लामो कर्णाली करिडोर भारतीय सीमा रुपैडियादेखि चीनको सिमाना हिल्सासम्म पुग्छ

बाँकेमा **विश्वराज पछ्लडङ्गया**
काठमाडौंमा **मिलन विश्वकर्मा**

सरकारी योजना बनेको ३१ वर्षपछि हुम्ला सदरमुकाम सिमिकोट राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ। राष्ट्रिय सडक सञ्जालमा जोडिन बाँकी एक मात्रै जिल्ला सदरमुकाम हुम्लाको सिमिकोटलाई कर्णाली करिडोरमार्फत सञ्जालमा जोडिएको हो।

कर्णाली करिडोरको हुम्लाको खार्पुनाथमा अवस्थित चुवा खोलामा ५१.८० मिटर लामो बेलीब्रिजको निर्माण भएपछि हुम्ला सदरमुकाम राष्ट्रिय सञ्जालमा मात्रै होइन, सिंगो कर्णाली प्रदेश नै भारत र चीनसँग पनि जोडिएको छ। सदरमुकाम सिमिकोट यसअघि नै कर्णाली करिडोरमार्फत नै चिनियाँ नाका हिल्मासँग जोडिसकेको थियो। अहिले त्यसको तल्लो खण्डको ट्याक खुलेपछि कर्णाली प्रदेश भारतसँग पनि जोडिएको छ।

६ सय ८२ किमि लामो कर्णाली करिडोर दक्षिणमा छिमेकी मुलुक भारतको सीमा रुपैडियादेखि सुरु भएर उत्तर छिमेकी मुलुक चीनको सीमाना हिल्सासम्म गएर टुंगिनेछ। यो करिडोरले त्रिदेशीय व्यापारीक मार्गका रूपमा विकास गरी मुलुकको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुग्नेसमेत विश्वास गरिएको छ। कर्णाली करिडोर राष्ट्रिय गौरवको आयोजना हो।

नेपाली सेनाले निर्माण गरेको उक्त चुवा खोला पुल आइतबार एक कार्यक्रमबिच प्रधानमन्त्री केपी ओली र भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले संयुक्त रूपमा उद्घाटन गरेका छन्। योसँगै अब हुम्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जालमा जोडिएको सडक विभागका प्रवक्ता इ. प्रभातकुमार झाले बताए। 'सिमिकोट यसअघि नै सडक सञ्जालमार्फत चिनियाँ नाकासँग जोडिएको थियो। अहिले चुवा खोलामा पुल बनेसँगै कर्णाली करिडोरको तल्लो खण्ड पनि वारपार खुलेको छ। यसले हुम्ला सदरमुकाम सिमिकोटलाई राष्ट्रिय सडक सञ्जालमा जोडेको मात्रै छैन, सिंगो कर्णाली प्रदेशलाई भारत र चीनसँग पनि जोडेको छ,' उनले भने, 'रणनीतिक रूपमा यसको ठुलो महत्त्व छ।'

हुम्ला जिल्ला भने मंसिर ०७७ मै राष्ट्रिय सडक सञ्जालमा जोडिएको थियो। हुम्ला जिल्लाको तल्लो क्षेत्रका ताँजाकोट, अदानचुली, सर्केगाड गाउँपालिका मंसिर ०७७ मा राष्ट्रिय सडक सञ्जालमा जोडिएका थिए। यद्यपि, सदरमुकाम भने राष्ट्रिय सडक सञ्जालमा जोडिन बाँकी थियो। अब त्यो लक्ष्य पनि पूरा भएको सडक विभागको भनाइ छ।

कर्णाली करिडोरमार्फत सरकारले पहिलोपटक ०५१ सालमा हुम्लालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने योजना अघि बढाएको थियो। ०५६ मा कर्णाली करिडोर निर्माणका शिलान्यास गरिएको थियो। त्यसपछि आव ०६९/७० मा पनि सिमिकोटमा योजना कार्यालय स्थापना गरेर काम अघि बढाइएको थियो। पछि बाजुरामा समेत योजना कार्यालय स्थापना गरिएको थियो। उक्त दुई कार्यालयअन्तर्गत कर्णाली करिडोरका कालिकोटको खुलालुदेखि हुम्लाको हिल्सासम्म नयाँ सडक नै निर्माण गर्नुपर्ने थियो। त्यसमा अधिकांश खण्डको निर्माण नेपाली सेनाले गरेको थियो। नेपाली सेनाले नै ९ चैत ०७१ देखि नै काम सुरु गरेको थियो।

पछिल्लोपटक भौगोलिक रूपमा जटिल रहेको घाटचौरेदेखि भुक्का खोलासम्मको सडक खण्डको ट्याक खोल्ने जिम्मा नेपाली सेनालाई दिइएको थियो। हुम्ला सदरमुकामलाई राष्ट्रिय सडक खण्डमा जोड्न यो खण्ड पार गर्नुपर्ने थियो। तर, त्यस खण्डमा कडा चट्टान हुँदा समय लागेको थियो। बममार्फत चट्टान फोरेर सडक ट्याक खुलेपछि र पुलसमेत निर्माण भएपछि सिमिकोट राष्ट्रिय सडक सञ्जालमा जोडिन सफल भएको हो। यो क्षेत्र सिमिकोटदेखि ५५ किमि टाढा पर्छ।



■ चीन र भारतको व्यापारिक मार्गका रूपमा विकास गरिने : प्रधानमन्त्री

उद्घाटन समारोहमा सम्बोधन गर्दै प्रधानमन्त्री केपी ओलीले यो सडकलाई चीन र भारतसँगको व्यापारिक मार्गका रूपमा विकास गरिने बताए। आगामी दिनमा सडकको कालोपत्रे गर्दै जाने उनको भनाइ छ। सडकलाई तत्काल दुई लेनमा विस्तार गर्ने उनको भनाइ छ। 'यो करिडोर हुम्लावासीका लागि मात्रै फाइदाजक छैन, दुई छिमेकी देशसँगको व्यापारिक मार्ग पनि भएकाले धेरै लाभ लिन सकिन्छ,' उनले भने, 'तसर्थ, यसलाई तत्काल दुई लेनमा विस्तार गरिनेछ। साथै कालोपत्र पनि गरिनेछ।'

सेनाले गत वर्ष चैत १० गतेदेखि चुवाखोलामा बेलिब्रिज जडान गर्न सुरु गरेको थियो। असार १० गते नै उक्त पुलको निर्माण सकिएको थियो। त्यहाँ पक्की पुल पनि निर्माण गर्ने योजना छ। योजना बनेको ३१ वर्षपछि र निर्माण आरम्भ भएको २६ वर्षपछि हुम्ला सदरमुकाम सिमिकोट राष्ट्रिय सडक सञ्जालसँग जोडिएको हो।

करिडोरले हुम्ला र कर्णालीका जनतालाई सहज

कर्णाली करिडोरको उक्त खण्ड सञ्चालनमा आएसँगै हुम्जा जिल्ला र कर्णाली प्रदेशका जनतालाई अब सहज हुने विश्वास गरिएको छ। अहिले हुम्ला जिल्लाबाट बाहिरिने उपयुक्त माध्यम हवाईजहाज मात्रै थियो। पैदलमार्फत जिल्लाबाट बाहिरिन ५-६ दिनसम्म लाग्ने गरेको थियो। खाद्यान्न ढुवानीको समेत उचित माध्यम नहुदाँ त्यहाँ महँगी पनि बढी हुने गरेको थियो। अन्य जिल्लाको तुलनामा त्यहाँ अधिकांश वस्तुको मूल्य १० गुणासम्म बढी हुने गरेको थियो। त्यो अवस्थामा सदरमुकाम राष्ट्रिय सडक सञ्जालमा जोडिएपछि त्यहाँका जनतालाई धेरै सहज हुने विभागका प्रवक्ता झा बताउँछन्। साथै, सिंगो कर्णाली प्रदेशलाई पनि सहज हुने उनले बताए। 'पहिला त्यहाँ ढुवानी खर्च नै बढी लाग्थ्यो। तर, अब त्यो बाध्यता हट्यो। कर्णालीमा भारतबाट भन्दा चीनबाट सामान ल्याउँदा सस्तो पर्छ जस्तो लाग्छ। यातायातको सुविधा त भई नै हाल्यो,' उनले भने, 'यसरी यसले हुम्ला जिल्लावासी र कर्णाली प्रदेशका जनतालाई धेरै सहजता प्रदान गर्ने देखिन्छ।'

सडक भने कच्ची, बाह्रै महिना नचल्ने

यद्यपि, अहिले त्यहाँका सडकहरू भने कच्ची स्वरूपमा छन्। साथै, सडकलाई बाह्रै महिना सञ्चालन गर्न चुनौती रहेको सडक विभागका एक उच्च अधिकारीले बताए। अझै पनि खहरे खोलाहरूमा पुल निर्माण गर्न बाँकी छ। कतिपय पुलको ठेक्का लाग्न बाँकी छ। त्यो अवस्थामा सडकलाई बर्खाको समयमा सञ्चालन गर्न नसकिने स्रोतको भनाइ छ। पुल नबनेसम्म हिउँदमा मात्रै सडक सञ्चालन गरिने स्रोतले बतायो। 'यसै पनि सडक कच्ची हो। साथै, विभिन्न खहरे खोलाहरूमा पुल बन्न बाँकी छ। बर्खाको समयमा यो सडक सञ्चालन गर्न चुनौती छ,' स्रोतले भन्यो, 'हिउँदमा मात्रै सडक सञ्चालन गर्न सकिन्छ। यद्यपि, त्यस्तो विकट ठाउँमा यत्तिको काम गर्न सकियो, यसलाई महत्त्वपूर्ण मान्नुपर्छ।'

ग्राभेल गर्न ठेक्का आह्वान, कालोपत्रेका लागि पर्खे र हेरको अवस्था

विभागले कच्ची सडकको ग्राभेल गर्न ठेक्का आह्वान गरिसकेको छ। ११ मिटर चौडाइसम्म सडक ग्राभेल गर्ने गरी टेन्डर आह्वान भइसकेको विभागका प्रवक्ता झाले बताए। ठेकदार कम्पनी छनोट भएपछि ग्राभेलको काम अघि बढ्ने उनको भनाइ छ। यद्यपि, सडक कालोपत्रे गर्न तत्काल हतार नगरिने उनले बताए। 'यसै पनि केही समय सडकलाई सेट (स्थिर) हुन दिनुपर्छ। त्यसपछि मात्रै कालोपत्रे गर्दा राम्रो हुने हो। त्यसमाथि त्यहाँ सवारीसाधनको चाप तत्काल बढ्ने देखिएको छैन। न्यून ट्राफिक हुने ठाउँमा कालोपत्रे गर्दा त्यति लाभ हुने देखिन्न। आगामी दिनमा त्यहाँ ट्राफिक चाप कस्तो हुन्छ, त्योअनुसार कालोपत्रेको योजना बन्छ,' उनले भने, 'कालोपत्रेका लागि अहिले नै योजना बनिसकेको छैन।'

देशभर ४२% रोपाइँ

सबैभन्दा धेरै धान उत्पादन हुने मधेशमा कम वर्षा भएकाले अहिलेसम्म १३% रोपाइँ



नयाँ पत्रिका

आइतबारसम्म देशभर ४२ प्रतिशत रोपाइँ सकिएको छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अनुसार धान धेरै उत्पादन हुने मधेशमा भने तुलनात्मक रूपमा कम रोपाइँ भएको छ। हालसम्म मधेशमा १३.६ प्रतिशत मात्रै रोपाइँ सकिएको मन्त्रालयले जनाएको छ। कोशीमा २९.५ प्रतिशत, बागमतीमा ५१.९ प्रतिशत, गण्डकीमा ५५.६ प्रतिशत, लुम्बिनीमा ५२.१ प्रतिशत, कर्णालीमा ७१.७ प्रतिशत र सुदूरपश्चिममा ८२.८ प्रतिशत रोपाइँ सकिएको छ।

विगतमा जस्तै यसपटक पनि मधेशमा सबैभन्दा धेरै तीन लाख ७६ हजार तीन सय २७ हेक्टरमा रोपाइँ हुने अनुमान गरिए पनि हालसम्म ५१ हजार दुई सय ५० हेक्टरमा मात्र रोपाइँ भएको मन्त्रालयले जनाएको छ। मधेशमा ढिला मनसुन सुरु भएको र अहिले पर्याप्त पानी नपरेकाले रोपाइँ हुन नसकेको हो।

कोशीमा यो वर्ष दुई लाख ७६ हजार तीन सय ८७ हेक्टरमा रोपाइँ हुने अनुमान भएकोमा हालसम्म ८१ हजार ६ सय ३५ हेक्टरमा मात्र रोपाइँ सकिएको छ। कोशीको झापा, मोरङ र सुनसरी धेरै धान उत्पादन हुने जिल्ला हुन्।

बागमतीमा एक लाख २० हजार पाँच सय ४५ हेक्टरमा रोपाइँ हुने अनुमान भएकोमा ६२ हजार पाँच सय ६१ हेक्टरमा रोपाइँ सकिएको छ। गण्डकीमा ९४ हजार एक सय ८२ हेक्टर रोपाइँ हुने क्षेत्रफल रहेकोमा ५२ हजार तीन सय ५३ हेक्टरमा रोपाइँ सकिएको छ।

मधेशपछि लुम्बिनीमा सबैभन्दा धेरै तीन लाख दुई हजार नौ सय ३९ हेक्टरमा रोपाइँ हुने अनुमान रहेकोमा एक लाख ५७ हजार आठ सय ५७ हेक्टरमा रोपाइँ सकिएको मन्त्रालयले जनाएको छ।

सबैभन्दा कम धान रोपाइँ हुने क्षेत्रफल रहेको कर्णालीमा हालसम्म २९ हजार दुई सय ९९ हेक्टरमा रोपाइँ सकिएको छ। यहाँ ४० हजार आठ सय ८४ हेक्टरमा रोपाइँ हुने अनुमान छ।

सुदूरपश्चिममा एक लाख ७६ हजार एक सय ५१ हेक्टरमा रोपाइँ हुने अनुमान रहेकोमा हालसम्म एक लाख ४५ हजार नौ सय ३२ हेक्टरमा रोपाइँ सकिएको छ।

■ २२ असारसम्मको रोपाइँ विवरण

प्रदेश	रोपाइँ भएको प्रतिशत	रोपाइँ हुने क्षेत्रफल
कोशी	२९.५	दुई लाख ७६ हजार तीन सय ६७
मधेश	१३.६	तीन लाख ७६ हजार ३ सय २७
बागमती	५१.९	एक लाख २० हजार ५ सय ४५
गण्डकी	५५.६	९४ हजार १ सय ८२
लुम्बिनी	५२.१	३ लाख २ हजार ९ सय ३९
कर्णाली	७१.७	४० हजार ८ सय ८४
सुदुरपश्चिम	८२.८	१ लाख ७६ हजार १ सय ५१

वित्त नीतिलाई सघाउने गरी मौद्रिक नीति आउँछ : गभर्नर पौडेल

नयाँ पत्रिका



नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले आगामी आर्थिक वर्ष ०८२/८३ को मौद्रिक नीति वित्त नीतिलाई सघाउने गरी तर्जुमा गरिने स्पष्ट पारेका छन्। नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले आइतबार काठमाडौंमा आयोजित 'प्रि-मनिटरी' कार्यक्रममा गभर्नर पौडेलले वित्त नीति र मौद्रिक नीतिबिच समन्वय अपरिहार्य भएको बताए।

उनका अनुसार कृषि, ऊर्जा र उद्योगजस्ता प्राथमिकताप्राप्त क्षेत्रको प्रवर्द्धन हुने गरी मौद्रिक नीति तयार गरिनेछ। यिनै क्षेत्रमा निष्क्रिय कर्जा (एनपिएल) बढी देखिएको गभर्नर पौडेलले स्वीकार गर्दै भने, 'डेढ सय वर्षअघि संस्थाको ब्यालेन्स सिट हेरेर ऋणको स्थिति मूल्यांकन गरिन्थ्यो, अहिले भने प्राथमिक क्षेत्रमै बढी एनपिएल देखिएको छ। तर, साना व्यवसायीलाई पनि प्रवर्द्धन गर्न जरुरी छ। त्यसैले सबै क्षेत्र समेटेर अगाडि बढ्छौं।'

कार्यक्रममा नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले खराब कर्जा बढिरहँदा धितो लिलामीमा बिक्री हुन नसकेको गुनासो गर्दै सम्पत्ति व्यवस्थापन कम्पनीको आवश्यकता औंल्याए। 'समस्या धितोको हैन, नगदको हो', उनले स्पष्ट पारे, 'सामान बिक्री नहुँदा पैसा उठेको छैन, ऋण तिर्न नसकिएको अवस्था हो।'

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)का अध्यक्ष उपेन्द्रप्रसाद पौड्यालले केन्द्रीय बैंकको निर्देशित कर्जा प्रतिशत पुऱ्याउने दबाबले बैंकहरू आक्रामक बनेको बताए। 'कर्जा उठाउन नसक्दा एनपिएल बढेको हो,' पौड्यालले भने, 'साना तथा मझौला उद्यमीको व्यवस्थापन चुनौतीपूर्ण हुँदा कर्जा तिर्ने क्षमताको मूल्यांकन गाह्रो भएको छ। त्यसैले निर्देशित कर्जाको प्रभावको छुट्टै मूल्यांकन आवश्यक छ।'

सिबिफिनका वरिष्ठ उपाध्यक्ष राजेश उपाध्यायले कर्जाको नोक्सानी व्यवस्थामा कडाइ हुँदा बैंकहरूको पुँजीमा दबाब परेको बताए। भारतको तुलनामा नेपालमा धितो भएर पनि प्रोभिजन छुट्याउनुपर्ने व्यवस्थाले व्यावहारिक अप्ठ्यारो सिर्जना भएको उनले बताए। अर्थशास्त्री डा. मेनुका कार्कीले निजी क्षेत्रलाई दिइएको कर्जाले अर्थतन्त्रमा उत्पादकत्व र रोजगारी वृद्धि गरेको विश्लेषणका आधारमा नीति बनाउनुपर्ने धारणा राखिन्। खराब कर्जा बढ्दैमा बैंकहरू दोषी भन्न नमिल्ने उल्लेख गर्दै उनले पुनर्संरचना र तालिकीकरणले केही समय राहत दिए पनि त्यसको प्रभाव मूल्यांकन हुन आवश्यक रहेको बताइन्।

पूर्वमुख्यसचिव डा. वैकुण्ठ अर्यालले मौद्रिक र वित्त नीतिबिचको समन्वय अपरिहार्य रहेको औंल्याउँदै भने, 'वित्त नीतिले वातावरण बनाउँछ, मौद्रिक नीतिले सघाउँछ। तर, हामीकहाँ यी दुई नीति आ-आफ्नो बाटोमा हिँड्छन्।' राजस्व संकलन र सरकारी खर्च सन्तुलनमा नआउँदा वित्त नीति प्रभावकारी हुन नसकेको र त्यसैले निजी क्षेत्र मौद्रिक नीतिप्रति बढी आशावादी हुने गरेको उल्लेख गरे। अर्थशास्त्री डा. समीर खतिवडाले भने, मौद्रिक र वित्त नीति सधैं समन्वय हुनुपर्छ भन्ने नभएको तर्क गरे। 'राष्ट्र बैंकको मुख्य दायित्व मुद्रास्फीति नियन्त्रण हो,' उनले भने।

नेपाल-कोरिया सांस्कृतिक तथा पर्यटन प्रदर्शनी हुँदै

काठमाडौं/ आगामी नोभेम्बरमा दक्षिण कोरियामा नेपाल-कोरिया सांस्कृतिक, पर्यटन तथा शैक्षिक प्रदर्शनी आयोजना हुने भएको छ। एएमएस म्युजिक एँड इन्टरटेनमेन्ट प्रालिको आयोजनामा दक्षिण कोरियाको राजधानी सोलमा प्रदर्शनी आयोजना हुने भएको हो।

काठमाडौंमा आइतबार आयोजित पत्रकार सम्मेलनमा कम्पनीकी अध्यक्ष सत्यकला तामाङ लामाले आगामी नोभेम्बरमा दक्षिण कोरियामा विशेष कार्यक्रम आयोजना गर्न लागेको जानकारी दिइन्। नेपाल र दक्षिण कोरियाबिच सांस्कृतिक आदानप्रदान, पर्यटन प्रवर्द्धन, नेपाली खाना तथा सामग्री प्रदर्शनीका साथै शैक्षिक तथा श्रमबारे बहस गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको उनले बताइन्।



वर्ल्ड पिस युनियन र सर्भिस ओरियन्टेड इन्टरएक्टिभ भिडियो एप्लिकेसनको सहकार्यमा आयोजना हुने कार्यक्रममा नेपाली राष्ट्रिय कलाकारको विशेष प्रस्तुति रहनेछ। पत्रकार सम्मेलनमा कम्पनीकी प्रबन्ध निर्देशक फुर्वा ग्याल्बो मोक्तान (थुप्तेन)ले कार्यक्रमले दुई देशबिचको सम्बन्ध विस्तारका साथै नेपालमा पर्यटक बढाउन पनि सहयोग पुग्ने बताइन्। उक्त कार्यक्रमका लागि वर्ल्ड पिस युनियन अर्गनाइजेसन, वर्ल्ड पिस एम्बासडरका नेपाल गुडविल एम्बासडर योसेफ काङ र आयोजक कम्पनीका अध्यक्ष लामाबिच सम्झौता समेत भएको छ।

सुनचाँदीको दैनिक मूल्य तोक्न छाडियो
देशभर कारोबार ठप्प

नेपाल सुनचाँदी व्यवसायी महासंघले पछिल्लोपटक गत बिहीबार सुनको मूल्य प्रतितोला एक लाख ९१ हजार एक सय र चाँदीको मूल्य २१ सय ७० रुपैयाँ प्रतितोला तोकेको थियो।



नयाँ पत्रिका

सरकारले माग सम्बोधन नगरेपछि सुनचाँदी व्यवसायीले देशभर नै सुनचाँदीका गरगहनाको कारोबार ठप्प पारेका छन्। गत शुक्रबारदेखि नेपाल सुनचाँदी व्यवसायी महासंघले सुनचाँदीको दैनिक मूल्य निर्धारण गर्न पनि स्थगित गरेको छ।

सरकारले १५ जेठमा सार्वजनिक गरेको आगामी आर्थिक वर्षको बजेटले सुनको कारोबारमा २ प्रतिशत विलासिता कर र हिरा-पत्थरमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने व्यवस्था गरेको छ। यस व्यवस्थाले उपभोक्तालाई दोहोरो-तेहरो मार पर्ने तथा व्यवसायसमेत प्रभावित हुने भन्दै व्यवसायीले जेठ अन्तिम सातादेखि पसल नै बन्द गरेर विरोध जनाइरहेका छन्। यसबिचमा व्यवसायीले प्रधानमन्त्रीदेखि प्रमुख दलका नेता र सभामुखसम्मलाई भेटेर विलासी कर र भ्याट हटाउन माग गरेका छन्। तर, सरकारबाट माग सम्बोधन नभएपछि सुनको मूल्य तोक्न छाडिएको छ।

नेपाली बजारका लागि सुनचाँदीको मूल्य तोक्ने अधिकार नेपाल सुनचाँदी व्यवसायी महासंघलाई छ। महासंघले पछिल्लोपटक गत बिहीबार सुनको मूल्य तोकेको थियो। त्यसवेला सुनको मूल्य प्रतितोला एक लाख ९१ हजार एक सय र चाँदीको मूल्य २१ सय ७० रुपैयाँ प्रतितोला तोकिएको थियो। महासंघका निवर्तमान अध्यक्ष माणिकरत्न शाक्यले आन्दोलनस्वरूप मूल्य तोक्न स्थगन गरेको बताए। अहिले नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ र नेपाल हस्तकला महासंघको संयुक्त आह्वानमा व्यवसायीहरू पसल बन्द गरेर सडक आन्दोलनमा छन्। आफूहरूको माग पुरा नभएसम्म पसलहरू बन्द नै रहने नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघका सह कोषाध्यक्ष दिपक धनुकेले बताए। सम्पत्ति सुद्धिकरणको ग्रे लिष्टबाट बाहिरन सुनमा कर लगाइएको सरकारी तर्क हावादारी र तथ्यहिन भएको उनले जिकिर गरे। 'सुन विलासीताको वस्तु होइन, लगानीको राम्रो क्षेत्र हो, अन्य वस्तु आयात भएर खपत हुन्छ, ह्रास कट्टा हुन्छ तर सुनको मूल्य अझ बढ्छ' उनले भने, 'संस्कृति र परम्परासँग समेत जोडिएको सुनलाई बिलासीताको वस्तु भनेर जब्बरजस्ती उपभोक्तालाई मारमा पार्ने काम गर्नु हुँदैन।'

बजेटले सुनका गरगहना कारोबारमा लगाइएको विलासी कर हटाउन सांसदले पनि माग गर्दै आएका छन्।

राष्ट्रिय सभाको १५ असारको बैठकमा बोल्दै सांसद घनश्याम रिजालले २ प्रतिशत विलासिताको कर भने पनि ६ प्रतिशतसम्म पुग्ने बाध्यात्मक स्थिति बन्न जाने बताए। 'न्वारन-पास्नीदेखि बिहेसम्म सुनका गरगहना प्रयोग गर्ने संस्कृति छ। यसले उभोक्ता मारमा पर्छन्,' उनले भने, 'यस क्षेत्रमा २२ हजार व्यवसायी र दुई लाख कालिगडसहित समग्रमा १० लाख रोजगारी आश्रित छन्। ठुलो क्षेत्रलाई राज्यले उपेक्षा गर्नु राम्रो होइन।' प्रतिनिधिसभाको १४ असारको बैठकमा आर्थिक विधेयकमाथि छलफल गर्दै सांसदहरूले यी दुई क्षेत्रमा लगाइएको कर अव्यावहारिक र बेमनासिब भएको भन्दै फिर्ता लिन माग गरेका थिए। सत्तासाझेदार नेपाली कांग्रेसका सांसद एवं पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महत, माओवादी केन्द्रका सांसद एवं पूर्वअर्थमन्त्री वर्षमान पुनलगायतले सुन र एमएस वायरमा लगाइएको कर फिर्ता लिनुपर्ने बताएका थिए।

सुनको आयात साढे ४७ प्रतिशतले घट्यो

चालू आवको ११ महिनामा सुनको आयात परिमाणका आधारमा ४७.५९ प्रतिशतले घटेको छ। गत आवको जेठ मसान्तसम्म २३ अर्ब ६५ करोड ३९ लाखबराबरको २६ हजार पाँच सय १८ केजी सुन आयात भएको थियो। जसबाट राज्यले तीन अर्ब ६४ करोड ८३ लाख रुपैयाँ भन्सार राजस्व प्राप्त गरेको थियो। तर, चालू आवको जेठ मसान्तसम्ममा १७ अर्ब १२ करोड ८९ लाखबराबरको १३ हजार आठ सय ९५ केजी सुन आयात भएको छ। यसबाट राज्यले एक अर्ब ८५ करोड ६८ लाख रुपैयाँ भन्सार राजस्व प्राप्त गरेको छ।

एकातर्फ आयात घटेको छ भने अर्कातर्फ आयात भईसकेको सुन समेत व्यवसायीले उठाउन छाडेका छन्। महासंघका निवर्तमान अध्यक्ष माणिकरत्न शाक्यले पछिल्लो समय व्यवसायीले बैंकबाट सुन खरिद गर्न पनि छाडेको बताए। 'आयात घटेको छ, बैंकमा आएको सुन पनि व्यवसायीले लिएका छैनन्, पसलहरू बन्द छ, व्यापार ठप्प छ' उनले भने, 'यसले एकातर्फ व्यवसायीदेखि कालिगढसम्म समस्यामा परेका छन्, अर्कातर्फ सरकारले राजस्व समेत गुमाइरहेको छ।'

सरकारी नीतिकै कारण सुन पसलहरू बन्द भएको र त्यसको असर कालिगढदेखि आम उपभोक्तासम्ममा परेका महासंघका सहकोषाध्यक्ष धनुकेले बताए।

मधेश प्रदेशको आगामी आवको बजेट अलपत्र

जनकपुरधाममा **हदिश खुद्दार**

राजनीतिक दलहरूको खिचातानीले मधेश प्रदेशको आगामी आर्थिक वर्ष ०८२/८३ को बजेट अलपत्र परेको छ। १२ असारमा प्रदेश सभा बैठक बस्नुभन्दा एक घण्टाअगाडि अचानक सूचना टाँस गरी स्थगित गरिएको बैठक ११औं दिन आइतबार पनि विपक्षी दलहरूको अवरोधले स्थगित भयो। जसपा नेपाल, माओवादी केन्द्र, समाजवादीलगायतले बजेट पुनर्लेखन माग गर्दै बैठक अवरुद्ध गरेपछि सोमबार एक बजे बस्ने गरी स्थगित गरिएको छ।

आइतबारको बैठक सुरु भए पनि सत्तारूढ दलको एक महत्त्वपूर्ण घटक कांग्रेसका कुनै पनि सांसद बैठकमा सहभागी भएनन्। मुख्यमन्त्री सतिशकुमार सिंहसमेत सभामा उपस्थित भएनन्। अगामी आवको बजेटको रेडबुक सार्वजनिक भएलगतै गठबन्धन दलहरूबिच नै लफडा सुरु भएपछि सरकारकै आग्रहमा सभामुख रामचन्द्र मण्डलले स्थगित गरेका थिए। मधेश सरकारको नेतृत्व गरिरहेका जनमत पार्टीका अध्यक्षले बजेटमा एमाले, कांग्रेस र बिचौलिया हाबी भएको आरोप लगाउँदै सार्वजनिक रूपमै गम्भीर असन्तुष्टि व्यक्त गरेपछि सत्ता गठबन्धन दलहरूमा किचलो सुरु भएको हो। आफ्नो सिफारिसको योजनालाई बजेटले बेवास्ता गरेको आरोप लगाउँदै १२ असारमा जनमत संसदीय दलको बैठकसमेत बसेको थियो।



बैठकले बजेट संशोधनको माग गर्ने तथा प्रदेश सभा स्थगन गराएको बारे सभामुखलाई पत्र पठाउने निर्णय गरेको थियो।

मुख्यमन्त्री सिंहले बजेटलाई लिएर सत्ता गठबन्धनका दलहरूसँग असन्तुष्ट रहेको स्वीकार गर्दै छलफलमार्फत समाधान गरेर बजेट पास गर्ने बताए।

जनमतले कांग्रेसका अर्थमन्त्री सुनीलकुमार यादवसहितले बिचौलियासँग बजेटमा व्यापक चलखेल गरेको आरोप लगाएका छन्। अर्थमन्त्री यादवले बजेटमा कुनै चलखेल नभएको दाबी गर्दै आएका छन्। 'विगतमा वर्षहरूमा सबै मन्त्रालयका योजनाहरूको इन्ट्री अर्थ मन्त्रालयबाट हुन्थ्यो। तर, यस वर्ष सबै मन्त्रालयहरूले आ-आफ्ना योजनाहरू एलएमबिआइएसमा इन्ट्री गरेर अर्थ मन्त्रालयमा पठाएका थिए,' उनले भने, 'त्यसकारण यसमा अर्थ मन्त्रालयका कर्मचारी वा कसैले चलखेल गर्ने कुरै आउँदैनन्।'

अर्थ मन्त्रालयका सचिव रामकुमार महतोले अर्थ मन्त्रालयबाट कुनै योजनाको बजेट घटाउने वा बढाउने काम नभएको दाबी गरे। अर्थ मन्त्रालयले उपलब्ध गराएको सिलिङअनुसार सबै मन्त्रालयले योजनाहरू इन्ट्री गरेर पठाएको सचिव महतोले बताए। माग नै नगरिएको शीर्षकमा बजेट राखिएको हल्लामा सत्यता नरहेको सचिव महतोले बताए।

गर्जाङ उपत्यका हाइड्रोको बिक्री प्रबन्धकमा मुक्तिनाथ



काठमाडौं/ गर्जाङ उपत्यका हाइड्रोपावर लिमिटेडको सेयर बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल लिमिटेड नियुक्त भएको छ। मुक्तिनाथ क्यापिटल र गर्जाङ उपत्यका हाइड्रोबिच साधारण सेयर निष्कासन सेवासम्बन्धी दुईपक्षीय सम्झौता भएको हो। गर्जाङ उपत्यका हाइड्रोपावरका अध्यक्ष अरुणकुमार सुवेदी र मुक्तिनाथ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशीले उक्त सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। गार्जाङले आफ्नो जारी पुँजी ५० करोड रकमको २० प्रतिशतले हुन आउने १० करोड रकमबराबरको साधारण सेयर जारी गर्न लागेको हो। कम्पनीले सय रुपैयाँ अंकित दरमा १० लाख कित्ता साधारण सेयर सर्वसाधारणलाई बिक्री गर्नेछ।

गार्जाङ उपत्यका हाइड्रोपावर लिमिटेड २१ पुस ०६० मा प्राइभेट लिमिटेड कम्पनीका रूपमा स्थापति गरिएको थियो। २४ चैत ०७० मा पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण गरिएको हो। रामेछाप जिल्लामा रहेको कम्पनीको २.८३ मेगावाट क्षमताको रन-अफ-दि-रिभर प्रकारको चके खोला जलविद्युत् आयोजना सञ्चालनमा छ, जुन आयोजनाले २८ मंसिर ०७४ देखि व्यावसायिक उत्पादन सुरु गरिसकेको छ।

सिजीले ल्यायो नेपालकै पहिलो क्युएलइडी टिभी

काठमाडौं/ सिजी इलेक्ट्रोनिक्सले सिजी मेरिडिया ५५ इन्च कराओक क्युएलइडी टिभी सार्वजनिक गरेको छ। यसले नेपाली बजारमा पहिलोपटक डिस्प्ले विथ बिल्ट इन कराओके इन्टरटेनमेन्टलाई एकैसाथ ल्याएको कम्पनीले जनाएको छ। सिजीको लेभल अप अभियानअन्तर्गतको विकसित यो प्रविधिशील टेलिभिजन अब केवल हेर्ने मात्र होइन, गाउने, रमाउने र आफैँलाई प्रस्तुत गर्ने एक निजी स्टेज बन्न गइरहेको कम्पनीको भनाइ छ।

कम्पनीका अनुसार यो केवल प्रविधि होइन, नेपाली दर्शकका लागि तयार पारिएको एक नयाँ जीवनशैली अनुभव हो। उच्चस्तरको डिस्प्लेलाई इनबिल्ट कराओके प्रणालीसँग मिलाएर एउटा यस्तो उत्पादन ल्याइएको छ जसले प्रयोगकर्तालाई गाउने, रमाउने र आफ्नै घरभित्रै परिवार तथा प्रियजनसँग आफ्नो सेक्रेट रकस्टार उजागर गर्न प्रेरित गर्छ। 'सिजीले सधैँ नेपाली बजारमा नवीनतम प्रविधि ल्याउने लक्ष्य राखेको छ र मेरिडिया यस यात्राको अर्को ऐतिहासिक पाइला हो,' कम्पनीको भनाइ छ।



प्रोटोन इमासको नयाँ सोरुम थापाथलीमा

काठमाडौं/ शंकर ग्रुपको जगदम्बा मोटर्सले काठमाडौंको अटोमोटिभ हब मानिने थापाथलीमा प्रोटोन इमासको नयाँ सोरुम स्थापना गरेको छ। आइतबार आयोजित कार्यक्रमबिच इमासका ग्राहकसमेत रहेका गायक तथा संगीत निर्माता ब्रिजेश श्रेष्ठ र जगदम्बा मोटर्सका कार्यकारी निर्देशक अखिल गुप्ता, जगदम्बा मोटर्सका वरिष्ठ उपाध्यक्ष राजु भेटवाल र अभिनेत्री तथा निर्माता केकी अधिकारीले सोरुमको उद्घाटन गरे।

'हामी थापाथलीमा सोरुम खोल्न पाउँदा हर्षित छौँ, जुन हामीले आगामी वर्ष स्थापना गर्ने योजना बनाएका धेरै सोरुमहरूमध्ये यो पहिलो हो,' जगदम्बा मोटर्सका कार्यकारी निर्देशक गुप्ताले भने, 'हाम्रो उद्देश्य जगदम्बा मोटर्सबाट लगभग २५ प्रोटोन इमास सोरुम खोल्ने हो। यी सोरुमहरू कम्पनीको स्वामित्वमा रहने र कम्पनीद्वारा सञ्चालित हुनेछन्, ताकि प्रत्येक ग्राहकले प्रोटोन इमास छनोट गर्दा उत्कृष्ट सेवा र अनुभव प्राप्त गर्न सकून्।'





कार्यक्रममा गायक श्रेष्ठले इमास मोडेलसँगको आफ्नो अनुभव र सन्तुष्टि साझा गर्दै भने, 'यो मेरो र मेरो परिवारका लागि उत्तम गाडी हो, यसको ड्राइभिङ अनुभव अरू कसैसँग तुलना गर्न सकिँदैन र साँच्चै विद्युतीय सवारी हो।'

सोरुम उद्घाटनको विशेष कार्यक्रममा कम्पनीले प्रोटोन इमास-७ पाँच ग्राहकलाई हस्तान्तरणसमेत गरेको थियो। ब्रान्डकी नयाँ ग्राहक अभिनेत्री केकी अधिकारीले भनिन्, 'मैले गाडी चलाउनेबित्तिकै मलाई यो गाडी मन पर्‍यो, मैले यसलाई नेपालमा शंकर ग्रुपले ल्याएको थाहा पाएपछि नै यो किन्ने निर्णय गरेँ।'

महिला निर्माण व्यवसायी लामालाई रिहा गर्न माग

काठमाडौं/ नेपाल निर्माण व्यवसायी महासंघले निर्माण व्यवसायी मञ्जु लामामाथि अभद्र व्यवहार गर्दै निन्दनीय रूपमा हिरासतमा थुनाइएको दाबी गर्दै उनलाई तत्काल रिहाइ गर्न माग गरेको छ। महासंघले आइतबार एक विज्ञप्ति जारी गर्दै महिला निर्माण व्यवसायी लामालाई तत्काल रिहाइ गर्न माग गरेको हो। महासंघले निर्माण उद्योगमा संलग्न व्यवसायीको सुरक्षाका विषयमा सरोकारवाला निकाय गम्भीर नभएको दाबीसमेत गरेको छ।

मकवानपुर जिल्लाको सहरी विकास तथा भवन कार्यालय र दोलखा काली भुमे कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रालिबिच ठेक्का सम्झौता भई कार्य भइरहँदा महिला निर्माण व्यवसायी लामामाथि अभद्र व्यवहार भएको भन्दै महासंघले आपत्ति जनाएकको हो। हेटौँडा उपमहानगरपालिका वडा नं ४ का अध्यक्ष नवीन सिग्देलले १९ असारमा लामामाथि अभद्र व्यवहार गर्दै जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासतमा थुनाउने कार्य गरेको घटनाको भर्त्सना गर्दै महासंघले त्यसप्रति खेद व्यक्त गरेको छ।

'सम्बन्धित कार्यालयसँग समन्वय गरी सत्यतथ्य पत्ता लगाई आपसी संवादमार्फत निष्पक्ष छानबिन गरी समस्या समाधान गर्नुपर्नेमा वडा अध्यक्षजस्तो जिम्मेवार व्यक्तिबाट निर्माण कार्य तीव्र रूपमा गर्नुपर्ने अहिलेकै सिजनमा महिला निर्माण व्यवसायीउपर भएको यस किसिमको हर्कतबाट जनप्रतिनिधिमा सत्ता उन्माद भई कानुनी शासनको उपहास गरिएको महासंघको ठहर छ,' विज्ञप्तिमा उल्लेख छ।

फरवार्डले गर्‍यो विपन्न बेरोजगारलाई सफारी हस्तान्तरण

काठमाडौं/ फरवार्ड माइक्रो फाइनान्स लघुवित्त वित्तीय संस्थाले विपन्न समुदायका १० जनालाई सिटी सफारी वितरण गरेको छ। फरवार्ड माइक्रो फाइनान्सको खनार सुनसरी शाखाले स्वरोजगार प्रवर्द्धनमार्फत गरिबी न्यूनीकरणमा योगदानसमेत पुर्‍याउने उद्देश्यसहित सफारी वितरण गरेको जनाएको छ। आर्थिक रूपमा कमजोर युवालाई तालिमसमेत प्रदान गरेर सहुलियत ब्याजदरमा तिर्ने गरी सफारी दिएको कम्पनीले जनाएको छ। फरवार्ड माइक्रो फाइनान्सले श्री गणपति पिजी एन्ड सप्लायर्स कम्पनी विराटनगरसँग खरिद गरेर युवालाई वितरण गरेको हो। प्रतिसफारी दुई लाख ६५ हजार खरिद मूल्य रहेको संस्थाले जनाएको छ। फरवार्ड माइक्रो फाइनान्सका कर्जा विभाग प्रमुख वचनकुमार चौधरी र खनारका शाखा प्रमुख सिमलाकुमारी चौधरीले संयुक्त रूपमा ग्राहकलाई सफारी हस्तान्तरण गरे। यस कार्यले बेरोजगारीलाई स्वरोजगार बनाउनुका साथै परिवार चलाउन सहज हुने संस्थाले जनाएको छ।

निवृत्तभरण अधिकार पत्र (पेन्सन पट्टा) हराएको सूचना

मिति २०८२/०२/२३ गते फुङलिङ नगरपालिका वडा नं. ९, हाङ्देवाबाट जिल्ला सदरमुकाम तर्फ जानेक्रममा बाटैमा निवृत्तभरण अधिकार पत्र (पेन्सन पट्टा) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय अथवा तलको ठेगानामा बुझाई दिनुहन हार्दिक अनुरोध गर्दछु।

नामः बल बहादुर लिम्बु लाबुङ
ठेगानाः फुङलिङ न.पा.-९, ताप्लेजुङ
पेन्सन पट्टा नं. : २०२०१६२
सम्पर्क नं.: ९८१७९८६८८१, ९८४२६९०३२८

घर जग्गा बिक्री बारे सुचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०५/२३)

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित घर-जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्र मार्फत बिक्री गर्न लागिएको हुँदा सो घर-जग्गा खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाबाट निम्न लिखित शर्तहरुको अधिनमा रही आफूले के कति मूल्य तिरी लिन चाहेको हो सो मूल्य उल्लेख गरि यो सूचना प्रकाशित भएको मितिले **१५ दिन** भित्र यस बैंकको तल उल्लेखित स्थानमा शीलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

जिल्ला	स्थान	कित्ता नं.	क्षेत्रफल
कैलाली	धनगढी उप.न.पा. ०३, धनगढी	६०६	१,३८० वर्ग मि

शर्तहरु :

१. शिलबन्दी बोलपत्र खामबन्दी सहित खाम बाहिर **"घर जग्गा खरीद गर्ने सम्बन्धी शिलबन्दी बोलपत्र प्रस्ताव"** प्रष्ट रुपमा लेखि, प्रस्तावित ठाँउको नाम, सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर समेत उल्लेख गरि आफुलाई पाएक पर्ने नबिल बैंकको निम्न लिखित कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति **२०८२/०४/०५** गते दिउँसो ३:०० बजे (बैकिंङ्ग समय) भित्र बुझाई सक्नु पर्नेछ।

प्रदेश	कार्यालय/ शाखा
सुदुरपश्चिम	धनगढी शाखा कार्यालय/प्रादेशिक कार्यालय- रातोपुल धनगढी
बागमती	प्रशासन विभाग, घण्टाघर, काठमाडौं

२. बागमती प्रदेशमा प्राप्त बोलपत्रहरु बैंकको घण्टाघर, काठमाडौं स्थीत प्रशासन विभाग र सुदुरपश्चिम प्रदेशमा प्राप्त बोलपत्रहरु रातोपुल धनगढी स्थीत प्रादेशिक कार्यालयमा मिति **२०८२/०४/०६** गते बिहान ११:०० बजे बोलपत्र दाता र/वा निजका प्रतिनिधीहरुको रोहबरमा खोलिनेछ। तर बोलपत्र दाता वा निजको प्रतिनिधीको उपस्थिति नहुँदै मा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा बैकिंङ्ग समय भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन बिहान ११:०० बजे बोलपत्र खोलिनेछ।
४. बिक्री गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
५. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्ट सँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको घण्टाघर शाखा र धनगढी शाखामा खाता नं ९३२५४००१००६ मा रकम जम्मा गरी सो को सक्कल भौचरसमेत बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
६. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर खरिद गरी लिने व्यक्ति/फर्म/कम्पनी/संस्था स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
७. कुनै पनि कारण पर्न गई सम्पत्ति बिक्री गर्न नसकीने/नमिल्ने अवस्था श्रृजना हुन गएमा त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित बोलपत्र दातालाइ फिर्ता दिईनेछ तर सो मा कुनै ब्याज प्रदानगरिने छैन।
८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुर्‍याई दर्ता हुनआएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
९. बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको घण्टाघर, काठमाडौं स्थीत प्रशासन विभागमा, कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

NABIL BANK®
प्रशासन शाखा, घण्टाघर, काठमाडौं फोन नं. ०१-५९७१८७१

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८२।०३।२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८२।०३।३० मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं। प्रचलित कानूनको अधिनमा रही बैकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ। गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरणः

१. ऋणीको नामः सिद्धार्थ काष्ठ तथा फर्निचर उद्योग **कर्जा शिर्षकः** ओभरड्राफ्ट, डिमान्ड कर्जा र सवारी साधन कर्जा
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता रहेको), दर्ता नं.: ४१००/०६७, दर्ता मिति : २०६७/०५/१३, स्थायी लेखा नं.: ६०४०००४३१, ठेगानाः कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा. वडा नं.८।

प्रोप्राईटरः
अनुप ज्योती पोखेलः ना.प्र.प.नं (जारी मिति/स्थान): २३३८/४४९/०४४(२०५९/१२/१२/अर्घाखाँची), बाजेको नामः कुलराज पोखेल, बाबुको नामः चन्द्र प्रकाश पोखेल, ठेगानाः अर्घाखाँची जिल्ला, सिद्धारा गा.वि.स.वडा नं.४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा. वडा नं.९।

व्यक्तिगत जमानतकर्ताहरुः
क. वसन्ता पोखेलः ना.प्र.प.नं (जारी मिति/स्थान): ४०१३७००/७१९८(२०६२/०९/१७/अर्घाखाँची), बाबुको नामः किम बहादुर वेल्वासे, ससुराको नामः चन्द्र प्रकाश पोखेल, पतिको नामः अनुप ज्योती पोखेल, ठेगानाः अर्घाखाँची जिल्ला, सिद्धारा गा.वि.स.वडा नं.४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा. वडा नं.९।
ख. सिता पोखेलः ना.प्र.प.नं (जारी मिति/स्थान): १/०४/६०७९१ (२०६२/०१/२७/अर्घाखाँची), बाबुको नामः डोर बहादुर थापा क्षेत्री, ससुराको नामः चन्द्र प्रकाश पोखेल, पतिको नामः अनुप ज्योती पोखेल, ठेगानाः अर्घाखाँची जिल्ला, सिद्धारा गा.वि.स.वडा नं.४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा. वडा नं.९।

लिलाम हुने धितोको विवरणः
क. डोर बहादुर थापा क्षेत्रीको छोरी, चन्द्र प्रकाश पोखेलको बुहारी, अनुप ज्योती पोखेलको पत्नि, अर्घाखाँची जिल्ला, सिद्धारा गा.वि.स. वडा नं.४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा. वडा नं.९ बस्ने **सिता पोखेल**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तु को लगतमा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला, बुद्दि गा.वि.स./न.पा. वडा नं.९/ख स्थित कि.न. १६०० को क्षेत्रफल १६०.८५ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।
ख. किम बहादुर वेल्वासेको छोरी, चन्द्र प्रकाश पोखेलको बुहारी, अनुप ज्योती पोखेलको पत्नि, अर्घाखाँची जिल्ला, सिद्धारा गा.वि.स. वडा नं.४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा. वडा नं.९ बस्ने **वसन्ता पोखेल**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला, बरकलपुर गा.वि.स./न.पा. वडा नं.८/क स्थित कि.न. १०६५ को क्षेत्रफल ०-१-०१/२ (बिघा).को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO | Member of : Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

प्रभु बैंक लिमिटेड शाखा कार्यालय, रंगेली मोरङ्गका धितोमा रहेको सम्पति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८२/०३/२३ गते सोमबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको शाखा कार्यालय रंगेली (साबिकको सेञ्चुरी कमर्सियल बैंक लि.)का तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/०५/१८ गते सोमबारको **नयाँ पत्रिका राष्ट्रिय दैनीक** पत्रिकामा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनीक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले मिति २०८०/११/१७ गते बिहिबारको **नयाँ पत्रिका राष्ट्रिय दैनिक** पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको तथा धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीको लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्रको माध्यमवाट पून: लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरि लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन अर्थात मिति २०८२/०३/२९ गते आइतबार भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय रंगेली, मोरङ्गमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८२/०३/३० गते सोमबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको **शाखा कार्यालय रंगेली मोरङ्गमा** दिनको ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो स्वरुप रहेका तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

१. ऋणी : नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा कम्पनी ऐन, २०६३ वमोजिम मिति २०६८/०४/२३ गते दर्ता न. ८५३५१/०६८/०६९ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय बिराटनगर मोरङ्गबाट मिति २०६८/०७/२० (स्वास्थ्य सेवा कर दर्ता मिति २०६८/०७/२०) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ३०५२५९७६१ को प्रमाणपत्र प्राप्त **सिद्धार्थ हस्पिटल एण्ड ट्रमा सेन्टर प्रा.लि. (साविकको दुर्गापुरी हस्पिटल प्रा.लि.)**। रजिष्टर्ड ठेगाना : मोरङ्ग जिल्ला, रंगेली न.पा वडा नं. ७ ।

संचालक तथा जमानतकर्ता : विक्रम प्रसाद मंडल (ना.प्र.नं. ३१२४/३०/०५३, जारी मिति २०५३/१०/२४, जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली गा.बि.स. वडा नं. ६ । (हाल : मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं. ६) । बाबु : नन्द किशोर मण्डल । बाजे : कदमलाल मण्डल ।	**जमानतकर्ता : शुष्मा कुमारी मंडल** (ना.प्र.नं. ६७७८/१५३५, जारी मिति २०५५/११/०३ जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली गा.बि.स. वडा नं. ६ । (हाल : मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं. ६) । बाबु : ददु मंडल । पति : विक्रम प्रसाद मंडल/ससुरा : नन्द किशोर मण्डल ।
जमानतकर्ता : नन्द किशोर मण्डल (ना.प्र.नं. १३४५/१४१०, जारी मिति २०३३/०३/११, जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली गा.बि.स. वडा नं. ६ । (हाल : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६) । बाबु : कदमलाल मण्डल । बाजे : वस्तीलाल मण्डल ।	**जमानतकर्ता : मानकी देवी मण्डल** (ना.प्र.नं. २१७, जारी मिति २०४३/०९/०९ जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली गा.बि.स. वडा नं. ६ । (हाल : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६) । बाबु : माहाविर मण्डल । पति : नन्द किशोर मण्डल /ससुरा : कदमलाल मण्डल ।
जमानतकर्ता : पंकज कुमार मंडल (ना.प्र.नं. ६२३५/१५८८, जारी मिति २०५५/०८/१५, जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली गा.बि.स. वडा नं. ६ । (हाल : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६) । बाबु : नन्द किशोर मण्डल । बाजे : कदमलाल मण्डल ।	**जमानतकर्ता : सोनिका कुमारी मण्डल** (ना.प्र.नं. ७६०, जारी मिति २०७१/०६/०८ जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली गा.बि.स./न.पा. वडा नं. २ । (हाल : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६) । बाबु : अशोक कुमार मण्डल । पति : पंकज कुमार मंडल /ससुरा : नन्द किशोर मण्डल ।
२. ऋणी : विक्रम प्रसाद मंडल (ना.प्र.नं. ३१२४/३०/०५३, जारी मिति २०५३/१०/२४, जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली गा.बि.स. वडा नं. ६ । (हाल : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६) । बाबु : नन्द किशोर मण्डल । बाजे : कदमलाल मण्डल ।	**जमानतकर्ता : शुष्मा कुमारी मंडल** (ना.प्र.नं. ६७७८/१५३५, जारी मिति २०५५/११/०३ जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली गा.बि.स. वडा नं. ६ । (हाल : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६) । बाबु : ददु मंडल । पति : विक्रम प्रसाद मंडल /ससुरा : नन्द किशोर मण्डल ।
जमानतकर्ता : नन्द किशोर मण्डल (ना.प्र.नं. १३४५/१४१०, जारी मिति २०३३/०३/११, जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली गा.बि.स. वडा नं. ६ । (हाल : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६) । बाबु : कदमलाल मण्डल । बाजे : वस्तीलाल मण्डल ।	**जमानतकर्ता : मानकी देवी मण्डल** (ना.प्र.नं. २१७, जारी मिति २०४३/०९/०९ जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली गा.बि.स. वडा नं. ६ । (हाल : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६) । बाबु : माहाविर मण्डल । पति : नन्द किशोर मण्डल /ससुरा : कदमलाल मण्डल ।
जमानतकर्ता : पंकज कुमार मंडल (ना.प्र.नं. ६२३५/१५८८, जारी मिति २०५५/०८/१५, जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली गा.बि.स. वडा नं. ६ । (हाल : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६) । बाबु : नन्द किशोर मण्डल । बाजे : कदमलाल मण्डल ।	**जमानतकर्ता : सोनिका कुमारी मण्डल** (ना.प्र.नं. ७६०, जारी मिति २०७१/०६/०८ जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली गा.बि.स./न.पा. वडा नं. २ । (हाल : मोरङ्ग जिल्ला रंगेली न.पा वडा नं. ६) । बाबु : अशोक कुमार मण्डल । पति : पंकज कुमार मंडल/ससुरा : नन्द किशोर मण्डल ।
जमानतकर्ता : अभिषेक मंडल (ना.प्र.नं. ०५-०६-७८-०२०३९, जारी मिति २०७८/०६/१०, जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं. ६ । बाबु : विक्रम प्रसाद मंडल । बाजे : नन्द किशोर मण्डल ।	**लिलाम विक्री हुने धितो सम्पत्तिको विवरण :** १. नन्द किशोर मण्डलको नाममा मालपोत कार्यालय रंगेली मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला रंगेली गा.बि.स. वडा नं. ६ नक्सा सिट नं. १७८०७२२ स्थित कि.नं. १७ को क्षेत्रफल ६७२०.०० वर्ग.मि.को घर/जग्गा र ऐ.ऐ. वडा नं. ६ नक्सा सिट नं. १७८०७२१ स्थित कित्ता नं. ७१५ को क्षेत्रफल ६७७.२६ वर्ग.मि. घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..............१ २. ऋणी सिद्धार्थ हस्पिटल एण्ड ट्रमा सेन्टर प्रा.लि. (साविकको दुर्गापुरी हस्पिटल प्रा.लि.) को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु/प्लान्ट मेशिनरी उपर हाइपोथिकेशन सुरक्षण १

पुनश्च :
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय, रंगेली मोरङ्गमा**बाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय, रंगेली मोरङ्गमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

साफ यू-२० महिला च्याम्पियनसिपमा नेपाललाई अवसर

२७ असारदेखि ५ साउनसम्म हुने च्याम्पियनसिपमा भारत सहभागी नभएपछि नेपालको मुख्य प्रतिद्वन्द्वी बंगलादेश

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

बंगलादेशमा साफ यू-२० महिला फुटबल च्याम्पियनसिप हुँदै छ। २७ असारदेखि ५ साउनसम्म हुने साफ च्याम्पियनसिपमा नेपालको उमेर समूहको टोलीले प्रतिस्पर्धा गर्नेछ। सिनियर महिला टोली अन्तर्राष्ट्रिय प्रतियोगितामा उपाधिविहीन भएको अवस्थामा उमेर समूहले त्यसको खडेरी पूरा गर्ने लक्ष्य राखेको छ। बंगलादेशमा यसै साताबाट सुरु हुने च्याम्पियनसिपमा नेपालसमक्ष उपाधि जित्ने अवसर पनि छ। यसपटक नेपालको मुख्य चुनौती नै आयोजक बंगलादेश रहनेछ। पाकिस्तान र भारतले प्रतियोगितामा सहभागिता नजनाउँदा जुनियर महिला टोलीले उपाधि जित्न अवसर प्राप्त गरेको हो।

१० दिनसम्म बंगलादेशमामा चल्ने प्रतियोगितामा आयोजकसहित नेपाल, भुटान र श्रीलंकाले प्रतिस्पर्धा गर्नेछन्। चार टोली मात्र रहेको च्याम्पियनसिपमा नेपाल र बंगलादेशलाई उपाधि दाबेदार राष्ट्रका रूपमा हेरिएको छ। भारतको अनुपस्थितिमा नेपाललले फाइदा लिन सक्नेछ। उपाधि जित्ने लक्ष्यका साथ खेलाडीहरूले तयारी गरेका छन्। अखिल नेपाल फुटबल संघ (एन्फा)ले यू-२० महिला टोलीको तयारी र प्रशिक्षण अन्तिम अवस्थामा पुगेको जनाएको छ।

अन्तर्राष्ट्रिय महिला फुटबलमा उपाधिको खडेरी तोड्ने लक्ष्यका साथ एन्फाले महिलातर्फको उमेर समूहलाई बलियो बनाउँदै गएको छ। यसपटक छनोटमा उमेर समूहबाट घरेलु प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका खेलाडीलाई अन्तिम स्वरूप दिइएको छ। महिला फुटबलमा एन्फाले त्यति धेरै लगानी



सातदोबाटोको एन्फा कम्प्लेक्समा साफ यू-२० महिला च्याम्पियनसिपको तयारी गर्दै खेलाडी

नगरे पनि बंगलादेशले पछिल्लो समयमा उमेर र सिनियर समूहमा उल्लेखनीय प्रगति गरेको छ। बंगलादेशले महिला फुटबलमा ठुलो लगानी गरेको छ। यसको प्रतिफल पनि अन्तर्राष्ट्रिय खेलमा देखिएको छ। गत वर्ष काठमाडौंमै भएको सिनियरतर्फको महिला साफ च्याम्पियनसिपमा बंगलादेशले नेपाललाई हराउँदै उपाधि हात पारेको थियो।

डेढ महिनाको तयारी

एन्फाले यू-२० महिला टोली बनाउन लगभग ४५ दिन तयारी गरेको छ। एन्फाले टोली बनाउन सुर्खेत, झापा र काठमाडौंमा खेलाडी छनोट गरेको थियो। पहिलो चरणमा ६० खेलाडी क्लोज क्याम्पमा राखिएको थियो। क्याम्पमा उत्कृष्ट प्रदर्शन गरेका खेलाडीलाई समावेश गरी अहिले एन्फाले २३ सदस्यीय टोलीलाई बंगलादेशमा प्रतिस्पर्धा गराउनेछ। 'यसपटक टोली बनाउन प्रदेशबाट खेलाडी छनोट गरेका थियौं,' मुख्य प्रशिक्षक यामप्रसाद गुरुङले भने, 'खेलाडी छनोटदेखि टोली बनाउन ४५ दिनको समय पायौं।'

यो डेढ महिनामा निरन्तरता रूपमा प्रशिक्षणमा रहँदा टोली बलियो भएको गुरुङको भनाइ छ। 'हामीले डेढ महिनाभित्रमा यो टोली बनाएका छौं, यसले राम्रो नतिजा निकाल्ने विश्वास छ,' उनले भने। भारत प्रतियोगितामा सहभागी नभएको अवस्थामा बंगलादेश वा नेपालमध्ये एक विजेता बन्ने उनले बताए। यसपटकको टोलीमा साफ यू-१९ महिला च्याम्पियनसिप खेलेका खेलाडीकै बाहुल्य छ। टोलीमा नयाँ तीनजना खेलाडी रहेका छन्। एन्फाले यू-१५ र यू-१७ समूहका उत्कृष्ट खेलाडीलाई पनि समेटेको छ।

साबिक विजेता बंगलादेश बलियो

साफ च्याम्पियनसिपमा सर्वाधिक बलियो राष्ट्र बंगलादेश हो। बंगलादेशले अहिलेसम्म पाँचमध्ये चार संस्करणको उपाधि जितेको छ। बंगलादेशले सन् २०१८, ०२१, ०२३ र ०२४ मा उपाधि जितेको छ। यसपटक बलियो मानिएको नेपाल दुईपटक उपविजेता भएको छ। सन् २०१८ र ०२३ मा नेपाल फाइनलसम्म पुगेको थियो। नेपाल र बंगलादेशले सर्वाधिक पाँचपटक सहभागिता जनाउँदै छन्। चारपटक सहभागी भुटानले तीनपटक चौथो स्थान हात पारेको छ। भुटानले सन् २०१८, ०२३ र ०२४ मा चौथो स्थान रक्षा गरेको थियो। श्रीलंका सन् २०२१ मा समूह चरणबाटै बाहिरिएको थियो।

यू-२० साफ च्यासिम्पयनसिपमा सर्वाधिक अंक बटुल्ने टोली नै विजेता बन्ने आयोजकले जनाएको छ।

चार टोलीबिचको दोहोरो राउन्ड रोबिन खेलमा प्रत्येक टोलीले एकआपसमा दुईपटक खेल खेल्नेछ। नेपालको मुख्य प्रतिद्वन्द्वी नै आयोजक बंगलादेश हुन सक्छ। बंगलादेशमा हुने साफ यू-२० महिला च्याम्पियनसिपलाई एएफसी यू-२० महिला एसियन कपको छनोटको तयारी पनि हो। भुटानले २ देखि १० अगस्टसम्म एएफसी यू-२० महिला एसियन कपको छनोट खेल आयोजना गर्दै छ। एसियन कप छनोटको समूह 'ए'मा नेपालले उत्तर कोरियासँगै भुटान, मंगोलिया र साउदी अरेबियाविरुद्ध प्रतिस्पर्धा गर्नेछ।

एकदिवसीय र टी-२० आईमा नेपालको वरीयता यथावत्

आइसिसीले आइतबार सार्वजनिक गरेको वरीयताअनुसार नेपाल एकदिवसीयमा १७औं र टी-२० आईमा १८औं स्थानमै

नयाँ पत्रिका

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले आइतबार एकदिवसीय तथा टी-२० आई वरीयता सार्वजनिक गरेको छ। यी दुवै फर्म्याटमा नेपालको स्थानमा कुनै परिवर्तन आएको छैन। एकदिवसीयमा नेपाल १७औं तथा टी-२० आईमा १८औं स्थानमा छ। नेपालले ३१ एकदिवसीय खेलमा ३३ रेटिङ अंक पाएको छ। नेपालभन्दा माथि ओमान र एक स्थान तल क्यानडा रहेका छन्। आइसिसी विश्वकप लिग २ अन्तर्गत स्कटल्यान्डको सिरिजमा नेपालले उत्कृष्ट प्रदर्शन गरेको थियो।

गत महिना स्कटल्यान्डमा नेदरल्यान्ड्ससमेत सम्मलित सिरिजमा नेपालले आठमध्ये ६ अंक जोडेको थियो। नेपालले तीन खेलमा जित तथा एक खेलमा हारको सामना गरेको थियो। विश्वकप लिग २ को नतिजाअनुसार नेपालले एकदिवसीय वरीयतामा सुधार गर्ने अपेक्षा थियो। आइसिसीको नयाँ वरीयतामा पाकिस्तानले मात्र एक स्थान सुधार र श्रीलंकाले एक स्थान गुमाएको छ।

गत महिना स्कटल्यान्ड र नेदरल्यान्डसमेत रहेको त्रिकोणात्मक टी-२० सिरिजमा नेपाल उपविजेता बनेको थियो। सोही सिरिजमा नेपालका फास्ट बलर करण केसीले टी-२० आईमा सय विकेट पूरा गरेका थिए। नेपालबाट टी-२० आईमा सय विकेट लिने उनी दोस्रो बलर हुन्। यसअघि लेग स्पिनर सन्दीप लामिछानेले पहिलो नेपाली बलरका रूपमा सय विकेट पूरा गरेका थिए।



ब्याटिङमा यस सिजन आरिफ अगाडि

आइसिसीका अनुसार एक वर्षको अवधिमा एकदिवसीय खेलमा आरिफ शेख अगाडि छन्। उनले नौ खेलमा सर्वाधिक ३६२ रन जोडेका छन्। उनले ४५.२५ को स्ट्राइकमा ब्याटिङ गरेको आइसिसीले जनाएको छ। यसैगरी कप्तान रोहित पौडेलले १० इनिङ्समा २६५ रन जोडेका छन्। उनको ब्याटिङ स्ट्राइक २६.५० रहेको छ। विश्वकप लिग २ मा घाइते भएका कारण पूरै सिरिज खेल्न नपाएका अलराउन्डर गुल्सन झा एक वर्षभित्र नेपालबाट धेरै रन बनाउने सूचीको तेस्रो स्थानमा छन्। उनले नौ खेलमा २०४ रन बनाएका छन्। यसैगरी, एकदिवसीय बलिङमा सन्दीप लामिछाने सर्वाधिक विकेट लिने बलरमा अगाडि छन्। उनले एक वर्षको अवधिमा १० इनिङ्समा ३२.६६ को औसतमा सर्वाधिक १५ विकेट हात पारेका छन्। सोमपाल कामीले नौ इनिङ्समा १३ विकेट तथा गुल्सनले आठ इनिङ्समा १२ विकेट हात पारे।

टी-२० आई ब्याटिङमा भुर्तेल

नेपालका नियमित ओपनर कुशल भुर्तेलले एक वर्षभित्र नेपालबाट टी-२० आईमा सर्वाधिक रन बटुलेका छन्। उनले ४१ इनिङ्समा ३७.३३ को औसतमा ४४८ रन बटुलेका छन्। त्रिकोणात्मक सिरिजमा उनको ब्याटिङ चलेको थियो। कप्तान रोहित ३०१ रनका साथ दोस्रो स्थानमा छन्। आसिफ शेखले १२ टी-२० आईमा २८७ रन बनाएका छन्। टी-२० आईमै सन्दीपले एक वर्षभित्र धेरै विकेट लिए।

५८ वर्षपछि बर्मिंघममा भारत विजयी

एजेन्सी

भारतले इंग्ल्यान्डविरुद्धको दोस्रो टेस्टमा ३३६ रनको फराकिलो अन्तरको जित निकालेको छ। भारतले घरेलु टोलीलाई ६०८ रनको लक्ष्य दिएको थियो। प्रत्युत्तरमा इंग्ल्यान्डले पाँचौं दिन आइतबार ६८.१ ओभरमा सबै विकेट गुमाएर २७१ रन मात्र जोड्यो। जितसँगै भारतले पाँच टेस्टको सिरिज १-१ को बराबरी गरेको छ। यसअघि पहिलो टेस्टमा इंग्ल्यान्ड विजयी भएको थियो।

बर्मिंघमको मैदानमा भारतले ५८ वर्षपछि टेस्टमा जित निकालेको हो। सन् १९६७ मा भारतले अन्तिमपटक बर्मिंघममा इंग्ल्यान्डलाई हराएको थियो। सन् १९८६ पछि भारत इंग्ल्यान्डको भूमिमा ठुलो जित अन्तरले विजयी भयो। पछिल्लोपटक इंग्ल्यान्डको भूमिमा भारतले २७९ रनको जित अन्तर राखेको थियो। बर्मिंघम मैदानमा अहिलेसम्म भारत र इंग्ल्यान्डबिच आठ टेस्ट भएको छ। जसमा भारतले आठ खेल गुमाएको छ।

इंग्ल्यान्ड सात टेस्टमा विजयी हुँदा एकमा बराबरी नतिजा निस्केको छ। भारतले दोस्रो टेस्टको पहिलो इनिङ्समा ५८७ रन जोडेको थियो। जसमा कप्तान शुभमन गिलले २६९ रनको दोहोरो शतक लगाएका थिए। पहिलो इनिङ्समा इंग्ल्यान्ड ४०७ रनमा रोकियो। भारतले दोस्रो इनिङ्समा गिलकै १६१ रनको शतकीय योगदानमा ४२७/७ को अवस्थामा खेल समाप्तीको घोषणा गऱ्यो। ६०८ रनको विशाल लक्ष्य पछ्याएको इंग्ल्यान्डले दोस्रो इनिङ्समा गतिलो ब्याटिङ गर्न सकेन।

इंग्ल्यान्डका लागि जेमिए स्मिथले सर्वाधिक ८८ रन जोडे। उनले ९९ बलमा नौ चौका र चार छक्का प्रहार गरेका थिए। भारतका लागि आकाश दीपले सर्वाधिक ६ विकेट हात पारे। उनले पहिलो विकेटमा पनि चार विकेट लिए। दोस्रो टेस्टमा गिल म्यान अफ दी म्याच भए।



संकटा र मच्छिन्द्र विजयी

काठमाडौं/ एन्फा यू-१६ युथ लिगमा संकटा, मच्छिन्द्र र नेपाल पुलिस क्लब विजयी भएका छन्। एन्फा कम्प्लेक्समा मैदानमा आइतबार भएको खेलमा संकटाले जावलाखेल युथ क्लबलाई ५-० ले पराजित गऱ्यो। अर्को खेलमा मच्छिन्द्रले एपिएफ फुटबलमाथि ४-१ को जित निकाल्यो। मच्छिन्द्रको जितमा सुमन बम ठकुरी र विकास थापाले समान दुई गोल गरे। एपिएफका लागि पूजन ढकालले एक गोल फर्काए। पुलिसले न्युरोड टिम (एनआरटी)लाई ६-० को फराकिलो अन्तरले पाखा लगाएको छ। पुलिसको जितमा समीर कुमारले ह्याट्रिक गरेका थिए। उनले खेलको ६७औं मिनेटमा ह्याट्रिक पूरा गरेका हुन्। प्रतियोगितामा 'ए' डिभिजन क्लबका १४ टोली सहभागी छन्।

बास्केटबलको उपाधि बागमतीलाई

कास्की/ बागमती प्रदेशले गण्डकी कप महिला राष्ट्रिय बास्केटबल प्रतियोगिताको उपाधि जितेको छ। गण्डकी प्रदेश बास्केटबल संघको आयोजनामा आइतबार भएको फाइनलमा आयोजक गण्डकीलाई ५५-३४ को स्कोरमा हराउँदै बागमती च्याम्पियन भएको हो। बागमतीले गण्डकीसँग लिग चरणमा व्यहोरेको हारको बदलासमेत लिएको छ। लिग चरणमा गण्डकीले बागमतीलाई सहज सेटमा हराएको थियो। विजेताले एक लाख, उपविजेताले ५० हजार र सेमिफाइनलिस्टले जनही १० हजार रुपैयाँ पाएका छन्। सेमिफाइनलमा कर्णाली र कोशी प्रदेश पुगेका थिए। कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी र कर्णालीले प्रतिस्पर्धा गरेका थिए। प्रतियोगितामा बागमतीकी मीना गुरुङ मोस्ट भेलुएबल प्लेयर भएकी छिन्।

२१ स्वर्णसहित समग्रमा नेपाल दोस्रो

काठमाडौं/ साबिक विजेता नेपाल नवौं दक्षिण एसियाली कराँते च्याम्पियनसिपमा उपविजेता बनेको छ। श्रीलंकाको कोलम्बोमा भएको प्रतियोगितामा नेपाल २१ स्वर्ण, नौ रजत र ६ कांस्यका साथ दोस्रो स्थानमा रहेको हो। समग्रमा नेपालले ३६ पदक जित्यो। प्रतियोगितामा भारत च्याम्पियन बनेको छ। भारतले सर्वाधिक २३ स्वर्ण, २४ रजत र दुई कांस्य हात पाऱ्यो। महिला ६८ केजीमाथि एरिका गुरुङले स्वर्ण हात पारिन्। ५० केजीमा पुष्पका लामा तथा ५५ केजीमुनि सविना श्रेष्ठले व्यक्तिगत र टिम कुमुतेमा नेपाललाई दोहोरो स्वर्ण दिलाए।

प्रदीप बैजाली मगरले यू-२१ र सिनियरको व्यक्तिगत कुमुतेमा समान एक स्वर्ण जिते। उनले टिम कुमुतेमा रजत जितेको नेपाल कराँते महासंघका अध्यक्ष युवराज लामाले जानकारी दिए। यसअघि सातौं र आठौं संस्करणमा पहिलो भएको नेपाल यसपटक भने दोस्रो स्थानमा सीमित भएको हो।



प्रतियोगितामा आयोजक श्रीलंका तेस्रो बनेको छ। श्रीलंकाले १६ स्वर्ण, २० रजत र २३ कांस्य जित्यो। तीन स्वर्ण, सात रजत र १४ कांस्यका साथ बंगलादेश चौथो भयो। ६ राष्ट्र सहभागी प्रतियोगितामा पाकिस्तान एक रजत र ७ कांस्यसाथ पाँचौं र एक रजत र एक कांस्यसाथ भुटान छैटौं भए।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

बायर्न म्युनिखबाट बिदा भए मुलर

२५ वर्षसम्म निरन्तर जर्मन क्लब बायर्न म्युनिखमा आबद्ध थोमस मुलरको अन्तिम खेल पिएसजीविरुद्ध

एजेन्सी

बायर्न म्युनिखका सबैभन्दा अनुभवी स्ट्राइकर थोमस मुलरले बुन्डेस लिगा फुटबलबाट सन्न्यास लिएका छन्। अमेरिकामा चलिरहेको फिफा क्लब विश्वकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा पेरिस सेन्ट जर्मेन (पिएसजी)बाट बायर्न २-० ले पराजित भएसँगै मुलरको जर्मन क्लबसँगको यात्रा पनि विश्राम लागेको हो। क्लब विश्वकपमा सहभागी हुनुअघि उनले बायर्नबाट अन्तिम प्रतियोगिता भएको घोषणा गरेका थिए।

मुलर करिअरकै अन्तिम प्रतियोगितामा बायर्नलाई उपाधि दिलाउन चाहन्थे। तर, उनको यो सपना पूरा भएन। रेफ्रीले खेलको अन्तिम सिट्ठी बजाएपछि बायर्नबाट अन्तिममा मैदानबाट बाहिरिने खेलाडी मुलर थिए। उनी आफ्ना समर्थक तथा साथीहरूलाई धन्यवाद दिँदै बिदा लिए। यसमँगै उनको जर्मन क्लबसँगको २५ वर्ष अतुलनीय यात्रा समाप्त भएको हो।

पिएसजीविरुद्धको खेलमा मुलर ८०औं मिनेटमा वैकल्पिक खेलाडीका रूपमा मैदान छिरेका थिए। प्रतिस्पर्धामा मुलरले जर्मन क्लबलाई बराबरीमा ल्याउने निकै प्रयास गरेका थिए। यद्यपि, खेल सकिन धेरै समय नभए पनि उनले आफ्नो दुई दशक लामो अनुभव पिएसजीविरुद्ध प्रयोग गरेका थिए। तेस्रोपटक बायर्नलाई क्लब विश्वकप च्याम्पियन बनाउने धोका पूरा नहुँदा उनी निराश देखिन्थे। 'खेल सुरु हुनुअगाडि च्याम्पियन हुने योजना बनाएका थियौं। थप एक चरण अघि बढ्न प्रयास गरेको थिएँ, तर सफल हुन सकिनँ,' मुलरले भने, 'मैले एकसाथ दुई किसिमको अनुभव गर्ने अवसर पाएँ।'



बायर्न म्युनिखमा करिअर

खेल	७५५
गोल	२५०
असिस्ट	२७६
मेजर ट्रफी	३३
बुन्डेस लिगा	१३
डिएफबी पोकाल	६
च्याम्पियन्स लिग	२
युइएफए सुपर कप	२
फिफा क्लब विश्वकप	२

सन् २००० देखि फुटबल यात्रा

जर्मन फुटबल इतिहासमा आक्रामक रूपमा विपक्षी डिबक्समित्र प्रवेश गर्ने र उत्तिकै चलाखीका साथ गोल गर्न सक्ने खेलाडीका रूपमा मुलरलाई लिने गरिन्छ। यो दुई दशकमा उनले यही स्वभावमा जर्मन फुटबलमा राज गरे। सन् २००० मा उनले बायर्न म्युनिखको एकेडेमीबाट करिअर सुरु गरेका थिए। त्यसवेला उनको उमेर १० वर्षको मात्र थियो। युथ एकेडेमी हुँदै उनले बायर्नको सिनियर टोलीसम्म स्थान बनाए। करिअरमा उनले कहिल्यै पछाडि फर्केर हेर्नुपरेन। मुलरले क्लबबाट सन्न्यास लिने सही समय आएको बताएका छन्। 'फुटबलमा यस्ता खेलहरू सिक्काको दुई पाटाजस्तै हुन्छ। कहिले तपाईं त कहिले प्रतिद्वन्द्वी। आज हामी हाऱ्यौं,' उनले भने, 'यसमा च्याम्पियन हुँदा थप राम्रो हुने थियो।' मुलरले बायर्नका लागि सबैभन्दा धेरै खेल खेलेका छन्। बायर्नले आफ्नो असाध्यै राम्रो खेलाडीसँग गत अप्रिलमा सम्झौता नवीकरण नगर्ने निर्णय गरेको थियो। यससँगै उनको यात्रा लगभग फिफा क्लब विश्वकपसम्म मात्र रह्यो।

एक युगको समाप्त

बायर्न म्युनिखबाट अन्तिम खेलमा सहभागी भएसँगै जर्मन फुटबलमा एक युगको समाप्त भएको जनाइएको छ। उनीसँगै बायर्नबाट खेलेका धेरै खेलाडीले मुलरजतिको खेलाडी पाउन मुस्किल पर्ने दाबी गरेका छन्। 'मुलर हाम्रो पुस्ताले पाएका खेलाडीमध्ये उत्तम हुन्,' टोनी क्रुजले भने, 'एट्याकिङदेखि फिनिसिङसम्म उनले सहजै विपक्षीलाई झुक्याउँथे।' यसैगरी, मुलरले पनि २५ वर्षको यात्रामा धेरै उतारचढावको सामना गरेको बताएका छन्। 'साढे दुई दशकको यात्रामा बायर्नमा राम्रा र नराम्रो समय सामना गरेको छु,' उनले भने, 'केही जित अझै पनि ताजा छन्।'

अमेरिकन क्लबमा ध्यान

जर्मन क्लबसँगको यात्रा टुंग्याए पनि मुलरले आफ्नो फुटबल यात्रालाई भने निरन्तरता दिने भएका छन्। केही समयको आरामपछि भविष्यतर्फ लाग्ने उनले बताएका छन्। 'अहिले मेरो मनमा बायर्न म्युनिख नै रहेको छ, यसबाट पहिला बाहिर आउनुपर्छ,' उनले भने। अमेरिकन एजेन्सीहरूले मुलर मेजर लिग सकरमा आबद्ध हुने चर्चा चलाएका छन्।

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा

बसन्त राज कुँवर
रिह्याब स्पेसलिष्ट

पुजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट





यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com